✓ ৫.৮- ২৭৫,

[illegible]

नं. ४८८६

श्री:

३१५

ी विष्णुसहस्र नाम

(

[पद्यमय]

सर्वाधिकार सुरक्षित

—लेखक तथा प्रकाशक
अध्यापना गर्ने पं. क. हेमन्तराम भट्टराइ
नक्साल, नाग पोखरी,
नेपाल ।

वार १०००
मिति २०१८

गरे
वि
वत
ज्व

वंश
वि
दिन
सँर
रान
कले
परि
अध्
भिन्न
क्षेत्र
विष
ानि
विष्
सीम

नं. ४८८६६
२७८६

श्री:

श्री विष्णुसहस्र नाम स्तोत्रम्

उपोद्घात

श्री मन्महा भारतान्तर्गत विष्णुसहस्र नामको गुणको बयान गरेर साध्य छैन । कुनै उपायले साध्य नभएको ज्वरहोस सही विष्णुसहस्र नामपाठले निको नहोला भन्नु पर्दैन चक्र दत्तमा मूलमानै बताएकोछ विष्णुसहस्र मूर्द्धानं, चराचर पतिंविभुं स्तुवन्नाम सहस्रेण ज्वरां सर्वां व्यपोहति.........इत्यादि

मेरो उमेर ५ वर्षको थियो पिताजी स्वर्गीय ज्योतिषी पुरोहित वंशप्रसाद भट्टराइले रामगीता पढाई बाचकको अभ्यासको निमित्त श्री विष्णुसहस्र नाम पाठ गराउने अभ्यास बसालि दिनु भएको थियो। दिनहुं पाठ गर्ने अभ्यास र श्रद्धा बढ्दै गएको थियो। पिताजीसित संस्कृत पढ्दै घरमा आएका विद्यार्थीलाई घोकाउँदै गर्द थिएँ। पछि रानीपोखरी पाठशालामा सिद्धान्त कौमुदी समग्र गरी काशीकुयिन्स् कलेजमा मध्यमा पास भएर मेरो दाई स्वर्गीय दरवार स्कूलका माष्टर पण्डित गोपाल भट्टराई सित अंग्रेजी पढी कलकत्ता यामिनी भूषण अष्टाङ्ग आयुर्वेद कलेज र आरोग्य शालाबाट एल्, ए, एम, एस्, भिषग्रत्न आयुर्वेदोपाध्याय पास गरेर १९९१ साल देखि चिकित्सा-क्षेत्रमा अगादि बढ्दै थिएँ। आपनो आवाल कालको वासना स्वरूप विष्णुसहस्र नाममा प्रेम छँदा व्यावहारिक नानातरहकाझमेलामा रहँदा पनि विष्णुसहस्र नामका दृढ सद्भक्तहरूमा यो समासार्थ सहित श्री विष्णुसहस्र नाम उपस्थित गराउन लेख्न साहस आएकोले हर्षका सीमाना भएन रोमाञ्चका कण कणका साथ साथै अञ्चित भै म कवि

राजि वृत्तिको भएपनि छोट्करी समयमा यो जावो मन्द बुद्धि कणले यत्रो ठूलो कार्य भार असंभारमा कलं उठाउनु श्री विष्णु भगवाकन करूणा देखि वाहेक अरू केहि व्हैन उहाँकै करूणाले लेखेको उहाँलाई सश्रद्ध समर्पण गर्दछु। यी लेखहरू स्वतः लेखी आफैले सशोधन गरेको हुं। म पण्डित र त्यस्तो भक्त पनि व्हैन तापनि "क्वाऽहं मन्दमतिः क्वेद मन्थनं क्षीरवारिधेः किं तत्रपरमाणुर्वै यत्र मज्जति मन्दरः" ॥ १ ॥ भन्ने उक्तिझैं कक्षा कक्षामा पराकाष्ठामा पुगेको यो विष्णु सहस्र नामको तत्वार्थ बुझी म के शुद्ध गर्न सकूँला केवल "त्वदीयंवस्तु गोविन्द ! तुभ्यमेव समर्पितम्" भन्ने उक्ति चरितार्थ गर्न अग्रेसर भएको हुँ यो विष्णुसहस्र नाम श्री विष्णुका सद्भक्तहरूका परंपरा सवन्धले सर्वत्र प्रचार हुन गएमा "दासस्य दासस्य च दासदासः" भने झैं श्री विष्णु भगवांको पाउको एक पाद रजः कणको पूरा सेवक रहेछु भन्ने संझने सुयोग पर्न आउने थियो।

अघटितंघटयं घटनापटु र्घट यतिस्म हरिर्घट यिष्यति ॥
घनघटाविघटी घटयत्प्रभा घटयतु प्रतिभाऽप्रतिमच्छटा ॥१॥

विनीत लेखकः—
हेमन्तराम

नामानि कीर्त्तयंविष्णोः श्री महेन्द्रचिरायुषः ॥
सभक्तिको भृतश्रद्धः कामयेऽह दिवानिशम् ॥ १ ॥

—लेखक

भूतपूर्व श्री ५ को सरकार आयुर्वेदीय औषधालय
काठमाडौं हस्पिटलको असिस्टेन्ट सुपरिन्टेन्डेन्ट कविराज
सिंहदर्बार वैद्यखाना तयारी फाँटको हाकिम कविराज
वर्त्तमान आयुर्वेद विद्यालय नरदेवीको
पण्डित कविराज हेमन्तराम भट्टराई
एल्० ए० एम्० एस्० भिषगरत्न
आयुर्वेदोपाध्याय
(कलकत्ता अष्टाङ्ग आयुर्वेद कलेज हस्पिटल)

समर्पण

प्रियराष्ट्र र पुत्र सरह प्रजाका लागी युग परिवर्त्तन गराएर प्रजातन्त्र संरक्षण गरि वकसी प्रजाको सुख समृद्धिका लागी निरन्तर लवलोन भैलागिवक्सने, धर्म्म धुरन्धर श्री ५ महाराजाधिराज सरकार महेन्द्र वीर विक्रम शाह र श्री ५ बडामहारानी रत्न राज्य लक्ष्मी देवीको पैतृकक्रुपादृष्टि जलले आर्द्रता पाउने, भिक्षुकको हृदय पटमा चित्रित भएर श्लोकको रूपमा प्रकाशित भएको यो विष्णु सहस्र नाम कल्पान्त सम्म प्रचार र प्रसार होस भनी श्री विष्णुमा प्रार्थना गर्दछु ।

लेखकः— हेमन्तराम भट्टराई

सम्मतिः

श्रीमान् हेमन्तराम कविराजजिले प्रभूत परिश्रम पूर्वक भक्तिरस प्रवाहित विष्णुसहस्रनामको अभूत पूर्व नाम निर्वाचन गर्नु भएको मैले हेरें जसले अज्ञान मनुष्यलाई मात्र आनन्द दिने होइन कि विद्वन्द् बृन्दलाई पनि शिरोधूनन पूर्वक भक्ति रसमा प्रवाहित गराउँदछ वहाँको यो परिश्रमको जति बयान गरे पनि थोरै हुन्छ म यहि भन्दछु यसको श्रेय प्रदान गर्न भगवान विष्णुले दिनु हुनेछ ।

बिद्वन्द्वृन्दवशम्वद गो० द० वा० कविराज शिवनाथ

मिति २००६ । ६ । २१ । १

रम्यं विष्णुसहस्र नाम विदितं विद्वद्भिरूद्भासयन्
भाषाश्लोकसहस्रतः पुनरयं हेमन्तरामः कविः ॥
मोदायास्तु समस्तपुस्तकजुषां भाषाकवीनामपि
श्लोको च्चारण चातुरी गुणजुषां देशे विदेशे नृणाम् ॥२॥

राम्रो विष्णुसहस्र नाम जनले जानी रहेका थिए
झन् हेमन्तजीले गरेर कविता राम्रो बनाई दिए ॥
यौटा श्लोक छ एक नाम गुनने जानी नजानो जुन
गर्दा पाठ उ बोधले छ भरिने सक्नेछ संझाउन ॥ २ ॥

सम्मन्ता—

योगी नरहरिनाथः
नरदेवी औषधालय

२०१७ | ११ | २५

श्रीः

शंख, चक्र, गदा, पद्मविभ्राजद्भु जपद्मकम् ।
पीताम्बर भ्राजमान श्री विष्णु सुमनोहरम् ॥ १ ॥
श्रीवत्सविलसद्वक्षोहारकौस्तुभ—भास्वरम् ॥
प्रणामामि विश्व शान्त्यै समेषां शान्ति दायकम् ॥२॥

श्रीः

कृत्वाऽकृत्य परिस्थितेः परिणतिं प्रत्यक्त मालोचयन् ।
लोकोपकृति युक्तिमेव गुणिभिःसभ्यैः सदान्वेषयन् ॥
स्वाचारात्सुकृतं जनेषुविविधं सम्वर्द्धितुं वोधयन् ।
जीव्याच्छ्रीनयपालराष्ट्रकपतिर्धीमान् महेन्द्रोनृपः ॥

शुद्धिपत्रम्

मुद्राकरदोषान्मम दृष्टिशक्ते रपटुतया च वन्ह्यो वर्णा शुद्धयोजाता: तच्छुद्धिपत्रमिहप्रदीयते

पृष्टे	श्लोके	अशुद्धं	शुद्धम्
१	१	मायिक	मायिका
३	५	भाग्नु	भोग्नु
३	६	सर्यका	सूर्यका
१४	५५	विर्वृत्ति	निर्वृत्तिसुखयो
२१	६८	अप्रमेयात्मा	अमेयात्मा
२४	१३५	भन्न	भन्ने
२८	१४०	जगदादिञ्ज	जगदादिज
२८	१४१	सहिष्ण	सहिष्णु
२८	१४२	अनय	अनघ
२६	१४६	प्राशु	प्रांशु
३२	१६३	माधन	माधव
३२	१६४	समुभ्दोव	समुद्भाव
३३	१७७	अप्रमेयात्मा	अमेयात्मा
३५	१८७	वक्सिम्दामा	वक्सिदामा
३६	१६१	हुं	हुन्
३७	१६७	सर्वेहक्	सर्वहक
४०	२१५	स्वरुप	स्वरुप्
४०	२१६	वातस्पति	वाचस्पति
४१	२३२	अहा संवर्त्तक	अह: संवर्तक
४१	२३४	गर्मछ	गरिम्छ
४२	२३६	शुनै	वनै

आ

पृष्टे	श्लोके	अशुद्धं	शुद्धम्
४४	२५३	सिद्धिद्	सिद्धिदः
४५	२५५	हुन्	हुन
४७	२६८	अन्तरीक्षमा	अन्तरिक्षमा
४६	२८३	शशविन्तु	शशविन्दु
५०	२८६	पउत्र	पवित्र
५३	३०३	व्बक्त	व्यक्त
५४	३११	कामदा	कामना
५६	३२१	ऋसि	ऋषि
५७	३२८	धुय	धुर्यं
५७	३३२	महान	महान्
६०	३४८	शरीरमृत	शरीरभृत्
६१	३५२	दरुतां	देरुता
६४	३७४	इस्यादि	इत्यादि
६६	३८७	ध्रव	ध्रुव
७१	४१३	अषाक्षज	अधोक्षज
७१	४१५	हँ	हुन्
७४	४३४	मत्र	नेत्र
७५	४४८	क्रतुः	क्रतु
७७	४५५	सक्ष्मः	सूक्ष्मः
७७	४५७	गदिने	गर्दिने
७७	४६०	जलने	जल्ले
८०	४७६	हुनुहुन्छ	हुनुन्छ
८१	४८४	गभस्तितेमिः	गभस्तिनेमिः

पृष्टे	श्लोके	अशुद्धं	शुद्धम्
८४	५०१	न	नै
८६	५१४	आस्मा	आत्मा
८७	५२४	आनञ्द	आनन्द
८८	५३१	सुखुप्ति	सुषुप्ति
८९	५३८	रहस्यके	रहस्यको
९२	५५६	आनन्ही	आनन्दी
१००	६१३	छुट्याइन्छ	छुट्ट्याइन्छ
१००	६१३	सव	सव्
१०१	६२२	असीश	अनीश
१०४	६४०	वाम	नाम
११०	६८०	नसेता	स्तोता
१११	६८७	छु	छ
११२	६९१	कृष्णका	कंसका
११२	६९२	सकसी	वक्सी
११७	७२३	यज्ञ	सव
११८	७३२	प्रहाद	प्रल्हाद
११८	७३४	नान	नाम
१२२	७५८	गनु	गर्नु
१२५	७८४	उवा	उहा
१२८	८०१	यसेले	यसैले
१२८	८०४	क्षुन्दर	कुन्दर
१२८	७९९	महाहद	महान्हद
१२९	८०५	हरको	हरिको

पृष्ठे	श्लोके	अशुद्धं	शुद्धम्
१३१	८२६	एकद्वा	एकादि
१३४	८३७	हरितमा	हरि नाम
१३६	८५५	मुरूवाट	गुरूवाट
१३७	८६५	चित्तमा	चित्तमा
१३९	८७४	स्वयकाश	स्वयंप्रकाश
१४१	८८९	छन	छैन
१४६	९२१	दुष्कृतिह	दुष्कृतिहा
१५०	९५२	सत्यथाचार	सत्पथा चार
१५०	९५४	प्रयञ्चम	प्रपञ्चमा
१५१	९५९	मर्नु	गर्नु
१५२	९६३	रठनु	रहनु
१५६	९९४	त्य	त्यो

नं. ४८८६

ॐ

परमात्मने नमः

विष्णुसहस्रनाम

प्रकृत चालको प्राकृतिं चलां प्रकृतयन्निजे पौरुषेऽचलम् ॥
सृजतिमायिक द्वीजतोऽखिल हरिरुदेतुनःशङ्करोऽखिलम् ॥
इयमहो ? जगती खलु पुत्रिका तवयथेप्सितमेव बिचेष्ठते ॥
इय नुगुणं कटुवाल प्रभाषितं श्रुतिसुखाय भवेत्परमात्मनः॥

अन्थोद्गार :

श्रीमन् ? हुनुहुन्छ प्रभु सुन्दर रामरुप ।
वःहेक कान्त अरुलाई भजूँ म नित्य ॥
आदर्शरुप नरहुँलिई भावचित्र ।
राम.बतार लिनुभो हरिले पवित्र ॥ १ ॥

यो विश्वमानय इमान लिएर धर्म ।
हिंड्दा हुने सव जनाउन शर्मकर्म ॥
श्रीविष्णुको हुनगयो अवतारुप ।
श्रीकृष्णको जगतमा कमनीयरुप ॥ २ ॥

सानोभई जगतमा हितका निमित्त ।
माग्नेहुनू भनि जनाउनका निमित्त ॥
श्रीवामन स्वरुपझी भई द्वारपाल ।
राज्गर्नुभो भगतको दृढ़ भक्तिचाल ॥ ३ ॥

यस्तै थरी थरी लिई दुनियाँ निमित्त।
कैयौं लि बक्सनु भयो अवतार रूप ॥
त्यसबाट सच्चरितको उपदेश रूप।
पाई हवौं सगुणको शुभ सच्चरित्र ॥ ४ ॥

चौतर्फ यो जगतमा अधिका पुराना।
देखिन्छ मन्दिर र आसनखाटनाना ॥
देखिन्न भित्र अनि वाहिर पाउँ नाथ।
वेहोस यो हुन गएँ लुकिवक्सि साथ ॥ ५ ॥

चौतर्फ यो जगतका हितका निमित्त।
सुन्छौं सुदृष्टि प्रभुको छ भनेर नित्य ॥
यस्तो भए प्रभु लुकी रहनु नपर्ने।
राम्रो भए पनि मनासिव नै नपर्ने ॥ ६ ॥

हज्जार नै किरणले उजियालिएको।
ए होनि ? सूर्य प्रभुलाई न देखिएको ॥
आँखा खराव हुनदा निजका स्वदोष।
नाऊँ यथार्थ कहिने छ दिवान्धखास ॥ ७ ॥

अज्ञानाऽन्धकार तिमिरान्धस्य
लेखकस्य हेमन्तराम शर्मण

वैशम्पायन जनमेजयलाई भन्नुहुन्छः—

पापनाश हुने धर्म सुन्नुभो धर्मपुत्रले ।
शन्तनुका पुत्रलाई भन्नुभो प्रश्नभावले ॥ १ ॥

युधिष्ठिर भन्नुहुन्छः—

एकनै कुन हो देव पाउने कुन स्थान हो ।
कुन देव पूजन गरे पाइने शुभ मार्ग हो ॥ २ ॥

सकल धर्ममा मुख्य कुन प्यारो हजूरको ॥
कुन जपे मुक्तहुन्छ जन्म संसार देखि त्यो ॥ ३ ॥

जगत्का मालिक हरिलाई नाम सहस्रले ॥
स्तुति गरे दुःख भोग्नु पर्दैन पूर्ण रूपले ॥ ४ ॥

जन्म आदि नभएका लोकका पति बिष्णुको ॥
स्तुति गरे मानिसले पर्दैन दुःख भोग्नु त्यो ॥ ५ ॥

ब्रह्माजीको हित धर्म जानेर नाम कीर्तको ॥
बढाउने स्तोत्र पर्दैन दुःख भोग्नु त्यो ॥ ६ ॥

सबै धर्ममा छ कर्म विधिको रूप खूब हो ॥
जसमा भक्तिले विष्णु स्तुति पूजा बताइयो ॥ ७ ॥

विनाश नहुँने नित्य प्रभुको पूजना स्तुति ॥
प्रणाम ध्यान गर्नेले भोग्नु पर्दैन दुःख ती ॥ ८ ॥

आज्ञा गर्छ सबैलाई सर्यका भित्र जो छ यो ॥
ठूलो यो ब्रह्म वस्तुछ सबैको मुख्य स्थान हो ॥ ९ ॥

लोकमा मुख्य बिष्णुको हजारौं नाम यी सब ॥
सुन राजन् ? पाप डरको नाश गर्नेछ यो अब ॥ १० ॥

चलेका गुणले जो हुन्छ प्रसिद्ध विष्णु नाममा ॥
गाएका मुनिले नै ती भन्नेछु सिद्धि निम्तिमा ॥ ११ ॥

पबित्रमा जो पवित्र शुभमा अति मङ्गल ॥
अबिनाशी देब देव जनक प्रभु निश्चल ॥ १२ ॥

१

विश्वः

हो विश्वको कारण बिश्वनाम ।
अभिन्न भै ब्रह्म र विश्वनाम ॥
कालान्तमा विश्व प्रबेश चिन्ह ।
भयो प्रभूको अव विश्वनाम ॥ १ ॥

२

बिष्णुः

समस्तु वस्तु र प्रदेश कालको ।
नछन् परिच्छेद भयो र विष्णुको ॥
जो देख्दछौं केहि र सुन्दछौं उनै ।
अन्तर्बहिर्व्यापकईश बिष्णु नै ॥ २ ॥

३

वषट्कार

जस्को लिई अध्वरमा भनिन्छ ।
वषट्ट भनी वेद वषट्ट क्रिया छ ॥
प्रजापति रुप स्वरुप विष्णुको ।
मन्त्रात्मले प्रीणन गर्छ त्यो निको ॥ ३ ॥

४

भूतभव्य भवत्प्रभुः

त्रिकालको भेद नली रहेर ।
ऐश्वर्यको त्यो प्रतियोग घेर ॥
प्रभुत्व जस्मा जुटदो जगत्प्रभु ।
ती भूतभव्य प्रभु हुन् जगत्प्रभु; ॥ ४ ॥

५

भूतकृत्

लिई बिरिञ्चि रूपले रजोगुण ।
यी भूतका गर्नु हुनेछ सिर्जन ॥
लिएर रुद्रात्मकले तमोगुण ।
यी भूतका गर्नु हुनेछ कृन्तन ॥ ५ ॥

६

भूतभृत्:

गरी अधिष्ठान सुसत्व वृत्तिको ।
यी भूतका पालनपोषणादिको ॥
हजूरको त्यो शुभनाम भूतभृद् ।
रह्यौं र भन्छौं शुभनाम भूतभृद् ॥ ६ ॥

७

भाव:

प्रपञ्चको रूप हुँदा र भाव ।
खालि प्रभु मात्र हुँदा छ भाव ॥
सत्तात्मले भाव रह्यो प्रभुको ॥
यो नाम सम्झुँ दिनहुँ अवश्य ॥ ७ ॥

८

भूतात्मा

समस्त भूतान्तर आत्मरुप ।
भूतात्मनामा प्रभुनै हुनुहुन्छ !

९

भूतभावन:

यी भूतका जन्मदिने वढ़ाउन ।
श्री विष्णुको नाम छ भूतभावन ॥ ८ ॥

१०

पूतात्मा:

भूतकृदादिहरू नाम भैकन ।
गुणात्तको दोष हटाउनाकन ॥
पूतात्म राखि प्रतिषेध राखन ।
पूतात्मनामा प्रभुको छ वन्दन ॥ ९ ॥

११

परमात्मा

जो श्रेष्ठ आत्मा परमात्म नाम ।
यो कार्यको कारणको छ भिन्न ॥
सन्नित्य वुद्ध प्रति मुक्तरुप ।
छ ईश उन्को परमात्म नाम ॥१०॥

१२

मुक्तानाम् परमागति

जो मुक्त छन् सवै उन्का र पुनर्जन्मका गति ॥
प्रभुनै भइबक्सिन्छ मुक्तानां परमा गति ॥११॥

१३

अव्ययः

जस्को नाश या विकार नभई वेदले भने ॥
जो अव्यय छ प्रभुको नाम हो अमरै हुने ॥ १२ ॥

१४

पुरुष

पुरमा सुकला हुने,अघि, नै भै यसमा उनै पनि ॥
अथवा सब सत्वमास्थित, पुरुषाऽऽख्य प्रभुको भजूँ हित १३

१५

साक्षी

कुनै नभै लीव्यवधान साधन ।
स्वरूपको ज्ञान भई छ दर्शन ॥
स्वयं प्रभु साक्षिक कर्म्म साक्षी ।
भै बक्सने नाम यही छ साक्षी ॥ १४ ॥

१६

क्षेत्रज्ञः

क्षेत्र अर्थात् शरीरैको अदृष्ट कर्म्मवीज हो ॥
भोगात्माले जानिने यो क्षेत्रज्ञ प्रभु नाम हो ॥१५॥

१७

अक्षरः

क्षर अर्थात् क्षीण नभै प्रभुको नाम अक्षर ॥
यिनै अक्षरको याद गर्व पाऊँ सरासर ॥ १६ ॥

१८

योगः

मनको साथको सारा ज्ञानेन्द्रिय निरोधन ॥
क्षेत्रज्ञ परमात्माको योग हो एक भावन ॥ १७ ॥

१९

योगविदांनेता

जो योग बुझ्छन् अथवा विचार्छन् ।
भई रहन्छन् सबका प्रणेता ॥
गीतोक्ति झैं योग र क्षेमनित्य ।
वहाउने योगविदां सुनेता ॥ १८ ॥

२०

प्रधान पुरुषेश्वर

प्रधान अर्थात् प्रकृति या पुरुष ईश्वरः ॥
दुइको ईश्वर प्रभु प्रधान पुरुषेश्वर ॥ १९ ॥

२१

नारसिंहवपु

जसमा नरको र सिंहको ।
कर, वक्रादि सबै छ देखिने ॥
अवि लक्षणको शरीर छन् ।
हुन पाउँ नरसिंह सम्झिने ॥ २० ॥

२२

श्रीमान

सर्वदा छातिमा जस्कोश्रीराजहेइबक्सने ॥
उही श्रीमान् प्रभुको हुँ पाउमा शरणै हुने ॥ २१ ॥

२३

केशव

जसका चारु छ चूर्ण कुन्तल ।
ब्रह्माविष्णु अधीन छन् शिव ॥
केशीको वध गरिबक्सिदा छ ख्यात ।
हे विष्णो ? प्रभुवर केशवाभिधान ?॥ २२ ॥

२४

पुरुषोत्तम

पुरुषहरुमा श्रेष्ठ क्षर अक्षर उत्तम ॥
लोकवेद दुवै भन्छन् प्रभुनै पुरुषोत्तम ॥ २३ ॥

२५

सर्वः

असत् र सत्सवका उत्पत्तिलय स्थानका ॥
सधैं जान्ने सवैलाई प्रभुनै सर्व नामका ॥ २४ ॥

२६

शर्व

सव प्रजाकालयमा संहार गरि बक्सने ॥
प्रभुको नामको शर्व महूँ यो जप्न पाउने ॥२५ ॥

२७

शिव

गुणत्रयैले रहित शुद्ध धर्म हूँदा शिव ॥
शिवादिका भेद नभै जानिने प्रभुनै शिव ॥ २६ ॥

२८

स्थाणुः

चराचर जगतमा स्थिरमा प्रभु एकक ।।
स्थिरत्त्व भइबक्सिन्छ स्थाणु नै प्रभु नामक ॥२७॥

२९

भूतादि

पृथ्वी आदि पञ्चभूतहरूको आदि कारण ।।
प्रभुनै गरिबक्सिन्छ भूतादि नाम धारण ।। २८ ।।

३०

निधि. अव्यय:

महा प्रलयमा सर्व निधान प्रभुनै हुने ।।
विनाश नहुने खानि,प्रभुनै निधि अव्यय ॥ २९ ॥

३१

सम्भव:

आफ्ना इच्छा माफिकमा धर्म स्थापन खातिर ।।
गर्भवास दुःख नभै उत्पन्न प्रभु सम्भव ॥ ३० ।

३२

भावन:

भोग गर्ने सकलको हजारौं सुखसाधन ॥
भावन नाम प्रभुको भावना गर्छु तन्मन ॥ ३१ ॥

३३

भर्त्ता

प्रपञ्चको धारण र भरण गरिबक्सिदा ।।
भर्त्ता प्रभुको नाम रह्यो यही पाउँ भजूँसदा ।। ३२

३४

प्रभवः

प्रभु देखि महाभूत प्रकार सब सिर्जन, ॥
छ जन्म जसको ठूलो प्रभव गर्नु कीर्त्तन ॥ ३३ ॥

३५

प्रभुः

सबै क्रियामा प्रभुको सामर्थ्य अधिकै भई ॥
प्रभु यो नाम हुनगो भज्न पाउँ सधैंभरी ॥ ३४ ॥

३६

ईश्वर

उपधिशून्य भगवद् ऐश्वर्य छ जगत्भर ॥
सर्वेश्वर भनिभन्छ वेद हे प्रभु ईश्वरः ॥ ३५ ॥

३७

स्वयम्भू :

स्वयम् भै व्रक्सेन फेरि कक्षामा सब माथिका, ॥
परमात्मा स्वयम्भूका होउँ तल्लीन पाउका ॥ ३६ ॥

३८

शम्भुः

भक्तका निम्ति सुखका भावना को छ उद्भव ॥
यसैले प्रभुको नाम शम्भुयाद गरूँ अब ॥ ३७ ॥

३९

आदित्य

आदित्य मण्ड़लान्तस्थ पुरुष स्वर्ण रूपका, ॥
वाह्न आदित्यमा विष्णुभजूँ आदित्य रूपका ॥३८॥

४०

पुष्कराक्षः

जस्को नजर् कमलको उपमा युक्त यो हुँदा ॥
भगवान्को पुष्कराक्ष नाम यो म भजूँ सदा ॥ ३९ ॥

४१

महास्वन

वेदरूप अतिमहाँ स्वर या घोष कारण ॥
महास्वन प्रभु हुँदा म गरूँ नित्य घोषण ॥ ४० ॥

४२

अनादि निधनः

जुन प्रभुको आदि जन्म निधन नाश् नभैकन ॥
भन्छन् अनादि निधन गरूँ यो नाम कीर्त्तन ॥४१॥

४३

धाता

अनन्तको शेषनाग आदिको रूप भै कन ॥
विश्व धारण गर्ने यो धाता नाम छ चिन्तन ॥ ४२ ॥

४४

विधाता

कर्म्म र अरू उसका फलका रचना गरी ॥
रह्यो नाम विधाता नै भज्न पाऊँ सधैं भरी ॥ ४३ ॥

४५

धातुरूत्तमः

अनन्त आदिहरूलाई धारण ।
गरि रहिबक्सिन धातुरूत्तम, ॥
चिद्धातु पृथ्वी प्रभृति समस्तको ।
ब्रह्मादि देखि हुनुहुन्छ श्रेष्ठको ॥ ४४॥

४६

अप्रमेयः

अनेकौं प्रमाणहरू प्रमाण जति शास्त्र छन् ॥
यिनले नै न बुझिन्छ अप्रमेय श्री बिष्णु हुन् ॥ ४५ ॥

४७

ऋषीकेशः

इन्द्रियहरूका स्वामी, इन्द्रिय जसका वश; ॥
प्रीति दिने रश्मि जसका, हृषीकेश हउन् खुस ॥४६॥

४८

पद्मनाभ

जसको नाभिमा विश्व का भई हेतु रूपको ॥
पद्म रही पद्मरुप हरिकै नाम हो निको ॥ ४७ ॥

४९

अमर प्रभुः

तेत्तीस कोटिका देवहरूका प्रभु भास्वर ॥
भइबक्सिन्छ भगवान् अमर प्रभु ईश्वर ॥ ४८ ॥

५०

विश्वकर्मा

विश्व जस्को क्रिया नै छ, अनौठा विश्व नै हुँदा ॥
बिश्वकर्मा प्रभुको यो विश्वकर्मा छ नाममा ॥ ४९ ॥

५१

मनुः

मन्त्र बा प्रजापतिको रूपले भगवान् मनु, ॥
मनन गरि बक्सेर भगवान् मनु जाननु ॥ ५० ॥

५२

त्वष्टा

संहारको समयमा प्राणी क्षीण गराउने ॥
रह्यो त्वष्ठा नाम हरे ? म यो हूँ भक्त सम्झने ॥ ५

५३

स्थविष्ठः

सब भन्दा हुँदा ठूलो स्थविष्ठ हरिनाम हो ॥

५४

स्थविरध्रुवः

वूढ़ा पुराना स्थिर भै स्थविर ध्रुव नाम हो ॥

५५

अग्राह्य

भेट्टाउन प्रभुलाई वाणीकर्म्मेन्द्रियादिले ॥
न सकिन्छ मनदिई आग्राह्म प्रभु नामले ॥ ५२ ॥

५६

शाश्वतः

सबकाल प्रभु हुने "शाश्वतं शिवमच्चुतम्" ॥
यो वेदले कहेको छ होइबक्सिन्छ शाश्वत ॥ ५४ ॥

५७

कृष्ण

सत्तावाचक कृष् सुशब्दको ।
निर्वृत्ति सुखयोगकारको ॥
यी दुवै प्रभु विष्णुमा हुँदामा ।
श्री कृष्ण प्रभु नै चिदात्मनामा ॥ ५५ ॥

५८

लोहिताक्ष

प्रभो ? लाल नजर भै लोहिताक्ष सुनामको ॥

५६

प्रतर्दन

प्रलयकालमा प्राणीका गरिकन तर्दना ॥
प्रतर्दन हरि भन्छौं नामको गर्नु सम्झना ॥ ५६ ॥

६०

प्रभूतः

ज्ञान, ऐश्वर्य आदिको गुण सम्पन्न भैकन ॥
प्रभूत भगवान् नाम भन्दछौं भक्ति तन्मन ॥ ५७ ॥

६१

त्रिककुब्धाम

माथि मनिबीच दिशाका धाम भगवान् भई ॥
त्रिककुब्धाम प्रभुको भन्दछौं नाम चित्तदी ॥ ५८ ॥

६२

पवित्रम्

जसले पवित्र हुन्छ पवित्र गरिबक्सने ॥
जो छ उँही हरिनाम पवित्र छ सुहाउने ॥ ५६ ॥

६३

मङ्गलम् परम

सम्झनाले अशुभको हटाई शुभको निको ॥
फैलाउने लोक माहाँ परमंगल हो निको ॥ ६० ॥

६४

ईशान

प्राणीहरू सकलमा नियम राख्ने भई ॥
ईसान भगवान्नाम म गरूँ सम्झना यही ॥ ६१ ॥

६५

प्राणदः

प्राणदान,प्राणखण्ड,प्राणको दीप्त,शोधन, ॥
गरिबक्सिन्छ प्रभुले राखेर नाम प्राणद ॥ ६२ ॥

६६

प्राण

प्राणीले श्वासफेर्न अथवा श्वासको लिन ॥
भनिन्छ प्रभुको नाम प्राणका प्राणनै हुन ॥ ६३ ॥

६७

ज्येष्ठ ६८ श्रेष्ठ

ज्यादा वृद्ध हुँदा सर्व कारणत्व हुँदा पनि ॥
सबैमा उत्तम हुँदा ज्येष्ठ श्रेष्ठ प्रभू पनि ॥ ६४ ॥

६९

प्रजाका पतिः

ईश्वरत्व गुणलिई प्रजाका सबका पति ॥
भनिन्छ प्रभुको नाम प्रभु नै हो प्रजापति ॥ ६५ ॥

७०

हिरण्यगर्भ

हिरण्यगर्भ ब्रह्माका तदात्मक हुँदा वि प्रभु ॥
हिरण्य गर्भ स्रो नाम भज्दछौं हे जगत्प्रभु ॥ ६६ ॥

७१

भूगर्भ

गर्भमा जसको भूछ भूगर्भ प्रभु नामक ॥ ६७ ॥

७२

माधव

मायाको मालिक हुँदा प्रभु माधव नाम छ ।
मौन र ध्यानका योग साक्षात्कार हुने भई ॥
रहेको प्रभुको नाम माधव प्रभु नै भई ॥ ६८ ॥

७३

मधुसूदन

कानेगूजीबाट पैदा भएको मधु दैत्यको ॥
मार्दा मधु सूदन भो प्रभुको नाम यो निको ॥ ६९ ॥

७४

ईश्वर

सवै भन्दा ताकत भै प्रभुको नाम ईश्वर ॥ ७० ॥

७५

बिक्रमी

शूरवीर गुण भई प्रभुको नाम विक्रमी ॥ ७१ ॥

७६

धवनी

हातमा धनु भई धन्वी नाम छ खास यो ॥ ७२ ॥

७७

मेधावी

कैयौं ग्रन्थ धारणाले मेधावी प्रभु नाम हो ॥ ७३ ॥

७८

विक्रम

वि अर्थात् गरुड द्वारा हिंडने प्रभु त्रिक्रम ॥
जगद् जस्ले बनाए छ त्यसैले पनि, विक्रम ॥ ७४

७९

क्रम

नाघने दौडने काम गर्दामा प्रभुनै क्रम ॥ ७५

८०

अनुत्तम

जसदेखि श्रेष्ठ कोही छैन प्रभु अनुत्तम ॥ ७६

८१

दुराधर्ष

दैत्यादिले नदबिने दुराधर्ष नमोनमः ॥ ७७

८२

कृतज्ञ

प्राणीहरूले गरिने पाप सुकृत कर्म्मको ॥
जानि बाक्सन्छ आफैनै कृतज्ञ भई खास हो ॥ ७

८३

कृति

क्रियाऽऽधार हुँदा आफै कृति यो प्रभु नामछ ॥

८४

आत्मवान्

आफने महिमा मानै बसेका आत्मवान् प्रभो ।

सुरेश

८५

देवताहरूका ईश सुरेश अथवा शुभ
दिने ईश प्रभु हुँदा सुरेश प्रभु नाम हो ॥ ८१ ॥

शरण

८६

दुःखीका दुःख दूर गर्ने शरण हो प्रभो ? ॥ ८२ ॥

८७

शर्म

परमानन्दको रूप हुनाले शर्म होनिको ॥ ८३ ॥

८८

विश्वरेता

यो विश्वको करणले विश्वरेता छ नाम यो ॥ ८४ ॥

८९

प्रजाभव

जसबाट प्रजा सान्हा पैदा भैयो प्रजा भव ॥ ८५ ॥

९०

अहः

प्रकाशका रूपले नै अहः यो प्रमुख्यात हो ॥ ८६ ॥

९१

संवत्सर

कालस्वरूपरहँदा संवत्सरछ नाम यो ॥ ८७ ॥

९२

व्याल

नपक्‍डिने सर्प जस्ता व्याल यो हरिनाम हो ॥ ८८

९३

प्रत्ययः

अज्ञान ब्रह्म यो डक्ति भनि प्रत्यय खास हो ॥ ८९

९४

सर्व दर्शन

विश्वतः चक्षुविश्वात्त भन्ने यो बेद वाक्यले ।

अनेको सर्व रूप सर्व दर्शन खास हो ॥ ९०॥

९५

अजः

जन्मैं नछिवक्सि रही अज यो प्रभु नाम हो ॥ ९१

९६

सर्वेश्वर

समस्तनै ईश्वरका प्रभु ईश्वर नै प्रभु ॥

सर्वेश्वर सर्व भन्छन सर्वेश्वर श्रुति पनि ॥ ९२॥

९७

सिद्ध

नित्य शुद्ध हुनालेनै सिद्ध यो नामख्यात छ ॥ ९३

९८

सिद्धि

समस्त वस्तुका ज्ञान सबको फलरूपले ॥

सिद्धि यो ख्यातनैछ सर्वश्रेष्ठत्व रूपले ॥ ९४ ॥

९९

सर्वादि

सकल भूतहरूका आदि कारण मैं कन ॥
सर्बादि नाम प्रभुको भज्दछौं भूत भै जन ॥ ९५ ॥

१००

अच्युत

आफैं स्वरूप-शक्तिले नचुक्ने तीन कालमा ॥
यही हेतु अच्युत यो नामको पर्छ ख्यालमा ॥ ९६ ॥

प्रथम नाम शतक

१०१

बृषाकपि

वृष अर्थात् धर्मरूप कपि अर्थात् वराहको ॥
हुनाले रूप प्रभुको वृषाकपिछ नाम यो ॥ ९७ ॥

१०२

अप्रमेयात्मा

जस्को स्वरूप यस्तो छ भनी माप्न अशक्य भई ॥
रहन्छौं वही विष्णु अप्रमेयाऽऽत्मा यही जपी ॥९८॥

१०३

सर्वयोगविनिसृतः

" असङ्गः पुरुषो ह्योऽयं " वेदवादबमोजिम ॥
असंबन्ध प्रभु भई सर्ब योग विनिसृत ॥ ९९ ॥

१०४

वसु

भगवान्मा भूतवस्छन्. भूतमा भगवान् स्वयम् ।।
यसैले प्रभुको नाम वसुको नै गरूँ भजन् ॥१०० ॥

१०५

वसुमनाः

वसु अर्थात् श्रेष्ठमन जस्कामत प्रशस्तछम् ।।
उन्कै नाउँ वसुमना रागद्वेषादि हीनछन् ॥ १०१ ॥

१०६

सत्य

सत्य स्वरूप भगवान्, सत् मूर्त्त त्यद् अमूर्त्त भै, ।
मूर्त्ताऽऽमूर्त्त रूप हरि,को नाम सत्य सम्झु यै । १०२

१०७

समात्मा

सम अर्थात् रागादि नभै प्राणीहरू विषे सम ॥
एकात्मा ईश्वर हुँदासमात्मा कहिएछन् ॥ १०३ ॥

१०८

सम्मित असम्मित

सव पदार्थहरूले अपरिमित भैकन, ।।
सम्मित तौलिएका, असम्मित सम्मित उनै ।। १०४

१०९

सम

सधैं विकार नहुँदा, अथवा कमला सँग ।।

विराज मान रहने स्वयविष्णु उनै सम ।। १०५ ।।

११०

अमोघ

स्तुति, पूजा, संझनाले संपूर्ण फलका दिने ।।
अव्यर्थ संकल्प भई अमोघ नाम सम्झने ।। १०६ ।।

१११

पुण्डरीकाक्ष

हृदयस्थ कमलमा सधैं पुग्नेर ढाकिने, ।।
कमलाऽऽकारनयन, पुण्डरीकाक्ष सम्झिने ।। १०७ ।।

११२

वृषकर्मा

धर्म लक्षण कर्मैछ वृषकर्म्मा उनै प्रभु ।। १०८ ।।

११३

वृषाकृति

" धर्मस्थापन निंतिमा छु म हर युग प्रति " ।।
भनी धर्म निंति जस्का नामनै छ वृषाकृति ।। १०९ ।।

११४

रुद्र

रुवाउने नाशगर्दै दुःख, या, दुःख कारण ।।
भगाउने रुद्रउनै, हे रुद्र प्रभुको नमः ।। ११० ।।

११५

बहुशिराः

धेरै शिरभई भन्छौं बहुशिरा प्रभु हुने ।।
सहस्र शीर्षा पुरुषउक्ति यो बेदले भने ।। १११ ।।

११६

वभ्रु

प्रजाका पाल, भरण गर्नाले प्रभु वभ्रु हो ॥ ११२ ॥

११७

विश्वयोनि

यो चौधौं भुवनको तयार गर्न निमित्त ॥
उपादान कारण भै विश्वयोनि छ नाममा ॥ ११३ ॥

११८

शुचिस्रवाः

संझनामा योग्य भई यो नाम छ शुचिस्रवाः ॥ ११४ ॥

११९

अमृत

"अजरोमरः" भन्न यो कहिन्छ श्रुतिवर्णित ॥
भगवांको मृत्यु छैन यसैले नाम अमृत । ११५॥

१२०

शाश्वत स्थाणुः

भैवक्सिछ नित्यस्थिर शाश्वत स्थाणु नामहो ॥११६ ॥

११२

वरारोह

हरिको काख छ श्रेष्ट जसमा चढ्नु उत्तम ।
चढ़े फर्कन्न योनिमा वरारोह सदर्थछ ॥ ११७ ॥

१२२

सर्वग

कारण रूपले व्याप्त भई सर्वत्र जानमा ॥
लाग्ने उनै विष्णु प्रभु गर्छौं सर्वग ख्यालमा ॥ ११८ ॥

१२३

महातपाः

हरिनाम सृष्टि विषय तप भैछ महातपाः ॥
भगवत् प्रताप रूप ऐ-श्वर्यछ महातपाः ॥ ११९ ॥

१२४

सर्वविद् भानुः

हुनाले नै चहकिलो हरिको रूप तेजको ॥
सब दृश्य चहकिला सर्वविद् भानु नामहो ॥ १२० ॥

१२५

विश्वक् सेना

जो तुरुन्त लडाईमा उठन मात्र लागदा ॥
तितर् बितर् दैत्य हुन्छन् विश्व कूसेनछ नामस्रा ॥१२१॥

१२६

जनार्दन

पापीमा दुःखदिने, जोसित भक्त माग्द छन् ॥
मोक्षादि, उनहुँ विष्णु जनार्दन प्रसिद्ध छन् ॥ १२२ ॥

१२७

वेद

वेद रूप भई वेद, ज्ञान प्राप्त गराउँदो ॥

आत्मका भावमा वस्ने वेद हो नाम विष्णुको ॥ १२३

१२८

वेदविद्

वेद, वेदार्थको जान्ने बेदविद् प्रभु नाम हो ॥ १२४।

१२९

अव्यङ्ग

अधूर नभई ज्ञान पूर्ण अव्यङ्ग खास हो ॥ १२५।

१३०

वेदांग

विष्णुको छन् अङ्ग वेद अनिवेदाङ्ग नाम भो ॥ १२६

१३१

बेदविद्

विचारने वेदहरूको वेदविद् नामनै भयो ॥ १२७।

१३२

कवि

देख्ने सवैको प्रभुनै कविनै खास नाम भो ॥ १२८

१३३

लोकाध्यक्ष

लोकाध्यक्ष प्रभु अर्थात् प्रधान रूपले सब ॥
देख्ने लोकहरू कोनै प्रभु हो जगदीश्वर ॥ १२९

१३४

सुराध्यक्ष

लोकपाल प्रभु हुँदा सुराध्यक्ष प्रभो ? नमः ॥ १३०

१३५

धर्माध्यक्ष

अनु रूपफलदिने धर्मको र अधर्मको ॥
धर्माऽधर्म देखि बक्सी धर्माऽध्यक्ष प्रसिद्ध यो १३१ ॥

१३६

कृताकृत

कृतकार्य रूपले छ अकृतहेतु रूपले ॥
कृता कृत नामयोछ कार्य कारण योगले ॥ १३२ ॥

१३७

चतुरात्मा

ब्रह्मा प्रजापति गण काल संपूर्ण जीव यो ॥
बिभूतिहुँ विष्णु प्रभुका चतु रात्मा छ नामको ॥ १३३ ॥

१३८

चतुर्व्यूह

यी चार व्यूहरची वासुदेवादि मूर्त्तिले ॥
सृष्टि गरिबक्सिनाले चतुर्व्यूह छ नामले ॥ १३४ ॥

१३९

चतुर्द्रंष्ट्रा

चार दाह्रा चार श्रृंग श्रृंगको अर्थ वेद हो ॥
चारवेद बताएर चतुर्द्रंष्ट्रा छ सुनाम भो ॥ १३५ ॥

१४०

चतुर्भुज

शङ्ख चक्र गदा पद्म यिनका धारणा गरी ॥
चारवाहु प्रभुका छन् चतुर्भुज छ नामली ॥ १३६ ॥

१४१

भ्राजिष्णु

भई चहकिलो विष्णु भ्राजिष्णु प्रभु नामछ ॥ १३७।

१४२

भोजन

भोज्य रूप प्रकृतिको मायाको नाम भोजन ॥
माया रूप हुनाले नै प्रभुको नाम भोजन ॥ १३८ ॥

१४३

भोक्ता

पुरुष रूपले भोग्ने भोक्ता यो प्रभु नाम छ ॥ १३९ ॥

१४४

जगदादिज

हिरण्य गर्भको रूप जगत्का आदिमा लिई ॥
आफै पैदा हुने यो छ जगदादिज नामली ॥ १४० ॥

१४५

सहिष्णु

भनाई कैञ्यौं सहने सहिष्णु प्रभु नाम छ ॥ १४१

१४६

अनन्य

भगवान्मा पाप छैन अनि अनघ नाम हो ॥ १४२ ॥

१४७

विजय

ज्ञान बैराग्य ऐश्वरर्य आदिका गुणले जगत् ॥
जिति लिई बकसने हो नाम यो विजय प्रभो ॥ १४३

१४८

जेता

स्वभावले भूतहरूका विजय प्राप्त गर्नेना ॥
उत्कर्षलिइ वक्सेका जेता नाम छ चित्तमा ॥ १४४ ॥

१४९

विश्वयोनि

विश्व जस्तो योनिने छ विश्वनै योनि रूपछ ॥
विश्व योनि नाम योनै चित्तमा लिनुपर्दछ ॥ १४५ ॥

१५०

पुनर्वसु

क्षेत्रज्ञ रूपले वस्ने देहमा वार वार जो ॥
पुनर्वसु नाम यो हो प्रभुको दिव्य रूपको ॥ १४६ ॥

१५१

उपेन्द्र

भाईको रूपली वस्ने इन्द्र साथ उपेन्द्र हो ॥ १४७ ॥

१५२

वामन

वामन रूपली माग्दा वलीराजा संगै उनै ॥
भजन योग्य भै खूब प्रभु वामन खास है ॥ १४८ ॥

१५३

प्रांशु

वालीको हात देखिनै संकल्प जल छुटन गो ॥
नाघदै तीन लोक अग्लो भै प्रांशु नाम भो ॥ १४९ ॥

१५४

अमोघ

जस्का चेष्टा व्यर्थ छैन अमोघ प्रभु नाम भो ॥ १५०

१५५

शुचि

पपित्र गर्ने स्मरण स्तुति पूजन आदिभा ॥
रहेका भक्तमालीन शुचि छन् नाम या निका ॥ १५१

१५६

ऊर्जित

अत्यन्त वल शाली भै प्रभुको नाम ऊर्जित ॥ १५२ ॥

१५७

अतीन्द्र

ज्ञानैश्वर्य इन्द्रजित्ने अतिन्द्र प्रभु नामछ ॥ १५३

१५८

संग्रह

प्रलयका समयमा गरेर सव संग्रह ॥
रहेको प्रभुको नाम गरूँ संग्रह संग्रह ॥ १५४ ॥

१५९

सर्ग

गरिने सृष्टि जगत रूपले अथवा प्रभु ॥
सृष्टिका कारण भई नामयो सर्ग नै भजू ॥ १५५ ॥

१६०
धृतात्मा
जन्मदिले रहित भै स्वस्थ रूप भई धृत ॥
धृतात्मा प्रभु भगवां यसैले हुँ सधैं भृत ॥ १५६ ॥

१६१
नियम
निजी अधिकार विषे गरी मियमित प्रजा ॥
रहेको नाम नियम प्रभुको यो पनि सदा ॥ १५७ ॥

१६२
यम
अन्तस्करणले राखै गरी नियनस्थित ॥
तरीकामा प्रजा राख्ने प्रभुको नाम यो यम ॥ १५८ ॥

१६३
वेद्य
निश्रेय कामना गर्नेहरूले जानिने प्रभु ॥
वेद्य हो प्रभुको नाम सधैं नित्य यही जपूं ॥ १५९ ॥

१६४
वैद्य
समस्त विद्याहरूका जानने वैद्य नाम हो ॥ १६० ॥

१६५
सदायोगी
सधैं प्रत्यत्तको रूप आविर्भूति स्वरूपका ॥
सदा काल सदा योगी रहेको नाम दिव्यका ॥ १६१ ॥

१६६

वीरहा

धर्म रक्षा खातिरमा लड़ाका वीर मारने ।।
वीरहा प्रभुको नाम गरू यो मनमा लिने ।। १६२ ।।

१६७

माधव

हरि विद्याको नाममा हो उनको प्रभु स्वामित, ।।
यसैले माधव ख्याति मायाका स्वामी भैं स्थित ।। १६३।।

१६८

मधु

मह जस्तो खूब खुस समुद्बोध गराउँछ ।।
इसै प्रकार भगवान् यसैले मधु नाम छ ।। १६४ ।।

१६९

अतीन्द्रिय

शब्दस्पर्शादि विषयहरूले हीन ईश्वर ।।
यसैले प्रभुको नाम कहेकोछ अतीन्द्रिय ।। १६५ ।।

१७०

महामाय

मायावी दैत्यका माया फैलाउन अगाड़िका ।।
महामाय नाम यो छ हटाउन कठिनका ।। १६६ ।।

१७१

महोत्साह

यो जगत्को समुत्पत्ति स्थिति र लयमा अनि ।।
उत्साहले युक्त भई महोत्साह प्रभु पनि ।। १६७ ।।

१७२

महाबल

बलवान्मा पनि ज्यादा बलवान भै महाबल ॥

१७३

महाबुद्धि

बुद्धिमान्मा महाबुद्धि महाबुद्धि प्रसिद्ध छ ॥

१७४

महावीर्य

महदुत्पत्तिका हेतु अविद्याका स्वरूपको ॥
वीर्य जस्को रहेको छ महावीर्य उही प्रभो ? ॥ १७३ ॥

१७५

महाशक्ति

ठूलो ताकत बिष्णुको भवमा छ प्रसिद्धि नै ॥
यसैले प्रभू विष्णुको महाशक्ति छ नाम नै ॥ १ ४ ॥

१७६

महाद्युति

स्वयं ज्योति वेदभन्छ बाह्य आभ्यन्तर द्युति ॥
भएर प्रभुको नाम रहेको छ महाद्युति ॥ १७५ ॥

१७७

अनिर्देश्यवपु

यो उनै हो भनि तोकन न सकिन्छ उही विभु ॥
जानिने ज्ञानले आफ्नै अनिर्देश्य वपु प्रभु ॥ १७६ ॥

१७८

अप्रमेयात्मा

जस्को बुद्धि प्राणीहरुले अनुमान ठम्याउन ॥'
सक्निन्न अप्रमेयात्मा गर्न पाऊँ सुचिन्तन ॥ १७७ ॥

१७९

महाद्रिधृक्

सुधामन्थन गर्दामा गोरक्षण निमित्तमा ॥
मन्दराद्रि गोवर्धन धरभै हौ महाद्रिधृक् ॥ १७८ ॥

१८०

श्रीमान्

जसको ऐश्वर्य रुप सकल श्रीभई कन ॥
भगवान उनै श्रीमान् नामको गर्नु चिन्तन ॥ १७९ ॥

१८१

महेश्वास

जसको इस्वास अर्थात् धनु ठूलो छ रुपमा ॥
महेस्वास प्रभुकै छ सर्वदा सुप्रसिद्धिमा ॥ १८० ॥

१८२

महीभर्त्ता

प्रलयकाल जलमा डुबेका पृथ्वी धारण ॥
गर्नु भएथ्यो यसले महीभर्त्ता छ नाममा ॥ १८१ ॥

१८३

श्री निवास

जस्को छ वक्षस्थलमा कैल्हे टाढ़ा नभै रही ॥
श्रीवास गरिबक्सि छ श्रीनिवास प्रभु उही ॥ १८२ ॥

१८४

सतांगतिः

वेदधर्माऽवलम्वीका पुरुषार्थ सुसाधन ॥
हेतु हुनाले प्रभुको सतांगति छ चिन्तन ॥ ८३ ॥

१८५

अनिरुद्ध

प्रादुर्भाव समयमा कसैले अनिरुद्ध भै ॥
रहेको प्रभुको नाम म भजूँ अनिरुद्ध नै ॥ १८४ ॥

१८६

सुरानन्द

प्रभुले गरिबक्सिन्छ आनन्दित दिवौकस ॥
त्यस हेतु सुरानन्द भन्दछौं नाम यो सब ॥ १८५ ॥

१८७

गोविन्द

प्रभुले पाताल गत पृथ्वीको पाइबक्सियो ॥
देवताले स्तुति गरे गोविन्द भनि नाम भो ॥ १८६ ॥

१८८

गोविदांपति

गोशब्दले वाणी बुझे वाणीज्ञ सवका प्रभु ॥
विष्णु भै बक्सिन्दामा गोविदांपति नै प्रभु ॥ १८७ ॥

१८९

मरीचि

गीतामा नै भनेको छ तेजस्तेजस्वी नामहम् ॥
तेजस्वीका तेज हुंदा मरीचि नाम नै भजूँ ॥ १८८ ॥

१९०

दमन

पाई आफ्नो अधिकार मात्तिने सबमायम ॥
आदिका रुपले गर्ने दमन नाम यै छन ॥ १८९ ॥

१९१

हंस

म,त्यो, तादात्म्यका भाव गर्नेकाडर नाशने, ॥
सारा शरीरमा जाने, हंस यो नाम सम्झने ॥ १६० ॥

१९२

सुपर्ण

"द्वासुपर्ण" वेद मन्छ धर्माऽधर्म स्वरुपको ॥
पखेटा छन् गरुड़का हुँ गरुड़ सुपर्णको ॥ १९१ ॥

१९३

भुजगोत्तम

हिंडिबक्सिन्छ बाहुले विभूति वासुकि हुँदा ॥
भुजगोत्तम ही श्रेष्ठमा श्रेष्ठ खूब देखिंदा ॥ १९२ ॥

१९४

हिरण्यनाभः

स्वर्ण जस्तो कल्याण दिने, अथवा नाभि झल्किने, ॥
तेजोमय स्वर्ण जस्तो हिरण्य नाभ सम्झिने ॥१९३॥

१९५

सुतपा

नरको र नारायणको रुप ली रात्ररी तप ॥
वदर्या श्रममा गर्ने सुतपा नाम भो तव ॥ १९४ ॥

१९६

पद्मनाभ

वाटुलो पद्म जस्तो नाभि भै अथवा सब ॥
हृदय पद्मनाभिमा पद्मनाभ प्रकाशित ॥ १९५ ॥

१९७

प्रजापति

दुनियाँ सबका स्वामी प्रभुयल्ले प्रजापति ॥

१९८

अमृत्यु

भगवान्मा मृत्युनाश अथवा उस कारण ॥
न भएर प्रभुको छ अमृत्यु नाम धारण ॥ १९६ ॥

१९९

सर्वेदृक्

स्वाभाविक ज्ञानलिईं कर्माकर्म्मँ विवेचन ॥
प्राणी सकलका देख्ने सर्वदृक् नाम चिन्तन ॥ १९७ ॥

२००

सिंह

सिंह जस्तो भई पापी सबलाई निभाउने ॥
होउँ प्रभो ? नाम सिंह तल्लीन भई सम्झने ॥ १९८ ॥

द्वितीय शतकम् समापितम्

२०१

सन्धाता

पुरुषहरूका कर्म्म अनि फल मिलाउन ॥
सन्धाता हरि नामको गरौं भैसब कीर्त्तन ॥ २०० ॥

२०२

सन्धिमान्

पुरुषहरूका कर्म्म फल भोग्ने उही हरि ॥
यसैले सन्धिमान् नाम रहेको दुःख नै सही ॥ २०१ ॥

२०३

स्थिर

भविष्यत्भूतका काल वर्त्तमान समेतमा ॥
भएर नै एक रूप स्थिर होवोस चित्तमा ॥ २०२ ॥

२०४

अज

भक्तका हृत्क मलमा सवारि भइबक्सने ॥
असुरादि दुष्टहरूको फ्याकने अज चिन्तने ॥ २०३ ॥

२०५

दुर्मषण

मर्षण अर्थात् सहन न गर्छन् दानवादिले ॥
हरिलाई यसैले छ दुर्मर्षण सुनामले ॥ २०४ ॥

२०६

शास्ता

श्रुतिरस्मृतिका मार्ग अनुशासन गर्नमा ॥
सबैको यो रहेकोले शास्ता नाम छ ध्येयमा ॥ २०५ ॥

२०७

विश्रुतात्मा

भगवान्ले सत्यज्ञान आदि रुपात्मका सब ॥
विशेषले ध्यान गर्दा विश्रुतात्मा रह्यो अब ॥ २०६ ॥

२०८

सुरारिहा

सुर अर्थात् देवताका शत्रुको मारने हुँदा ॥
रहेको प्रभुको नाम भगवान् यो सुरारिहा ॥ २०७॥

२०९

गुरू

सर्वविद्याहरूका नै उपदेश दिंदा गुरु ॥
सबैका जन्मदाता भै प्रभुको नाम भो गुरू ॥ २०८॥

२१०

गुरूतम

ब्रह्मा आदिलाई ब्रह्मविद्या दान दिने भई ॥
रह्यो नाम गुरुतम भजौं यो नाम नै उही ॥ २०९ ॥

२११

धाम

नारायण परोज्योति यो भनेको छ वेदले ॥
सम्पूर्ण कामना धीन भई भो धाम नामले ॥ २१० ॥

२१२

सत्य

सत्य भाषणको रूप धर्मको नै स्वरूप भै ॥
अथवा सत्यका सत्य परमात्मा छ सत्य है ॥ २११ ॥

२१३

सत्यपराक्रम

जसको पराक्रम पनि सत्य अर्थात् अमोघ छ ॥
भगवान् ऊ खास सत्य पराक्रम सुनाम छ ॥ २१२ ॥

२१४

निमिष

योगनिद्रातत्परका भगवान्का सुनेत्रका ॥
चिम्लिएको हुनाले नै निमिष नाम ख्यातका ॥ २१३ ॥

२१५

अनिमिष

नित्य प्रवुद्धको रूप मत्स्यरुप हुँदा पनि ॥
आत्मा रुप हुनाले नै अनिमिष भयो अनि ॥ २१४ ॥

२१६

स्रग्वी

सर्वदा भूततन्मात्रा, का स्वरुप वैजयन्तीको ॥
माला धारण गर्नँ यो स्रग्वी नै नाम हो निको ॥ २१५ ॥

२१७

वाचस्पति उदारधी

वाक् अर्थात् विद्याका पति प्रत्यक्ष वुद्धिका ॥
पातस्पति उदारधी नाम पाइन्छ योनिका ॥ २१६ ॥

२१८

अग्रणीः

मोक्ष इच्छा हुनेलाई उत्कृष्ट पदमा लिने ॥
अग्रणी प्रभुको नाम रहेको यो छ सम्झने ॥ २१७ ॥

२१९

ग्रामणीः

भूतग्रामहरूका नै नेतृत्व गरने सधैं ॥
ग्रामणी प्रभुको नाम रहेको यो छ सवदिनै ॥ २१८ ॥

२२० श्रीमान्

भगवान्को श्री रहेको सब भन्दा छ उत्तम ॥
श्रीमान यसैले प्रभुको रहेको नाम सत्तम ॥ २१६ ॥

२२१ न्याय

प्रमाणका आश्रित भै अभेद कहलाउने ॥
तर्क न्याय कहलिई रहेका न्याय सम्झने ॥ २२० ॥

२२२ नेता

जगद्रूप यन्त्रहरू चलाएर उनै हरि ॥
नायक सबमा भेर नेता भन्छौं जगद् भरी ॥ २२२ ॥

२२३ समीरण

श्वासप्रश्वासका रुप प्राणी चेष्टा चलाउने ॥
समीरण प्रभुलाई भन्छन् या मनमालिन ॥ २२१ ॥

२२४ सहस्त्रमूर्धा

विराट् स्वरुप प्रभुका हजारौं शिर देखिंदो ॥
सहस्र मूर्धा सब भन्छन् भगवान्को म साझदा ॥२२२॥

२२५ विश्वात्मा

यो विश्वका सब चराचरको रूप देखदा ॥
बुझिन्छ मर्म आत्माका त्यो हो विश्वात्म नामका ॥२२३

२२६ सहस्राक्षः

जस्को हजारौं नयन सहस्र अनि इन्द्रिय ॥
उनै सहस्राक्ष प्रभु हरि नै हुँ म सम्झुन ॥ २२४ ॥

२२७ सहस्रपात

सहस्रपाद् वेद भछन हजारौं पाउ देखिदा ॥
सहस्र पात् नाम प्रभुको राखौं यो मनमा सदा ॥२२५॥

२२८ आवर्त्तनः

स्वभाव हरिको यो छ भवचक्र घुमाउन ॥
तल माथि पुर्गैकै छ आवर्त्तन तुल्याउन ॥ २२६ ॥

२२९ निवृत्तात्मा

आत्मा अर्थात् प्रभु रूप संसार वन्ध देखिनै ॥
छुटेकोले अवश्यै छ निवृतात्मा छ नाम नै ॥ २२७ ॥

२३० संप्रमर्दनः

भगवान् आफ्नु रूप रुद्रकाल नै विभूति ली ॥
बक्सिन्छ मर्दन गरी संप्रमर्दन नाम ली ॥ २२८ ॥

२३१ संवृतः

ढाकिएका अविद्याले आच्छाद नदिने सब ॥
हरिको नाम हो राम्रो संझिनु पर्छ संवृतः ॥२२९॥

२३२

अहः संवर्त्तक

यथार्थ रूपले दिंको प्रवर्त्तन चलाउन ॥

सूर्य रूप लिएका नै अहःसंवर्त्तक प्रभु ॥ २३१ ॥

२३३

वन्हिः

हरिको नै अग्नि रूपले ठाउँ ठाउँ पुर्याउन ॥

हरिको वन्हि भन्ने नाम यो सब सम्झन ॥ २३२ ॥

२३४

अनिल

केही निश्चितको स्थान नभइकन विष्णुको ॥

अनादि प्रभु विष्णु भै अनिल नाम ध्येयभो॥ २३३ ॥

२३५

धरणीधरः

शेषादि र दिग्गजका रूपले पृथ्वी धारण ॥

गर्मछ धरणीधर ली बराहावतार र ॥ २३४ ॥

२३६

सुप्रसादः

शयौं कसूर गर्नें जुन् शिशुपालादिमा पनि ॥

मोक्ष प्रसाद दी राख्ने सुप्रसाद छ यो अनि ॥ २३५ ॥

२३७

प्रसन्नात्मा

रज र तमोगुणले छैन दूषित विष्णुको ॥

अन्तर्हृदय यसले प्रसन्नात्मा छ नामको ॥ २३६ ॥

२३८

विश्वधृक्

भगवान् गरिबक्सिन्छ विश्वको धारणा पनि ॥
विश्वधृक् नाम नै छ गरौं यो चिन्तना अनि ॥२३७॥

२३९

विश्वभुक्

विश्वलाई खाइलिने अथवा गर्ने पालन ॥
रहेको विश्वभुक् नाम वि णुको गर्नु चिन्तन । २३८॥

२४०

बिभु

हिरण्य गर्भ आदिको अनेक रूप ली रही ॥
रही भुनै भइबक्सिन्छ नाम नित्य विभु उही ॥ २३९॥

२४१

सत्कर्त्ता

भक्तवर्गहरूलाई कदर गरि बकसने ॥
सत्कर्त्ता प्रभुको नाम रहेको यो छ चिन्तने ॥ २४०॥

२४२

सत्कृत

जति छन् विश्वमा पूज्य उनले पनि पूजित ॥
प्रभुको नै रहेको छ नाम हो यो छ सत्कृत । २४१॥

२४३

साधु

इन्साफको अनुकूल जति छन् सब साध्यका ॥
साधना गरि साधु हो भगवान्नाम साधुका ॥ २४२॥

२४४

जन्हु

संहारको समयमा जमकालय गर्दिने ॥
जन्हु हो नाम विष्णुको अज्ञानी जनत्यागने ॥ २४३॥

२४५

नारायण

नार अर्थात् जीवहरूका अयन लयमा सब ॥
जीवहरू जहाँ परछन् त्यो नारायणमा सदा ॥ २४४॥

२४६

नर

यो संसार चक्रलाई लगिबक्सिन्छ साथमा ॥
नर नाम रहेको छ यसैले प्रभुको सदा ॥ २४५ ॥

२४७

असंख्येय

नामको गणना गर्न न सकिन्छ हजूरको ॥
असंख्येय यसैले हो कहिएको छ नामको ॥ २४६ ॥

२४८

अप्रमेयात्मा

प्रभु यस्तो भनि आकार देखाउन अशक्य भै ॥
रहेको अप्रमेयात्मा प्रभुको नाम यो सवै ॥ २४७ ॥

२४९

विशिष्ठ

सब भन्दा ठुलागण्यमान्य भै बक्सिसदा प्रभू ॥
रहेको विष्णुको नाम रहेको यो विशिष्ठः हो ॥ २४८ ॥

२५०

शिष्टकृत्

प्रजा शासन गर्ने हुँ गरने साधु पालन ॥
शिष्टकृत् नाम प्रभुको रहेको यो छ संभ्फन ॥ २४६ ॥

२५१

शुचि

भगवान् होइबक्सिन्छ मलहीन सदा सफा ॥
भित्र वाहिर शुद्धै छ शुचिनाम भजौं खुला ॥ २५० ।'

२५२

सिद्धार्थ

इच्छा गरिबक्सिएका तय अर्थ सबै भयो ॥
यसैले भन्दछन् सत्य सिद्धार्द्ध प्रभु नाम यो ॥ २५१ ॥

२५३

सिद्ध संकल्प

संकल्प प्रभुगो भैगो पूरा तत्र सिद्धको ॥
बमोजिम छ वेदोक्ति सिद्ध संकल्प नाम भो । २५२ ॥

२५४

सिद्धिः

कर्त्ताहरूलाई उन्को अधिकार वमोजिम ॥
फलसिद्धि बक्सने हो भई यो नाम सिद्धिद ॥ २५३ ॥

२५५

सिद्धि साधन

सिद्धि अर्थात क्रियाका छन् सिद्ध गर्न सुतत्पर॥
सिद्ध साधन हो नाम मनमा गर्न यो स्थिर ॥ २५४ ॥

२५६

वृषाही

वृष अर्थात् धर्मरूप उज्यालो भै चिनै दिन ॥
वाऱ्ह दिंमा यज्ञ वृषाही भगवान् उनै हुन् ॥ २५५ ॥

२५७

वृषभ

भक्तका निति भगवान् कामनाका बमोजिम ॥
वृषभ वर्षा गरिबक्सदामा वृषभ यो भनिन्छन् ॥२५६ ॥

२५८

बिष्णु

विष्णुर्बिक्रणात् भन्ने व्यासका उक्ति तुल्यका ॥
सब जान्ने ब्याप्त हुने विष्णु भन्ने भयो अब ॥ २५७ ॥

२५९

वृषपर्वा

परंधाम चढ्न लाग्दा धर्मको रूप सींढिका ॥
बयान गरिवक्सिन्छ वृषपर्वा छ ख्यातिका ॥ २५८ ॥

२६०

बृषोदर

मानो प्रजामा बर्षाई राख्ने जस्का त पेट छन् ॥
बृषोदर कहेको छ प्रभुको नाम यो त भन् ॥ २५९ ॥

२६१

बर्धन

प्रजाजनहरूलाई बढ़ाई बक्सने सदा ॥
बर्धन नाम प्रभुको संभनु पर्छ सर्वदा ॥ २६० ॥

२६७

वर्धमान

प्रपञ्च रूप जगत दिनैं दिन बढाउने ॥
वर्धमान कहेको छ प्रभुको नाम सम्झने ॥ २६१ ॥

२६३

विविक्त

बढाउने काम लाग्ने भए पनिपृथक् रही ॥
वक्सिएको छ प्रभुको विविक्त नाम यो अमि ॥ २६२ ॥

२६४

श्रुति सागर:

समुद्र जस्ता छन् वेद भगवान्का अगाधका ॥
श्रुतिसागर यो नाम भजौं यो दिल दी खुला ॥ २६३ ॥

२६५

सुभुज

भगवान्का जगद्रक्षा गरने बाहुली सब ॥
अति सुन्दर छन् यल्ले नाम सुभुज यो अब ॥ २६४॥

२६६

दुर्धर;

कसैले धारणा गर्न न सकिन्छ स्वयं प्रभु ॥
ध्यानमा कष्ट साथ लिइने दुर्धर प्रभु ॥ २६५॥

२६७

वाग्मी

हरिबाट वेदमयी बाणी सकल निक्लिए ॥
यसैले प्रभुको नाम वाग्मी भन्ने छ सम्झिए ॥ २६५ ॥

२६८

महेन्द्र

ऐश्वर्यले युक्त भेका ठूला र तीनका पति ॥
ईश्वर होइबक्सिन्छ महेन्द्र नामले अनि ॥ २६६ ॥

२६९

वसुदः

वसुदान वेद भन्छ धनदान समेत दी ॥
प्रभुको यो कहेको छ वसुद नाम हो अनि ॥ २६७ ॥

२७०

वसुः

मायाले ढाकने आफ्नो स्वरूप अन्तरीत्तमा ॥
वयु स्वरूपले वस्ने वसु हो सुप्रसिद्धिमा ॥ २६८ ॥

२७१

नैकरुपः

नभै एक रूप मात्र माया सवव ईश्वर ॥
अनेक भै नैकरूप नाम यो छ जगद्धर ॥ २६९ ॥

२७२

वृहद्रूपः

वराह आदिका ठूला रूप छन् विश्व ख्यातको ॥
यसैले हो कहेको यो वृहद् रूप छ नामको ॥ २७० ॥

२७३

शिपिविष्टः

पशुको रूप ली यज्ञ रूपले यज्ञ मूर्त्तिको ॥
अनेक किरण हुँदा शिपिविष्ट सुनाम भो ॥ २७१ ॥

२७४

प्रकाशनः

उज्यालो गर्दिने सब्मा स्वभावैले सफापन ॥
प्रभुको विश्वमा ख्यात नाम यो छ प्रकाशन ॥ २७२ ॥

२७५

ओजस्तेजोधुतिधर

धातुका सार हो ओजतेज र अनिका न्तिको ॥
धारणा गरने ओजस्तेजो द्यु तिधरः प्रभो ॥ २७३ ॥

२७६

प्रकाशात्माः

उज्याला विष्णुका गाथ छन् यसैले सुनिर्मल ॥
प्रकाशात्मा कहेको छ गनु हुन्छ सुनिर्मल ॥ २७४ ॥

२७७

प्रतापनः

सूर्य आदि विभूति हुँ विष्णुका यसले जगत् ॥
प्रतापन नाम लिई तप्त गनु छ सब् फगत् ॥ २७५ ॥

२७८

ऋद्धः

वैराग्य र धर्म ज्ञान आदिले सब युक्त भै ॥
ऋद्ध यो नाम ख्याति भएको यसले सधैं ॥ २७६ ॥

२७९

स्पष्टाक्षरः

हरिको ओंकार रूप स्पष्ट अक्षर मुख्य छ ॥
यसैले सम्झना गर्छौं स्पष्टाक्षर सुनाम छ ॥ २७७ ॥

२८०

मन्त्र

भगवान् भइबविसन्छ ऋक साम यजु रुपको ॥
अथवा मन्त्रले जान्ने भगवन्नाम मन्त्र हो ॥ २७८ ॥

२८१

चद्रांशुः

संसारका ताप रूप सूर्यका ताप तप्तमा ॥
चन्द्रमा भैं शीतल दिने चंद्रांशु हो सचित्तमा ॥ २७६॥

२८२

भास्कर द्युतिः

श्रीसूर्यका तेज जस्ता धर्मवाला भएर नै ॥
भास्कर द्युति यो नाम भजौं यो गरि चित्तनै ॥ २८० ॥

२८३

अमृता शूद्भवः

समुद्र मथदा चन्द्र जुन कारणले भयो ॥
त्यो उपादानका हेतु अमृतां शूद्भवैं प्रभो ॥ २८१ ॥

२८४

भानुः

भान्तमनु भाति सर्वं यो कहेको बमोजिम ॥
प्रभु उदाए ऊब्रन्छन भानु छ हरिनाममा ॥ २८२ ॥

२८५

शशविन्दुः

रस स्वरुपका चन्द्र भई ओषधि पोषण ॥
गर्ने शशविन्दु नाम प्रभुको गर्नुं चिन्तन ॥ २८३ ॥

२८६

सुरेश्वरः

शुभदायि देवताका भई ईश्वर कारण ॥
सुरेश्वर कहेको छ प्रभुको गर्नु चिन्तन ॥ २८४ ॥

२८७

औषधम्

संसारका रोगहरू हटाउन उपायमा ॥
नाम औषध हो खास प्रभुको गर्नु यादमा ॥ २८५ ॥

२८८

जगतः सेतुः

संसार तारने हेतु पूल तुल्य समुद्रमा ॥
जगतः सेतु भन्ने यो राखौं हृदय पेटमा ॥ २८६ ॥

२८९

सत्यधर्म पराक्रमः

धर्मज्ञानादि जसको गुण और पराक्रम ॥
मिथ्या छैन प्रभु यिनै सत्यधर्म पराक्रम ॥ २८७ ॥

२९०

भूतभव्य भवन्नाथः

त्रिकाल रहने प्राणीहरूका भई ढखामित ॥
भूतभव्य भवन्नाथ यसैको हुनु चिन्तित ॥ २८८ ॥

२९१

पवनः

पवनः पततामस्मि गीतोक्तिका बमोजिम ॥
पवित्र गर्ने पवन सम्झना गर्छु हर्दम ॥ २८९ ॥

२६२
पावन
भीषाऽस्माद्वातः पवते यो भनेको समानको ॥
तन्त्रयन्त्र चलाएर पावन हरिनाम हो ॥ २६० ॥
२६३
अनलः
प्राणलाई आत्मभाव ग्रहण गरि बक्सने ॥
भगबान्को अन्त छैन अनल नाम सम्झने ॥ २६१ ॥
२८४
कामहा
मोक्षा भिलाषिका भक्त कामनाहिंसका सब ॥
नष्ट गर्ने कामहा यो नामको सम्झने अव ॥ २९२ ॥
२६५
कामकृत्
काम प्रद्युम्न छोरोको पैदा गर्ने र सात्विक ॥
भक्त काम पूर गर्ने कामकृत् विष्णु नामक ॥ २९३ ॥
२६६
कान्तः
भगवान्को चेहरा छ राम्रो तबरको अब ॥
यसैले प्रभुको नाम कान्त भन्ने छ ख्यातिक ॥ २६४ ॥
२६७
कामः
पुरुषार्थकको इच्छा काम नगग्ने हुँदा ॥
यसैले प्रभुको नाम काम भन्ने छ संझिदा ॥ २६५ ॥

२९८

कामप्रदः

काम नगरिएका ती वस्तुखूब दि बक्सिदा ॥
यसैले हो कामप्रद संझना गर्दछौं मुदा ॥२९६॥

२९९

प्रभुः

ठूलो भई सबै देखि जे पनि गर्न सक्नमा ॥
प्रभु नै प्रभु भै बक्सी गर्नु पर्दछ संझना ॥ २९७॥

३००

युगादिः

युगको आरम्भ गरने अथवा काल भेदको ॥
युगादि पैदा गरने युगादि कृतूछ नामको ॥ २९८॥

३०१

युगावर्त्त

कालका रुपले सत्ययुग आदि घुमाउने ॥
युगावर्त्त कहेको छ प्रभुको नाम सम्झने ॥ २९९॥

३०२

नैकमायः

माया जस्का एकमात्र छैन माया अनेकन ॥
धारणा गरिबक्सिन्छ नैक मायलिबौमन ॥ ३००॥

३०३

महाशनः

कल्पान्तमा सबैलाई ग्रासगरि लि बक्सने ॥
यसैले प्रभुको नाम महाशन छ सम्झने ॥ ३०१॥

३०४

अदृश्य

समस्त ज्ञानेन्द्रियले कठिनगम पाउन ॥
अदृश्य कहिएको छ अदृश्य लिउँ यो मन ॥ ३०२ ॥

३०५

व्यक्तरुप

स्वय प्रकाश भै रुप योगीका निम्ति व्यक्त भै ॥
स्थूल रुप भई व्यक्त व्वक्त रुप भजौं सधैं ॥ ३०३ ॥

३०६

सहस्रजित्

हजारन देव शत्रुहरुको रण क्षेत्रमा ॥
जिती सहस्रजित् यो छ प्रभुको गर्नु चित्तमा ॥३०४॥

३०७

अनन्तजित्

न सकिन्छ शक्ति जस्का चिन्तना गर्न खातिर ॥
जितने युद्ध आदिमा अनन्तजिद् भजौं स्थिर ॥३०५॥

३०८

इष्टः

परमानन्दका रूप प्रिय भै इष्ट यज्ञले ॥
पूजिन प्रभुको नाम भजौं यो इष्ट भावले ॥३०६॥

३०९

अविशिष्ट

समस्त प्राणी जनका अन्तर्यामी भइकन ॥
रहि बक्सिन्छ भगवान् अविशिष्ट रहिकन ॥३०७॥

३१०

शिष्टेष्ठ

शिष्ट अर्थात् पठित जन सबका प्रिय भैकन ।।
शिष्ठ छन् जसका इष्ट शिष्टेष्ट प्रभु नै हुन ।।३०८।।

३११

शिखण्डी

मयूर पुच्छ जस्का छन् शिरमा गहना सब ।।
ग्वाला स्वरुप रहँदा शिखण्डी नाम भो तब । ३०९।।

३१

नहुष

पञ्चमहाभूतलाई मायाले ढाकिबक्सिन्दा ।।
नहुष प्रभुको नाम भजौं मनदिई सदा ।।३१०।।

३१३

वृष

कामदाहरुका वर्षा गर्नाले धर्म हो वृष ।।
महाभारतमा भन्छ प्रभुका नाम हो वृष ।।३११।।

३१४

क्रोधहा

साधुहरूका रिसको गरिविक्सन्छ नाशन ।।
क्रोधहा विष्णुको नाम यसैले नै भनिन्छन ।।३१२।।

३१५

क्रोध कृत्कर्त्ता

असाधुका माथि क्रोध गरिवक्सिन्छ विष्णुले ।।
नामयो क्रोध कृत्कर्त्ता कहिन्छ सव प्रेमले ।। ३१३ ।।
अथवा क्रोध गरने दैत्यादिका विनाशने ।।
नाम यो क्रोधकृत् कर्त्ता कहिन्छ सव प्रेमले ।। ३१४ ।।

३१६

विश्वतोबाहुः

सब्का छन् आश्रय हरि यसैले सबबाहु हुन् ॥
सर्वत्र हरिकै बाहु विश्वतो बाहु नाम छन् ॥ ३१५ ॥

३१७

महीधर

पूजालिने या पृथ्वीको धारणा गरिबक्सिदा ॥
महीधर कहेको छ महीधर भजौं सदा ॥ ३१६ ॥

३१८

अच्युत

विकारहरूले शून्य गान अच्युत गर्दछन् ॥
शाश्वतं शिवम च्युतं यो श्रुतिवाद भन्दछन् ॥ ३१७ ॥

३१९

प्रथित

जगत् उपत्ति आदिका कर्म हेतु प्रसिद्ध छ ॥
यसैल प्रभुको नाम प्रथित ख्यात नाम छ ॥ ३१८ ॥

३२०

प्राणः

प्राणो वा अहमस्मियो यो श्रुतिको बमोजिम ॥
हिरण्यगर्भ रूप लो प्रजाको हुन्छ जीवन ॥ ३१९ ॥

३२१

प्राणदः

देवता र दैत्यहरूका प्राणदिने र नाशने ॥
होउ भनी रुचाइन्छन् हरि प्राणद सम्झने ॥ ३२० ॥

३२२

वासबानुजः

ऋषि कश्यप्जी द्वारा अदितिका सुगर्भमा ॥
जन्मनु भो इन्द्रानुज भै वासवानुज नाममा ॥ ३२१ ॥

३२३

अपांनिधिः

तलाऊँमा सागर हूँ उक्ति यो भगवानको ॥
अपांनिधि कहेको छ यो नाम भगवानको ॥ ३२२ ॥

३२४

अधिष्ठानम्

उपादान कारणले ब्रह्ममा भूत छन् स्थित ॥
भनेको छ अधिष्ठानं सम्झनु पर्छ यो हित ॥ ३ ३ ॥

३२५

अप्रमत्तः

अधिकारीहरूलाई कर्मानुसार बक्सदै ॥
कत्ति नचूकि बक्सिन्छ अप्रमत्त छ नाम यै ॥ ३२ ॥

३२६

प्रतिष्ठितः

भगवान् आफनो खास महिमामा विराज भै ॥
प्रतिष्ठित कहेको छ भक्तमण्डलले सधैं ॥ ३२५ ॥

३२७

स्कन्दः

अमृत रुपले बग्ने शोषदै बायु रूपले ॥
स्कन्द यो नाम प्रभो सम्झनु पर्छ चित्तले ॥ ३२६ ॥

३२८

स्कन्दधरः

स्कन्द अर्थात् धर्ममार्ग धारण गरि बक्सने ॥
प्रभुको मानिएको छ स्कन्दधर भनी लिने ॥ ३२७ ॥

३२९

धुर्य

जन्मादि रूपका भार समस्त भूतका लिंदा ॥
धुर्य यो नाम हरिको लिनु पर्दछ सर्वदा ॥ ३२८ ॥

३३०

वरदः

भक्तका छन् इच्छित वर रूपली यजमानको ॥
गाई दिने दक्षिणामा वरद सम्झनु निको ॥ ३२९ ॥

३३१

वायुवाहनः

आवह आदिका सात स्थान वायु चलाउँदा ॥
प्रभुको यो रहेको छ वायुवाहन ख्यातिका ॥ ३३० ॥

३३२

वासुदेवः

सूर्य जस्तो भई आफ्नो रश्मिले ढाकने जगत् ॥
समस्त भूतका वास वासुदेव प्रभो ? फगत् ॥ ३३१ ॥

३३३

बृहद्भानुः

जसको सूर्य चन्द्रमामा जाने किरण नै महान ॥
प्रकाशित जगत्गर्छ बृहद्भानुः सुनामवान ॥ ३३२ ॥

३३४
आदिदेवः
सब आदि कारणका प्रकाश गुण युक्त भैं ॥
आदिदेव कहेको छ यही कल्याण युक्त नै ॥ ३३३॥
३३५
पुरन्दरः
नगर ध्वंस गर्नाले देवका शत्रुका सब ॥
पुरन्दर कहेको छ प्रभुको नाम हो तब ॥ ३३४ ॥
३३६
अशोकः
शोकादिहरूले शून्य भएर भगवान् सधैं ॥
अशोक भईबक्सिन्छ भजौं योदिनदिंदिनै ॥ ३३५ ॥
३३७
तारणः
तारिबक्सिन्छ भगवान् भवसागरबाट नै ॥
यसैले प्रभुको नाम तारण कहिए छ नै ॥ ३३६ ॥
३३८
तारः
गर्भजन्म जरामृत्यु रूपका भय देखि नै ॥
भक्तलाई तारिबक्सी तार नाम कहिन्छ नै ॥ ३३७ ॥
३३९
शूरः
देखाउने बिक्रमको शूर यो प्रभु नाम छ ॥ ३३८ ॥

३४०
शौरिः
शूरका सन्तान भई शौरि यो प्रभु नाम छ ॥ ३३९ ॥

३४१
जनेश्वरः
जन अर्थात् जीवका नै स्वामी भई जनेश्वर ॥ ३४० ॥

३४२
अनुकूलः
आत्मारूप सकलका अनुकूल भई प्रजा ॥
प्रतिकूल न कोही छं अनुकूल भजौं सदा ॥ ३४१ ॥

३४३
शतावर्त्त
धर्मरक्षा खातिरमा शयौं छ अवतारण ॥
प्राण नाडी रूप भई शतावर्त्त भन्छन् ॥ ३४२ ॥

३४४
पद्मी
पद्मी प्रभुको नाम भजौं बाहुली बीचपद्म भै ॥ ३४३ ॥

३४५
पद्मनिभेक्षणः
भगवान्को नजर कमल भई कमल तोलन ॥
गरौं दर्शन मन दी प्रभु पद्म निभेक्षण ॥ ३४४ ॥

३४६
पद्मनाभः
हृद्रूप पद्मको नाभि प्रभुको नाभि बिचमा ॥
रहेको हो पद्मनाभ राखें, यो मन बीचमा ॥ ३४५ ॥

३४७

अरविन्दाक्षः

भगवान्को नजर कमल अरबिन्द समान छ ॥
यसैले प्रभुको नाम अरविन्दाक्ष ख्यात छ ॥ ३४६ ॥

३४८

पद्मगर्भः

शुद्ध रूप पद्मनाभि अर्थात् भै कर्णिका बिच ॥
पद्मनाभ हरि भनी राख्दछौं दिलका बिच ॥ ३४७ ॥

३४९

शरीरभृत

अन्नरुप प्राणरुप देहीको भर पोषण ॥
गरी शरीरभृत् यो छ प्रभुको गर्नु धारण ॥ ३४८ ॥

३५०

महर्द्धिः

भगवान्को ऋद्धि अर्थात् विभूति छ अति ठुलो ॥
यसैले प्रभुको नाम महर्द्धि कहिए छ यो ॥ ३४९ ॥

३५१

ऋद्धः

परिपक्व गर्नु पर्ने संसार छ प्रपञ्चको ॥
स्वरूप प्रभु भै वक्सि ऋद्ध यो ख्यात नामको ॥ ३५० ॥

३५२

वृद्धत्मा

आत्मा अर्थात् देह जस्को बृद्ध अर्थात पुरातन ॥
उनै प्रभु सकलको वृद्धात्मा गर्छु चिन्तन ॥ ३५१ ॥

३५३
महाक्षः
भगवान्‌को अनेकौं छन् आँखा:दखता अति ठुला ॥
महाक्ष हरिको नाम भजौं यो दील दी खुला ॥ ३५२ ॥

३५४
गुरुध्वजः
भगवान्‌को गरुड़को चिन्हको भै ध्वजा अनि ॥
गरुड ध्वज यो नाम हरिको भन्दछन् अनि ॥ ३५३ ॥

३५५
अतुलः
भगवान्‌को छैन तुलना गीतामा भनि बक्सिवो ॥
म जरा छैन कोही अतुल प्रभु नाम यो ॥ ३५४ ॥

३५६
शरभः
शर अर्थात् नाश हुने जीउमा आत्म रूपले ॥
प्रकाश भई बक्सन्छ प्रभु शरभ नामले ॥ ३५५ ॥

३५७
भीमः
रिसानी भईबक्सिन्छ कि हामी छौं कुचालका ॥
भन्ने डर लिएका छन् भीम भै प्रभु यी प्रजा ॥ ३५६ ॥

३५८
समयज्ञः
सकल भूतहरूमा पक्षपात नभैकन ॥
राख्नु यौ यज्ञ नै हो समयज्ञ भनिकन ॥ ३५७ ॥

३५९
हविर्हरिः
महूँ यज्ञ भाग गर्नें गीताको नै भनाई छ ॥
हरिको भाग हरने हविर्हरि सुनाम छ ॥ ३५८ ॥
३६०
सर्व लक्षण लक्षण्यः
सर्व लक्षणले साह्रा जान्ने सकल उत्तम ॥
सर्व लक्षण लक्षण्य प्रभुकै नाम सत्तम ॥ ३५९ ॥
३६१
लक्ष्मीवान्
भगवान्को वक्षस्थलमा नित्य लक्ष्मी सुवास छ॥
तसर्थ लक्ष्मीवां नाम संझनु नित्य योग्य छ ॥ ३६० ॥
३६२
समितिञ्जयः
दैत्यका साथ रणमा लड्दा सब लडाकमा ॥
युद्धजित्ने नाम प्रभुको भन्दछन् समितिञ्जय ॥ ३६१ ॥
३६३
विक्षरः
जसको छैन क्षर अर्थात् नाश नै सर्वदा स्थित ॥
भगवांको विक्षर छ नाम यो सर्वमा हित ॥ ३६२ ॥
३६४
रोहितः
स्वच्छन्द भै लालवर्ण रोहित नाम मत्स्य हो ॥
विशेष रूप ली वक्सी रोहित नाम खास हो ॥ ३६३ ॥

३६५
मार्गः
मोक्षका इच्छा गरने प्रभुको खोज गर्दछन् ॥
इन्छ आनन्द जसबाट त्यो मार्ग सब भन्दछन्॥ ३६४ ॥

३६६
हेतुः
निमित्त हेतु भवको र उपादान कारण ॥
यसैले हो प्रभुको नै नाम हेतु छ चिन्तन ॥ ३६५ ॥

३६७
दामोदरः
दम आदि साधनले जसको मति उदार छ ॥
दाम्लोले पेटमा बाँधी दामोदर प्रसिद्ध छ ॥ ३६६ ॥

३६८
सहः
नीचा सबैलाई देख्ने सबको सहने क्षमा ॥
यसले प्रभुको नाम कहिन्छ सह नाममा ॥ ३६७ ॥

३६९
महीधरः
भएर रूप पहाड पृथीवी धारणा गरी ॥
महीधर कहेको छ बिष्णुको नाम खास ही ॥ ३६८ ॥

३७०
महाभागः
ठूला ऐश्वर्य आदिका बैराग्य तर्फका सब ॥
छवटा भग मै विष्णु महाभाग भजूँ अब ।' ३६९ ॥

३७१

वेगवान्

भगवान्‌को गति तीव्र वेगवान् नाम हो तव ॥ ३७० ॥

३७२

अमिताशनः

संहारको समयमा जगत् ज्युंनार भैकन ॥
गान गर्छन् प्रभुको नै भनेर अमिताशन ॥ ३७१ ॥

३७३

उद्भव;

प्रपञ्च पेदा गरने मुख्य कारण नै प्रभु ॥
संसार देखि माथि छन् हरि नै उद्भव प्रभु ॥ ३७२ ॥

३७४

क्षोभण

जगत् उत्पतिका काल पुरुष प्रकृति वीच ॥
अविकारी बिकारीमा क्षुब्ध गर्ने छ क्षोभण ॥ ३७३ ॥

३७५

देब;

खेल गर्ने जित्न इच्छा व्यवहार चलाउन ॥
इत्यादि भइबक्सेर देव नै मुख्य चिन्तने ॥ ३७४ ॥

३७६

श्रीगर्भः

जस्को उदर गर्भमा भवरूप विभूति छन् ॥
यसैले प्रभुको नाम श्रीगर्भ सब भन्दछन् ॥ ३७५ ॥

३७७

परमेश्वरः

प्रभु सकलमा ठूलो ऐश्वर्य सब युक्तमा ॥
परमेश्वर हो नाम प्रभुको गर्नु यादमा ॥ ३७६ ॥

३७८

करणम्

संसार पैदा गर्नामा सब भन्दा छ साधन ॥
यसैले प्रभुको नाम करण भन्दछन् जन ॥ ३७७ ॥

३७९

कारणम्

जगत्को छन् उपादान निमित्त भइ कारण ॥
कहन्छन् प्रभुको नाम भनेर सब कारण ॥ ३७८ ॥

३८०

कर्त्ता

बनाई बक्सिन्छ जगत् कर्त्ता नाम स्वयं हरि ॥ ३७. ॥

३८१

बिकर्त्ता

अनौठा या भुवनको रचना गरि बक्सने ॥
बिकर्त्ता प्रभुको नाम होउँ यो दिलले लिने ॥ ३८० ॥

३८२

गहनः

यस्तो छ हरिको रूप चेष्टावा अनि ताकत ॥
न सक् छन् बुझ्न मनले अनि गहन नामक ॥ ३८१ ॥

३८३

गूहः

मायाले नै रूपहरू ढाकिबकि रन्छ नै प्रभु ॥
योगमाया आबृत भै भन्नु छ गूह हूँ विभु ॥ ३८२ ॥

३८४

व्यवसायः

मुमुक्षु जनको तानैं ज्ञान मात्र स्वरूपको ॥
व्यवसाय चलेको छ व्यवसाय छ नामको ॥ ३८३ ॥

३८५

व्यवस्थानः

जस्बाट सबको हुन्छ जातिपाति स्वधर्मको ॥
वन्दोवस्त व्यबस्थान कहिन्छ प्रभु नामको ॥ ३८४ ॥

३८६

संस्थानः

हरिमा भूतहरूकालय रूप स्थिति हुँदा ॥
भगवान्नै योग्य ठाउँ संस्था नजप्छु सर्वदा ॥ ३८५ ॥

३८७

स्थानदः

ध्रुव आदिहरूलाई कर्मानुसार स्थान दी ॥
स्थानद प्रभुका नाम भजौं यो एकता नली ॥ ३८६ ॥

३८८

ध्रुवः

हुनुहुन्न नाश कैल्हे यही कारण ईशको ॥
नाम भन्ने ध्रुव रह्यो अविनाशी स्वरूपको ॥ ३८७ ॥

३८९

परर्द्धिः

भगवान्को ऋद्धि अर्थात् विभूति खूव भै ठुलो ॥
परर्द्धि प्रभुको नाम कहौँ यो भक्ति यी ठुलो ॥ ३८८ ॥

३९०

परमस्पष्टः

भगबान्को श्रेष्ठ शोभा नकुनै भई आश्रय ॥
सिद्ध भै वक्सिई हरि परमस्पष्ठ नामक ॥ ३८९ ॥

३९१

तुष्टः

परमानन्दको मुख्य रूपको भगवान् भई ॥
परमात्मा तुष्ट भनी भजी होउँ सदाखुसी ॥ ३९० ॥

३९२

पुष्टः

जहाँ पनि सत्वगुण अनि सामानले पनि ॥
परिपूर्ण हुनाले नै पुष्ठ प्रख्यात भो अनि ॥ ३९१ ॥

३९३

शुभेक्षणः

जस्को नजर शुभ छ पापीको पाप काटने ॥
भोगार्थीको भोग दिने नाम यो छ शुभेक्षण ॥ ३९२ ॥

३९४

रामः

रमाउँ छन् योगी जस्मा आनन्द ब्रह्म रूपमा ॥
उनै रामनाम प्रभु भजौं राखेर चित्तमा ॥ ३९३ ॥

३६५

विरामः

प्राणीहरू सकलका जसमा अन्त हुन्छन ।।
बिराम प्रभुको नाम मनमा गर्नु चिन्तन ।। ३६४ ।।

३६६

विरतः

विषय भोगमा जस्को अनुराग नभैकन ।।
रहेको छ विरत यो नामको गर्नु चिन्तन ।। ३९५ ।।

३६७

मार्गः

मोक्षको इच्छा गरने जानेर जुन मार्गको ।।
हुन्दछन् अमर सव मार्ग यो प्रभु नाम हो ।। ३६६ ।।

३६८

नेयः

यथार्थ ज्ञानको रूप भै नेय प्रभु नाम हो ।।
यथार्थ ज्ञानले जीव भावली परमात्मको ।। ३९१ ।।

३६६

नयः

जो मुक्ति मार्ग लैजान्छ ज्ञानको रूप ईश्वर ।।
उनैको नय यो नाम सम्झनु दृढ तत्पर ।। ३६८ ।।

४००

अनयः

भगवान्को कोही नेता नभै अनय नाम हो ।। ३६६ ।।

चतुर्थ सप्तकम्

४०१

वीरः

रणाङ्गण बीच आफ्नो देखाई बीरता सब ॥
हरिलाई वीर भन्छन् गरौं यो चिन्तना अब ॥ ४०० ॥

(४०२) शक्तिमतां श्रेष्ठ

ब्रह्मा आदि शक्तिशालीहरूमा शक्तिमान् भई ॥
प्रभु शक्तिमतां श्रेष्टलीन भै मजपूं यही ॥ ४०१ ॥

(४०३) धर्मः

सकल भूतका खूब धारणा गरिबक्सिदा ॥
आराधना धर्मबाट हुन्छ यो धर्म नाममा ॥ ४०२ ॥

(४०४) धर्मविदुत्तमः

श्रुतिस्मृतिहरू जस्को आज्ञा पालन गर्दछन् ॥
धर्मज्ञमा श्रेष्ठ धर्म बिदुत्तम प्रसिद्ध छन् ॥ ४०३ ॥

(४०५) वैकुण्ठः

छुट्टाएर भूतहरू मिलाएर परस्पर ॥
उनको गतिको रोक्ने वैकुण्ठ सम्झने वर ॥ ४०४ ॥

(४०६) पुरुष

पैल्हा भई सबै भन्दा सब पाप हटाउने ॥
सारा शरीरमा सुत्ने पुरुष पर्छ सम्झने ॥ ४०५ ॥

(४०७) प्राणः

क्षेत्रज्ञ रूपले बाँच्ने प्राणवायु स्वरूपले ॥
चेष्टा गर्ने प्रभुको हो प्राण भन्ने छ नामले ॥ ४०६ ॥

(४०८) प्राणदः

लयका आदिका काल प्राणीका प्राण नाशने ॥
प्रभुको प्राणद ख्याति हुनु पर्दछ सम्झने ॥ ४०७ ॥

(४०९) प्रणवः

ओंकारको शब्द भनी जल्लाई स्तुति गर्दछन् ॥
प्रणाम गरिइन्छ जो प्रणव ख्याति नाम छ ॥ ४०८ ॥

(४१०) पृथुः

भगवान्को यो जगतमा प्रपञ्च रुपले सब ॥
फैलिएर रहेकोले पृथु भन्ने छ ख्यातिक ॥ ४०९ ॥

(४११) हिरण्यगर्भः

हिरण्य अण्ड जस्को वीर्यबाट छ उद्भव ॥
हिरण्यगर्भ भन्ने यो प्रभुको नाम सम्भव ॥ ४१० ॥

(४१२) शत्रुघ्नः

देवताको शत्रुहरू मारिबक्सिन्छ श्री हरि ॥
यसैले प्रभुको भन्छौं नाम शत्रुघ्न नै हरि ॥ ४११ ॥

(४१३) व्याप्तः

सारा कार्यहरूको नै कारण रूपले सब ॥
व्याप्त गर्ने प्रभुको छ व्याप्त भन्ने छ ख्यातिक॥ ४१२ ॥

(४१४) वायुः

हावाको गुणले राम्रै सर्वत्र वहने उनै ॥
गन्ध गर्ने प्रभुका छ वायु नाम भजौं सदा ॥ ४१३ ॥

(४१५) अधोक्षजः

कहिल्हे पनि नीच अर्थात् नहुने क्षीण रूपले ॥
प्रभुको नै कहेको छ अधोक्षज सुनामले ॥ ४१४ ॥

(४१६) ऋतुः

हेमन्त आदि ऋतुका शब्दले काल रूपले ॥
बुझाउने उनै विष्णु ऋतु हुँ ऋतु नामले ॥ ४१५ ॥

(४१७) सुदर्शनः

भगवान्को दर्शनले पाइन्छ मोक्ष नै फल ॥
सुदर्शन कहेको छ प्रभुको गर्नु तन्मन ॥ ४१६ ॥

(४१८) कालः

"काल.कलयतामस्मि" भन्ने यो उक्ति विष्णुको ॥
सबको गन्ति गरने भगवान् काल नामको ॥ ४१७ ॥

(४१९) परमेष्ठी

हृदयाऽऽकाशका भित्र आफ्नै महिमा बीच ॥
बसने स्वभाव भई परमेष्ठी भजौं अब ॥ ४१८ ॥

(४२०) परिग्रहः

शरणार्थी हरू द्वारा चारौं तर्फ समातिने ॥
प्रभुको नामको याद परिग्रह छ सम्झने ॥ ४१९ ॥

(४२१) उग्रः

सूर्य आदि ग्रहहरू जस देखि डराउँछन् ॥
उग्र हो प्रभुको नाम सम्झनु योग्य भन्दछन् ॥ ४२० ॥

(४२२) संवत्सरः

संसारका भूतहरू प्रभुमा सववस्त छन् ॥
संवत्सर यसैले नै प्रभुको नाम भन्दछन् ॥ ४२१ ॥

(४२३) दक्षः

जगत्को रूपले बढ्ने चाँडो कार्य चलाउने ॥
यसैले प्रभुको नाम दक्ष हो अब सम्झने । ४२२ ॥

(४२४) विश्रामः

संसार चक्रमा घुम्ने अविद्या आदिले वश ॥
भएमा विश्राम दिने विश्राम हरि हुँ खुस ॥ ४२३ ॥

(४२५) विश्व दक्षिणः

सबै भन्दा ताकत भै अथवा सब काममा ॥
सिपालू भइबक्सिन्छ विश्वदक्षिण नाममा ॥ ४२४ ॥

(४२६) विस्तारः

समस्त लोक फैलिन्छ भगवांमा प्रशस्त नै ॥
यसैले प्रभुको नाम विस्तार सम्झनु छ यै ॥ ४२५ ॥

(४२७) स्थावर स्थाणु

स्थितिशील प्रभु वीच स्थिर छन् पृथिवीहरू ॥
तसर्थ स्थावर स्थाणु हरिको नाम संझिनु ॥ ४२६ ॥

४२८ प्रमाणम्

भगवान् होइबक्सिन्छ साराका ज्ञान रूपको ॥
तस्मादी इश्वरको नाम प्रमाण सम्झनु निको ॥ ४२६ ॥

(४२६) ❀ वीजमव्ययम

यसो नै नहुनु पर्ने उसो नै नभई नभै ॥
संसार कारण प्रभु वीजमव्ययखास हैं ॥ ४२७ ॥

(४३०) अर्थः

सुखरूप भई सब्ले बिनति गरिबक्सने ॥
हरिको नाम हो अर्थ संझनु योग्य सम्भिने ॥ ४२८ ॥

(४३१) अनथः

भगवान्को पूर्णकाम सर्वत्र तीन कालमा ॥
भैन केही जरुरत् छन् अनर्थ हरि नाममा ॥ ४२६ ॥

(४३२) महाकोशः

अन्नमय आदिकोश भगवान्लाई ढाक्तछन् ॥
तस्मात् महाकोश भन्ने प्रभुको नाम जप्तछन् ॥ ४३० ॥

(४३३) महाभोगः

सुखरूप महाभोग देखिन्छ भगवानको ॥
अनि महाभोग भन्ने नाम भो भगवानको ॥ ४३१ ॥

(४३४) महाधनः

ठूलो भोग दिने जस्को धनसम्पत्ति देखिदा ॥
महाधन कहेको छ सम्झनु पर्छ सर्वदा ॥ ३२ ॥

❀ अन्यथा भाव कारण हुनाले

(४३५) अनिर्बिराएः

उदासीनपना छैन पाई सम्पूर्ण कामन ॥
अनिर्विएण कहेको हो प्रभुको नाम संभ्कन ॥ ४३३ ॥

(४३६) स्थविष्ठः

परमेश्वरको माथ अग्नि हो चन्द्र सूर्य यी ॥
नत्रवै राजको रूपले स्थविष्ठ हरि रही ॥ ४३४ ॥

(४३७) अभूः (भू)

प्रभुको जन्म छैन अभू भन्छन् सबै जन ॥
अथवा भन्दछनू भूनै भएर सब जन्मन ॥ ४३५ ॥

(४३८) धर्मयूपः

मौलोमा पशु बाधे भैँ समाराधन रूपको ॥
धर्म ईश्वरमा बाँधी भगवान धर्म यूपको ॥ ४३६ ॥

(४३९) महामूखः

प्रभुमा नै चढाएका यज्ञ निर्वाण रूपको ॥
फल दिन्छन् भई ठूलो महामख छ नामको ॥ ४३७ ॥

(४४०) नक्षत्रनेमिः

शिशुमा र हृदयमा चक्रको नेमिभैँ धृत ॥
ज्योतिश्चक्र चलाएर नक्षत्र नेमिनै धृत ॥ ४३८ ॥

(४४१) नक्षत्री

चन्द्र रूप भई विष्णु नक्षत्री सब भन्दछन् ॥
नक्षत्राणा महंशशी गीतामा सब भन्दछन् ॥ ४३९ ॥

(४४२) क्षमः

सारा काम गर्न सक्ने सहने पृथिवी सम ॥
भएर प्रभुको नाम मुखले भन्दछौं क्षम ॥ ४४० ॥

(४४३) क्षामः

विकार नाश हुन गै भगवान् आत्म भावले ॥
रहिबक्सिन्छ भगवान् क्षाम यो प्रभु नामले ॥ ४४१ ॥

(४४४) समीहनः

सृष्टिस्थिति आदि गर्न लागि पर्ने यथार्थमा ॥
समीहन कहेको छ संझनु पर्छ चित्तमा ॥ ४४२ ॥

(४४५) यज्ञः

यज्ञको रुपले सारा देव सन्तुष्ठ पार्ने ॥
भई सर्व यज्ञ रूप भजौं यो यज्ञ नामले ॥ ४४३ ॥

(४४६) इज्यः

भगवान पुजनु पर्छ यसैले इज्य नाम हो ॥ ४४४ ॥

(४४७) महेज्यः

पूजिने देव सबमा मोक्ष दान दिने हुन ॥
महेज्य प्रभु भै बक्सी पूजिनु पर्छ सब्दिन ॥ ४४५ ॥

(४४८) ऋतुः

मौलो सहितको यज्ञ कहिन्छ ऋतु नामको ॥
त्यसैले रूप हरिको भनिन्छ ऋतु नामको ॥ ४४६ ॥

(४४९) सत्रम

सत् अर्थात् कार्य रूपको यो जगत्देखि पाल्ने ॥
विधिरूप् धरी पाई कहिन्छ सत्र नामको ॥ ४४७ ॥

(४५०) सतांगतिः

भगवान्लाइ छोडेर छैन सज्जनको गति ॥
यसैले प्रभुको नाम कहेको छ सतांगति ॥ ४४८ ॥

(४५१) सर्वदर्शी

मामुली ज्ञानले म'त्र कर्म और अकर्मको ॥
प्राणीको देखिबक्सिन्छ सर्वदर्शी गरौंनति ॥ ४४९ ॥

(४५२ विमुक्तात्मा

स्वभावैले छ जसको आत्मामुक्त भई अति ॥
भगवान् भइबक्सिन्छ विमुक्तात्मा भजौं अति ॥ ४५० ॥

(४५३) सर्वज्ञः

भएर नै सब उही अनि ज्ञान स्वरूप भै ॥
परमात्मा प्रभु उनै सर्वज्ञ भनिइन्छ नै ॥ ४५१ ॥

(४५४) ज्ञानमुत्तमम्

ठूलो अटूट जसको ज्ञान साधक छन् अति ॥
ज्ञान उत्तम यो नाम उनको सम्झनु अति ॥ ४५२ ॥

(४५५) सुव्रतः

जो मेरो शरण आएर प्रभुको हुँ म भन्दछ ॥
दिन्छु त्यसलाई अभय भन्ने हो प्रभु सुव्रत ॥ ४५३ ॥

(४५६) सुमुखः

पाइने राज्य छोड़ेर झट्टै जान पनि बन ॥
सुमुख प्रभुको भन्छन् प्रसन्न मुख भैकन ॥ ४५४ ॥

(४५७) सूक्ष्मः

शब्द स्पर्शादिका स्थूल कारण शून्य भै अनि ॥
सर्वत्र गति भै सूक्ष्म सूक्ष्म रूप भनौं पनि ॥ ४५५ ॥

(४५८) सुघोषः

भगवान्‌को वेदतुल्य अति राम्रो अवाज छ ॥
अथवा मेघको तुल्य सुघोष प्रभु नाम छ ॥ ४५६ ॥

(४५९) सुखदः

सदाऽऽचारीहरूलाई सुखदी बक्सिने अति ॥
सुखद प्रभु हो खास दुष्टको गर्दिने खति ॥ ४५७ ॥

(४६०) सुहृत

विना मतलबको वास्ता नगरेर पराइको ॥
उपकार चलाएर सुहृत् छ हरिनामको ॥ ४५८ ॥

(४६१) मनोहरः

ज्यादा भै सुखको रूप मनका हरने सब ॥
मनोहर कहेको यो नामको सम्झनू अब ॥ ४५९ ॥

(४६२) जितक्रोधः

मर्यादा वेदको राख्न मात्र क्रोध गरि लिने ॥
जल्ने क्रोध जितेको छ जित क्रोध छ सम्झने ॥ ४६० ॥

(४६३) वीरबाहुः

देवशत्रुहरू मारी मर्यादा वेदको सब ॥
स्थापने वाहु प्रभुको वीरवाहु भनौं अब ॥ ४६१ ॥

(४६४) विदारणः

अधर्मीलाई चीरेर राख्ने यो भगवानको ॥
भई स्वभाव ज्यादा नै विदारण नाम यो ॥ ४६२ ॥

(४६५) स्वापनः

मायाले नै आत्म ज्ञान रूपको नाश गर्दिने ॥
स्वापन प्रभुको नाम कहेको अब सम्झने ॥ ४६३ ॥

(४६६) स्ववशः

उत्पत्ति स्थितिलयको कारण प्रभु नै भई ॥
आफै स्वतन्त्र स्ववश नामको म जपूँ यही ॥ ४६४ ॥

(४६७) व्यापी

आकाशको तुल्य सर्व व्यापी भै प्रभु ईश्वर ॥
यसैले प्रभुका नाम व्यापी यो मान्नु पर्दछ ॥ ४६५ ॥

(४६८) नैकात्मा

जगदुत्पत्ति आदिमा नानाशक्ति लिइकन ॥
विभूतिले राज हुने नैकात्मा गर्न चिन्तन ॥ ४६६ ॥

(४६९) नैककर्मकृत्

विपत्ति अनि सम्पत्ति उत्पत्ति यी गरिकन ॥
भनिन्छ नैककर्मकृत नामको गर्नु चिन्तन ॥ ४६७ ॥

(४७०) वत्सरः

यो देखिने भवसब उनैमा बस्तछन् भन ॥
यसले हरिको नाम वत्सर सम्झदौं भन ॥ ४६८ ॥

(४७१) वत्सलः

आफ्ना भक्तहरूलाई गरिबक्सन्छ स्नेहन ॥
वत्सल प्रभुको नाम गर्नु पर्दछ चिन्तन ॥ ४६९ ॥

(४७२) वत्सी

जगत्पिता प्रजाको भै प्रजावत्स स्वरूप भै ॥
वत्सी यो प्रभुको नाम जपौं यो एकचित्त भै॥ ४७० ॥

(४७३) रत्नगर्भः

गर्भमा रत्न जस्को छ समुद्रसरि विष्णुको ॥
प्रभुको जप्तछन् सारा रत्नगर्भ सुनामको ॥ ४७१ ॥

(४७४) धनेश्वरः

कुबेर धनका स्वामी भगवान् भइबक्सदा ॥
धनेश्वर कहेको यो प्रभुको नाम हो सदा ॥ ४७२ ॥

(४७५) धर्मगुव्

धर्मको स्थापना गर्ने हुन्छु भन्ने बमोजिम ॥
धर्मको पालना गर्ने धर्मगुव भन्नु दिंदिन ॥ ४७२ ॥

(४७६) धर्मकृत्

अधर्म धर्मले शून्य भएर पनि दिन्दिन ॥
मर्यादा धर्मको राख्ने धर्मकृत् सम्झ दिदिन ॥ ४७४ ॥

(४७७) धर्मी

सारा जगतको धर्म जसले यो खडा छन ॥
यस्तो धर्म अडाएर धर्मी प्रभु भनिन्छन ॥ ४७५ ॥

(४७८) सत्:

सत्त्व रूप परब्रह्म यो नै सत् कहलाउँछ ॥
"सदैव सौम्येदं" भन्ने वेदले सत बुझाउँछ ॥ ४७६ ॥

(४७९) असत्

प्रपञ्चरूप भगवान् मायाले युक्त भै दृढ ॥
असत् यो नै कहलिन्छ खुसीसाथ परिवृढ ॥ ४७७ ॥

(४८०) क्षरम्

क्षर हूँ सकलभूत गीतोक्तिको बमोजिम ॥
क्षर हो प्रभुको नाम गरौं यो सब चिन्तन ॥ ४७८ ॥

(४८१) अक्षरम

कूटस्थ अक्षर प्रभु हुनुहुन्छ भगवानको ।
अक्षर प्रभुको नाम चिन्तना गर्दछु निको ॥ ४७९ ॥

(४८२) अविज्ञाता

महूं आदि वासनाले विज्ञाता ढाकिए सब ॥
यसैको सबका उल्टो अविज्ञाता भनौं अब ॥ ४८० ॥

(४८३) सहस्रांशु:

जसको तेजले सूर्यतापी बक्से बमोजिम ॥
हजारौं किरण छन् सहस्रांशु उनै हुन ॥ ४८१ ॥

(४८४) विधाता

सबका धारणा गर्नें शेषदिग्गज आदिका ॥
धारणा गरिबक्सिन्छ विधाता यो भ सदा ॥ ४८२ ॥

(४८५) कृतलक्षणः

भगवानले बताएको वेदशास्त्र सबै हुन ॥
यसैले प्रभुको नाम कृत लक्षण सम्झन ॥ ४८३ ॥

(४८६) गभस्तिनेमिः

गभस्तिका चक्रबीच रहेका सूर्य रूपले ॥
गभस्ति नेमि प्रभुको मसम्झूं एक भावले ॥ ४८४ ॥

(४८७) सत्त्वस्थ

सत्त्व प्रकाशक गुण मुख्य भै सब प्राणीमा ॥
रहिबक्सिन्छ भगवान् सत्त्वस्थ लिनु चित्तमा ॥ ४८५ ॥

(४८८) सिंहः

पराक्रमी सिंह जस्तो अथवा भै नृसिंहको ॥
सिंह यो नाम प्रभुको सम्झनु जगदीशको ॥ ४८६ ॥

(४८९) भूतमहेश्वरः

भूतका अथवा भूतसत्यको प्रभु ईश्वर ॥
भइबक्सिन्छ यसले हरिभूत महेश्वर ॥ ४८७ ॥

(४९०) आदिदेवः

गर्ने भएर आदान अर्थात् भूतहरू लिने ॥
देव प्रभु हुँदा खास आदि देव छ सम्झने ॥ ४८८ ॥

(४६१) महादेवः

समस्त भावको छोडी ऐश्वर्य ज्ञान युक्तको ॥
महिमा प्रभुको जप्छौं महादेव छ नामको ॥ ४८९ ॥

(४६२) देवेशः

देवताहरूमा मुख्य देवेश गर्छु वन्दन ।' ४९० ॥

(४६३) देवभृद्गुरुः

पालने देवतालाई ईन्द्रका पनि शासक ॥
भएर भगवान् खास देवभृद्गुरू नामक ॥ ४६१ ॥

(४६४) उत्तरः

जन्म वन्धनले मुक्त भएर सब उत्तर ॥
नाम यो श्रुतिले भन्छ बिश्वस्मादिन्द्र उत्तर ॥ ४६२ ॥

(४९५) गोपतिः

गाईका पालना गर्ने गोपको वेषको धरी ॥
पृथ्वीका मालिक भे गोपति प्रभु नै हरि ॥ ४९३ ॥

(४६६) गोप्ता

पालना भूतका गर्नं जगद्रक्षक यो हुनै ॥
यसैले प्रभुको राख्छौं गोप्ता नाम छ सुचित्त मै॥ ४६४॥

(४६७) ज्ञानगम्यः

दुवै मिली ज्ञानकर्म अथवा खालि कर्मले ॥
न जानिन्छ ज्ञानगम्य जानिने ज्ञान मात्रले ॥ ४६५ ॥

(४६८) पुरातनः

कालले नाप्न नसक्ने भएर सवका अघि ॥
राज भै बक्सिइन्थ्यो पुरातन सुनाम ली ॥ ४६६ ॥

(४६६) शरीर भूतभृत् :

शरीर रचना गर्ने भूतका प्राण रूपले ॥
पाल्ने शरीर भतभृत् सम्झनु पर्छ चित्तले ॥ ४६७ ॥

(५००) भोक्ता

परमानन्द आनन्द पुञ्जको सव भोग्ने ॥
अनि उनै पाल गर्ने भोक्ता यो नाम संम्झने॥ ४६८ ॥

पञ्चशतकम्

(५०१) कपीन्द्रः

वराहको रूपधारी अथवा रघुनाथजी ॥
भई वानरका स्वामी कपीन्द्र सम्झ चित्त दी ॥ ४६८ ॥

(५०२) भूरिदक्षिण

देखाई धर्म मर्यादा गराएमा अनिक्रतु ॥
दक्षिणा पाई वहुत भूरि दक्षिण भन्दछु ॥ ४९६ ॥

(५०३) सोमपः

सकल यज्ञमा देव रूपले पूजनीय भै ॥
सोमपान गरिबक्सी सोमप भन्दछौं सवै ॥ ५०० ॥

(५०४) अमृतः

आत्मारूप सुधापान गरिबक्सो उनै विभु ॥
दैत्य देखि वचाउन्छन् उनै अमृत न प्रभु ॥ ५०१ ॥

(५०५) सोमः

सोम रूप औषधिका पोषण गरिबक्सिदा ॥
शिवरूप उमासत्य सम्झन्छौं सोमको सदा ॥ ५०२ ॥

(५०६) पुरुजित्

लडाईमा धेरलाई जितिबक्सेर विष्णुको ॥
पुरुजित् कहिएको छ नाम यो संझ नुनिको ॥ ५०३ ॥

(५०७) पुरुसत्तमः

विष्णु रूप प्रभु भई उत्कृष्ट भइबक्सने ॥
विनय प्रभुको नाम गर्नु याद सुसम्झने ॥ ५०४ ॥

(५०८) जयः

सब ब्रह्माण्डहरूका भूतलाई जितिकन ॥
जय यो प्रभुको नाम रहेको गर्नु सम्झन ॥ ५०६ ॥

(५०९) विनय

खराब दुनियाँलाई सजाँय दिइबक्सने ॥
विनय प्रभुको नाम हुनु पर्दछ सम्झने ॥ ५०५ ॥

(५१०) सत्यसन्धः

भगवांले यसो गर्नु भन्ने यो गरिबक्सिदा ॥
प्रभुको नामको सत्यसन्ध सम्झनु सर्वदा ॥ ५०६ ॥

(५११) दाशार्हः

दशार्ह कुल उत्पन्न अथवा दानयोग्य भै ॥
दाशार्ह प्रभुको नाम सम्झनु एकचित्त भै ॥ ५०७ ॥

(५१२) सात्वतांपतिः

प्रभुनै सात्त्वततन्त्र बनाई योग क्षेमका ॥
रचना गरिबक्सन्छ सात्वतांपति नामका ॥ ५०८ ॥

(५१३) जीवः

क्षेत्रज्ञ रूपले प्राण धारण गरिबक्सने ॥
जीव हो प्रभुको नाम संझनु एक भावले ॥ ५०९ ॥

(५१४) विनीयता साक्षी

आत्मा बाहेक अरुका नगरिकन दर्शन ॥
साक्षात् प्रजाविनय देख्ने साक्षी विनयिता हुन॥ ५१० ॥

(५१५) मुकुन्दः

ज्ञानीजन मरेकामा ज्ञान साधन लीकन ॥
मुक्तिदिने प्रभुको छ मुकुन्द नाम सम्झन ॥ ५११ ॥

(५१६) आमतविक्रमः

हरिको तीन पाउको विन्यास अनि विक्रम ॥
इयत्ता नभई भन्छौं नाम अमित विक्रम ॥ ५१२ ॥

(५१७) अम्भोनिधिः

अम्भ आदि सर्वदेव छन् रहेका श्री विष्णुमा ॥
अम्भोनिधि प्रभो भ छन् प्रभुको नाम गन्तिमा॥ ५१३ ॥

(५१८) अनन्तात्मा

देशकाल वस्तुहरूले नै सकिन्छ नमापिन ॥
अनन्त प्रभुको आत्मा अनन्तात्मा कहिन्छन ॥ ५१४ ॥

(५१९) महोदधिशयः

सारा भूत उडाएर पानीमय जगत् गरी ॥
समुद्र वीचमा सुत्ने महोदधि शयोहरि ॥ ५१५ ॥

(५२०) अन्तकः

महा प्रलयमा भूतका अन्त गरिवक्सने ॥
अन्तक प्रभुको नाम मनले पर्छ सम्झने ॥ ५१६ ॥

(५२१) अजः

कामदेव विष्णु देखि जानी यी बकसँदा अनि ॥
अजयो प्रभुको भन्छौं संभनु नाम यो पनि ॥ ५१७ ॥

(५२२) महार्हः

पूजिन लायक हरि हुनुहुन्छ महार्ह नै ॥ ५१८ ॥

(५२३) स्वाभाव्यः

सधैं पैदा भएकोले स्वभावैले न जन्मिई ॥
स्वाभाव्य प्रभुको नाम भन्दछौं एक चित्त दी ॥ ५१९ ॥

(५२४) जितामित्रः

जल्ले रागद्वेष आदि रावणादि समेतको ॥
शत्रुहरू जितेका छन् जितामित्र उनै विभो ॥ ५२० ॥

(५२५) प्रमोदनः

आत्मारूप अमृतका स्वाद ली नित्य खुस भे ॥
ध्यानले मात्र खुसी भै प्रमोदन भनिन्छ यै ॥ ५२१ ॥

(५२६) आनन्दः

आनन्द रूप हरिको लिई आनन्द भागको ॥
आनन्द भगवांको छ नाम यो संझनु निको ॥ ५२२ ॥

(५२७) नन्दनः

आफू आनन्दको रूप सुखी सव तुल्याउन ॥
नन्दन प्रभुको नाम खुसी भै गर्नु चिन्तन ॥ ५२५ ॥

(५२८) नन्द (अनन्दः)

सव प्रकार सिद्धिले युक्त भै भगवानमा ॥
छैन विषय आनन्द नन्द अनि अनन्दमा ॥ ५२४ ॥

(५२९) सत्यधर्मा

भगवान्को धर्म ज्ञानगुण थी सत्यसत्य छन् ॥
सत्य धर्मा यसैले नै हरिको नाम भन्दछन् ॥ ५२५ ॥

(५३०) त्रिविक्रमः

भगवांको तीनपाउ व्याप्त भो तीन लोकमा ॥
यसैले प्रभुको नाम होस् त्रिविक्रम चिन्तना ॥ ५२६ ॥

(५३१) महर्षि कपिलाचार्यः

सम्पूर्ण वेदको जान्ने कपिला चार्य हूँ हरि ॥
महर्षि कपिला चार्य यिनैको वस्तु ध्यान द्दी ॥ ५२७ ॥

(५३२) कृतज्ञः

कार्यको रूप कृत हो आत्माकृत भई हरि ॥
कृतज्ञ पनि हो नाम संझनु दिलले यही ॥ ५ ८ ।

(५३३) मेदिनीपतिः

पृथ्वीको मालिक भई प्रभु नै मेदिनी पति ॥ ५२९ ॥

(५३४) त्रिपदः

भगवान्को तीन पाउ भई त्रिपद नै प्रभु ॥ ५३० ॥

(५३५) त्रिदशाध्यक्षः

जाग्रत् स्वप्न सुखुप्ति हुन गुणका वशले सब ॥
भएर उनका स्वामी त्रिदशाध्यक्ष भो तब ॥ ५३१ ॥

(५३६) महाश्रृंगः

माछाको रूपली डुँगा बाँधेर लय सिन्धुमा ॥
ठूलो श्रृंग महाँ खेल्दा महाँ श्रृंग छ नाममा॥ ५३२ ॥

(५३७) कृतान्तकृत्

जगत्को संहार गरने, अथवा मृत्यु गर्दिने ॥
मृत्युको हुन नदिने. कृतान्तकृत् छ, संझिने ॥ ५३३ ॥

(५३८) महावराहः

ठूलो वँदेलको रूप लिई बक्से छ बिष्णुले ॥
महा वराह यो नाम जपौं यो एकतानले ॥ ५३४ ॥

(५३९) गोविन्दः

प्रभुलाई प्राप्त गर्छन् बाणी र वेद मन्त्रले ॥
यसैले प्रभुको नाम गोविन्द भन्नु चित्तले ॥ ५३५ ॥

(५४०) सुषेणः

जस्को फौज उद्धवादि रूप पार्षद देखिंदा ॥
सुषेण प्रभुको भन्छन् नामको सम्झनु सदा ॥ ५३६ ॥

(५४१) कनकांगदी

यस नम्री सुनका छन् बाजू ह्वि वीच वाहुली ॥
यसैले प्रभुको नाम भन्दछन् कनकांगदी ॥ ५३७ ॥

(५४२) गुह्यः

हृदयाऽऽकाश वीच लुकेका वारहस्यकें ॥
बेदका मन्त्रले जान्ने गुह्य यो नाम विष्णुको ॥ ५३८ ॥

(५४३) गभीरः

ज्ञान ऐश्वर्य र वल पराक्रम यी आदिले ॥
गम्भीर भई वक्सिन्छ गभीर हरि नामक ॥ ५३९ ॥

(५४४) गहनः

बड़ो कठिनता साथ हरि छन् गम पाइने ॥
भाव अभावका साक्षी हुँ हरि गम पाइने ॥ ५४० ॥

(५४५) गुप्तः

वचन र मानसले नभेट्टिन्छ जगत्प्रभु ॥
यसैले प्रभुको भन्छन् गुप्त यो नाम संझिनु ॥ ५४१ ॥

(५४६) चक्रगदाधरः

मनस्तत्त्व रूप चक्र गदा हो बुद्धितत्त्वको ॥
दुवैको धारणा गर्ने नामचक्र गदाधर ॥ ५४२ ॥

(५४७) वेधाः

यो चराचर सृष्टिको विधान गरिबक्सने ॥
वेधा यो प्रभुको नाउँ तल्लीन भई सम्झने ॥ ५४३ ॥

(५४८) स्वाङ्गः

काम गर्ने साथ हिड्दा सहकारी स्वरूको ॥
प्रभु भइबक्सिन्छ स्वाङ्ग यो नाम ली निको ॥ ५४४ ॥

(५४९) अजितः

यत्ति अवतारादिमा न जित्न सक्तछन् कुनै ॥
यसैले प्रभुको नाम अजित भन्दछन् सबै ॥ ५४५ ॥

(५५०) कृष्णः

महाभारतको गर्ने कृष्णजी व्यास नै हुन ॥
यसैले प्रभुको नाम कृष्ण भन्ने छ चिन्तन ॥ ५४६ ॥

(५५१) दृढः

स्वरूप र ताकतका कैल्हे हुन्न पनि च्युति ॥
यसैले प्रभुको नाम दृढ को गर्दछौं स्मृति ॥ ५४७ ॥

(५५२) संकर्षणोऽच्युतः

संहारको समयमा आकर्षण गरि लिई ॥
च्युति नभै बक्सिइन्छ नाम संकर्षणोऽच्युत ॥ ५४८ ॥

(५५३) वरुणः

संध्याकाल किरणका संकोच गरिबक्सने ॥
सूर्य प्रभु वरुण हो नामको हुनु सम्झने ॥ ५४६ ॥

(५५४) वारुणः

वरुण ऋषिका पुत्र वसिष्ट या अगस्त्य हुन् ॥
भई यी रुप प्रभुका वारुण नाम योत झन् ॥ ५५० ॥

(५५५) वृक्षः

अचल भावले राज वृक्ष जस्तो भइकन ॥
वृक्ष यो प्रभुको नाम गर्नु पर्दछ चिन्तन् ॥ ५५१ ॥

(५५६) पुष्कराक्षः

नजर कमल जस्तो जस्को छ देखिने उन ॥
प्रभु हरिहोइबक्सि पुस्कराक्ष म सम्झुन ॥ ५५२ ॥

(५५७) महामनाः

सृष्टिस्थिति अन्त अनि यी कर्म मनले गरी ॥
महामना प्रभुको छ सम्झनु दिलले धरी ॥ ५५३ ॥

(५५८) भगवान्

भूतका आउनु जानु अनि उत्पत्ति नाशको ॥
बिद्या और अविद्याका जानने भगवानको ॥ ५५४ ॥

(५५९) भगहा

संसारको समयमा ऐश्वर्य आदि नाशन ॥
गरिबक्सिन्छ भगवान् भगहा नाम लोकन ॥ ५५५ ॥

(५६०) आनन्दी

भएर सुखको रूप सर्वसम्पत्ति युक्त भै ।।
आनन्दी प्रभुको नाम सम्झनु एक चित्त भै ।। ५५६ ।।

(५६१) वनमाली

भूततन्मात्राहरुले वनेको वैजयन्तीको ।।
वनमाला लिइबक्सी वनमाली भनिन्छ्यौ ।। ५५७ ।।

(५६२) हलायुधः

हल नै जसको शस्त्र छ उनै वलरामको ।।
स्वरुप भगवान् खास प्रभु नै हो हलायुध ।। ५५८ ।।

(५६३) आदित्यः

अदिति गर्भबाट वामन रूपले जुन ।।
ऋषिकश्य पजीद्वारा जन्मी आदित्य भो उन ।। ५५९ ।।

(५६४) ज्योतिरादित्यः

सूर्य मण्डल भित्र भै ज्योतिमा रहने जुन ।।
ज्योतिरादित्य भगवान् राख्नु यो मनमा लिन ।। ५६० ।।

(५६५) सहिष्णुः

सहिबक्सिन्छ शीतोष्ण आदिका द्वन्दका सब ।।
यसैले प्रभुको नाम सहिष्णु भन्दछौं अब ।। ५६१ ।।

(५६६) गतिसत्तमः

सबभन्दा श्रेष्ठ देखि गति छ भगवानको ।।
यसैले हरिको नाम गतिसत्तम देखियो ।। ५६२ ।।

(५६७) सुधन्वा

भगवान्‌को शृंगको छ राम्रो किसिमको धनु ॥
सुधन्वा प्रभुको नाम यसैले अत्र सम्झनु ॥ ५६३ ॥

(५६८) खण्ड परशुः (अखण्ड परशु)

शत्रुका खण्डन दिने परशुराम रूपका ॥
बञ्चरो नै खण्ड भन्छन् खण्ड परशुरामका ॥ ५६४ ॥

(५६९) दारूणः

सन्मार्गका विरोधीका कठोर भइबक्सिसदा ॥
दारूण प्रभुको नाम सम्झनु ध्यानले सदा ॥ ५६५ ॥

(५७०) द्रविणप्रदः

भक्तले चाह मानेका धनसम्पत्ति बक्सिसदा ॥
द्रबिण पद्यो नाम हरिको सम्झनु सदा ॥ ५६६ ॥

(५७१) दिविस्पृक्

स्वर्गलाई स्पर्श गरी रहिबक्सिन्छ ईश्वर ॥
यसैले प्रभुको नाम दिवस्पृक् भन्दछन सब ॥ ५६७ ॥

(५७२) सर्वदृग्व्यासः

सम्पूर्ण ज्ञान फैलाई रहने व्यासजी जुन ॥
उनै हरि हुँदा सर्वदृग्व्यास नाम सम्झुन ॥ ५६८ ॥

(५७३) वाचस्पति र योनिजः

विद्याका पति मै आफै नभई मातृ सम्भव ॥
नाम यी प्रभुको भन्छौ वाचस्पति र योनिज॥ ५६९ ॥

(५७४) त्रिसामा

सामवेद गान गर्नेहरूले तीन सामले ॥
स्तुतिगरि लिएका जुन् त्रिसामा जान्नु नामले॥ ५७० ॥

(५८०) सामगः

भगवान् श्रीवेद जान्ने रूचाएर प्रशस्त नै ॥
सामगान गरिबक्सी सामग ख्यात नाम नै ॥ ५७१ ॥

(५७६) साम

चारवेद विषेसाम महूँ भन्ने भनाइको ॥
बमोजिम साम प्रभु हरिको ख्याति नाम हो॥ ५७२ ॥

(५७७) निर्वाणम्

न भएर दुःखसब परमानन्द रूपको ॥
ब्रह्मवस्तु प्रभु हुँदै निर्वाण हरि नामको ॥ ५७३ ॥

(५७८) भेषजम्

संसार रोगहरूका औषधि हरि नै हुने ॥
यसैले भेष भनी हरिको नाम संभुन ॥ ५७४ ॥

(५७९) भिषक्

संसार रोगका शान्ति गर्दु भो उपदेश दी ॥
वैद्यमा नै राजबैद्य भन्छ वेद भिषक् हरि ॥ ५७५ ॥

(५८०) संन्यासकृत्

मोक्षको निम्तिमा चारौं संन्याऽऽश्रमको दिंदा ॥
प्रभुको नाम सन्यास कृत्को यो संझनु सदा ॥ ५७६ ॥

(५८१) शमः

संन्यासीका ज्ञान निति शमको उपदेशले ॥
शमयो प्रभुको नाम संझनु पर्छ चित्तले ॥ ५७७ ॥

(५८२) शान्तः

"निष्कलंनिष्क्रियं शान्तं" वेदले भन्नुहुन्छ यो ॥
विषयाऽऽनन्दमा सक्त नभई शान्त नाम हो ॥ ५७८ ॥

(५८३) निष्ठा

लयका कालमा प्राणी सर्वथा भगवानमा ॥
स्थित भै रहिबर्किसन्छ निष्ठा छ प्रभु नाममा॥ ५७९ ॥

(५८४) शान्तिः

सर्वाऽविद्या नाश गर्ने शान्तिको रूप ब्रह्मको ॥
यही शान्ति प्रभुको छ शान्तिको ध्यान गर्नु यो ॥५८०॥

(५८५) परायणः

पर्दैन फर्कनु पर्ने उत्कृष्ठ जुन स्थान छ ॥
यसैले प्रभुको नाम परायण भनेर छ ॥ ५८१ ॥

(५८६) शुभाङ्गः

राम्रो देह धारणले भन्दछौं भगवानको ॥
शुभाङ्ग प्रभुको नाम राम्ररी सम्झनु निकी ॥ ५८२ ॥

(५८७) शान्तिद।

रागद्वेषादिले मुक्त भई शान्ति दिने सब ॥
यसैले प्रभुको नाम सम्झनु नित्य शान्तिद ॥ ५८३ ॥

(५८८) स्रष्टा

सृष्टिको आदिमा सारा भूतका रचना गरी ॥
चलेको प्रभुको नाम स्रष्टाको लिनु ध्यान दी ॥ ५८४॥

(५८९) कुमुदः

कु अर्थात् पृथिवी बीच हर्षमा रहने जुन ॥
कुमुद प्रभुको नाम राखनु मनका बीच ॥ ५८५ ॥

(५९०) कुवलेशयः

पृथिवी घेरने पानीलाई कुवल भन्दछन् ॥
भएर उसमा सुकला कुवलेशय भन्दछन् ॥ ५८६ ॥

(५९१) गोहितः

गाइको वृद्धिको निम्ति गोवर्द्धन उठाउने ॥
उतारी पृथ्वीको भार गोहित प्रभु सम्झने ॥ ५८७ ॥

(५९२) गोपतिः

असीमित पृथ्वी जति उनका पति भैकन ॥
गोपति प्रभुको नाम सम्झनु दिलदिकन ॥ ५८८ ॥

(५९३) गोप्ता।

रक्षा गर्ने जगतको मायाले आफ्नु ढाकिने ॥
गोप्ता यो प्रभुको नाम सम्झनु लीन भावले ॥ ५८९ ॥

(५६४) वृषभाक्षः

भगवान्‌को नजर छ धर्मले मात्र साथको ॥
यसैले प्रभुको नाम वृषभाक्ष सुनामको ॥ ५६० ॥

(५६५) वृषप्रिय।

वृष अर्थात् धर्म जस्को प्यारो छ उहिनै हरि ॥
वृषप्रिय कहेको छ राख्नु यो मनले धरी ॥ ५६१ ॥

(५६६) अनिवर्त्ती

नहट्‌ने संग्राम देखि यद्वा भै धर्मको प्रिय ॥
धर्मबाट विमुख नभै अनिवर्त्ती प्रभु प्रिय ॥ ५९२ ॥

(५६७) निवृत्तात्मा

विषय देखि छुट्‌टेको भगवान् नै भईकन ॥
निवृत्तात्मा कहेको छ संझनु दृढ़ तन्मन ॥ ५६३ ॥

(५६८) संक्षेप्ता

संहारको समयमा फैलिएको सबै जगत ॥
सूक्ष्म संक्षेप गरने संक्षेप्ता प्रभु हो फगत् ॥ ५९४ ॥

(५६९) क्षेमकृत

प्राप्तभेका बस्तुहरू गरिबक्सिन्छ रक्षण ॥
यसैले प्रभुको नाम क्षेमकृत् यो छ चिन्तन ॥ ५६५ ॥

(६००) शिवः

आफ्नो नाम स्मरणाले पवित्र गरिबक्सने ॥
प्रभुको भन्दछन् नाम शिव यो पर्छ संझने ॥ ५९६ ॥

षष्ठशतकम् समाप्तम्

(६०१) श्रीवत्सवक्षा

भगवान्को बक्षस्थलमा श्रीवत्स नाम चिन्हछ ॥
श्रीवत्सवक्षा भन्ने यो यसैले सुप्रसिद्ध छ ॥ ५९७ ॥

(६०२) श्रीवासः

हरिको छातिमा कैल्हे नहुने नाश श्रीसब ॥
श्रीवास गरिबक्सिन्छ श्रीवास नाम भो अब ॥ ५९८ ॥

(६०३) श्रीपतिः

लक्ष्मीले सकल त्यागी पति संझेर विष्णुमा ॥
वरण गरि बक्सेमा श्रीपति गर्नु सम्झना ॥ ५९९ ॥

(६०४) श्रीमतांवरः

ऋग्यजुः सामवेद रूप श्रीयुक्त मध्यमा ॥
प्रधान भइबक्सेर श्रीमतांवर नाममा ॥ ६०० ॥

(६०५) श्रीदः

भक्तजनहरूलाई श्रीवक्सेर हरि स्वयम ॥
श्रीद यो नाम प्रभुको सम्झनु पर्छ यो छ भन् ॥ ६०१ ॥

(६०६) श्रीशः

श्री अर्थात् लक्ष्मी आमाको भएर प्रभु मालिक ॥
श्रीश यो नाम प्रभुको रह्यो यो सम्झ ख्यातिक ॥ ६०२॥

(६०७) श्रीनिवासः

श्रीमान् सकलमा नित्य राज भै बक्सने स्वयम ॥
श्रीनिवास कहेको छ प्रभुको नामध्येय भन् ॥ ६०३ ॥

(६०८) श्रीनिधिः

सवशक्ति ईश्वरमा जम्मा भै सर्वश्री तव ॥
श्रीनिधि प्रभुको नाम राखौं यो मनमा अव ॥ ६०४ ॥

(६०९) श्रीविभावनः

कर्म्मानु रूपका केयौं श्रीदिने सव भूतमा ॥
श्रीविभावन या नाम ठन्याउँ भित्र चित्तमा ॥ ६०५ ॥

(६१०) श्रीधरः

सम्पूर्ण भूतका आमा लक्ष्मीजीलाई छातिमा ॥
धारणा गरिबक्से श्रीधर छन् नाम गन्तिमा ॥ ६०६ ॥

(६११) श्रीकरः

स्तुति र स्मरण पूजा गर्ने भक्तहरूकन ॥
श्रीयुक्त गरिबक्सिन्छ नाम श्रीकर लीकन ॥ ६०७ ॥

६१२) श्रेयः

नहुन्दछ नाश कैल्हे यस्तो हो श्रेय पाउनु ॥
योनै ईश्वरको रूप यो नाम श्रेय सम्झनु ॥ ६०८ ॥

(६००) शिवः

आफ्नो नाम स्मरणले पवित्र गरिबक्सने ॥
प्रभुको भन्दछन् नाम शिव यो पर्छ संझने ॥ ५९६ ॥

षष्टशतकम् समाप्तम्

(६०५) श्रीबत्सवक्षा

भगवान्को बक्षस्थलमा श्रीवत्स नाम चिन्हछ ॥
श्रीबत्सवक्षा भन्ने यो यसैले सुप्रसिद्ध छ ॥ ५९७ ॥

(६०२) श्रीबासः

हरिको छातिमा कैल्हे नहुने नाश श्रीसव ॥
श्रीवास गरिबक्सिन्छ श्रीवास नाम भो अव ॥ ५९८ ॥

(६०३) श्रीपतिः

लक्ष्मीले सकल त्यागी पति संझेर विष्णुमा ॥
वरण गरि वक्सेमा श्रीपति गनु सम्झना ॥ ६९९ ॥

(६०४) श्रीमतांवरः

ऋग्यजुः सामवेद रूप श्रीयुक्त मध्यमा ॥
प्रधान भइवक्सेर श्रीमतांवर नाममा ॥ ६०० ॥

(६०५) श्रीदः

भक्तजनहरूलाइ श्रीवक्सेर हरि स्वयम ॥
श्रीद या नाम प्रभुको सम्झनु पर्छ यो छ भन् ॥ ६०१ ॥

(६०६) श्रीशः

श्री अर्थात् लक्ष्मी आमाको भएर प्रभु मालिक ॥
श्रीश यो नाम प्रभुको रह्यो यो सम्झ ख्यातिक ॥ ६०२॥

(६०७) श्रीनिबासः

श्रीमान् सकलमा नित्य राज भै बक्सने स्वयम ॥
श्रीनिवास कहेको छ प्रभुको नामध्येय भन्न ॥ ६०३ ॥

(६०८) श्रीनिधिः

सवशक्ति ईश्वरमा जम्मा भै सर्वश्री तव ॥
श्रीनिधि प्रभुको नाम राखौं यो मनमा अव ॥ ६०४ ॥

(६०९) श्रीविभावनः

कर्म्मानु रूपका केयौं श्रीदिने सव भूतमा ॥
श्रीविभावन या नाम ठन्याउँ भित्र चित्तमा ॥ ६०५ ॥

(६१०) श्रीधरः

सम्पूर्ण भूतका आमा लक्ष्मीजीलाई छातिमा ॥
धारणा गरिबक्से श्रीधर छन् नाम गन्तिमा ॥ ६०६ ॥

(६११) श्रीकरः

स्तुति र स्मरण पूजा गर्ने भक्तहरूकन ॥
श्रीयुक्त गरिबक्सिन्छ नाम श्रीकर लीकन ॥ ६०७ ॥

६१२) श्रेयः

नहुन्दछ नाश कैल्हे यस्तो हो श्रेय पाउनु ॥
योनै ईश्वरको रूप यो नाम श्रेय सम्झनु ॥ ६०८॥

(६१३) श्रीमान्

भगवान्मा हरेक श्रीहरू सब भराभर ॥
देखिन्दछ अनि हरि श्रीमान भै जगदीश्वर ॥ ६०९ ॥

(६१४) लोकत्रयाऽऽश्रयः

तीनलोकहरूको नै भएर प्रभु आश्रय ॥
भन्दछन् प्रभुको नाम यो हो लोकत्रयाऽऽश्रय॥ ६१० ॥

(६१५) स्वक्षः

भगवांको नजर छ पुण्डरीक समानको ॥
राम्रो तवरको यल्ले स्वक्ष यो प्रभु नाम हो ॥ ६११ ॥

(६१६) स्वङ्गः

प्रभुको आठ् अवयव अति सुन्दर वान्किका ॥
देखिन्छन् प्रभुको नाम स्वङ्ग हो नाम विष्णुका॥ ६१२॥

(६१७) शतानन्दः

एकही परमानन्द सैकडौंका उपाधिले ॥
छुट्याइन्छ सब अलग शतानन्द छ नामले ॥ ६१३ ॥

(६१८) नन्दी

भगवान परमानन्द रूपका देह धारण ॥
गरिबक्सिन्छ अब अनि नन्दी यो नाम धारण॥ ६१४॥

(६१९) ज्योतिर्गणेश्वर

आदित्यगत नै तेज महूँ भन्ने बमोजिम ॥
नक्षत्रहरूका स्वामी प्रभु ज्योतिर्गणेश्वर ॥ ६१५ ॥

(६२०) विजितात्मा

जल्ले आत्मा जितेको छ आत्मा यो मन खास हो ॥
उनै हरिको यो प्रसिद्धि बिजितात्मा सुनामको ॥ ६१६॥

(६२१) अविधेयात्मा

कुनै पनि भन्न सक्तैनन् खास हरि रुपको ॥
बिधिको रूप अविधेयात्मा हरि नाम हो ॥ ६१७ ॥

(६२२) सत्कीर्त्तिः

भगवान्को कीर्त्ति सती अर्थात छ सत्य रुपको ॥
यसैले हरिको नाम सत्कीत्ति कहिए छ यो ॥ ६१८ ॥

(६२३) छिन्नसंशयः

हातमा अमला राखी प्रत्यक्ष ज्ञान तुल्यक ॥
शङ्का छैन हरिलाई भन्दछन् छिन्न संशय ॥ ६५६ ॥

(६२४) उदीर्णः

सब प्राणीहरू देखि उत्कृष्ट भइबस्छिसदा ॥
उदीर्ण हरिको नाम संझनु पर्छ सर्वदा ॥ ६२० ॥

(६२५) सर्वतश्चक्षुः

सबैलाई चारै तर्फ चेतनाको स्वरूपले ॥
देखिबस्छिसन्छ भगवान् सर्बतश्चक्ष नामले ॥ ६२१ ॥

(६२६) अनीशः

भगवान्को ईश छैन सर्वतश्चक्षु नामले ॥
अनीश प्रभुको भन्छन् वेदको मतज्ञानले ॥ ६२२ ॥

(६२७) शाश्वतस्थिरः

भएर नै नित्य सधैं नभइकन विकृत ॥
शाष्वतस्थिर हो नाम मनमा होस यो स्थित ॥ ६२३ ॥

(६२८) भूशयः

लङ्का वीच जान मार्ग खोज्न उदधिकातट ॥
भूमिमा सुतिबक्सेर नाम भूशय भोछिट ॥ ६२४ ॥

(६२९) भूषणः

इच्छा माफिकका कैयौं अबतार लिइकन ॥
पृथ्वीलाई सिंघारेर हरिको नाम भूषण ॥ ६२५ ॥

(६३०) भूतिः

सत्ताको रूप प्रभु भै विभूतिका निदान भै ॥
भूतियो प्रभुको नाम संझनु एकचित्त भै ॥ ६२६ ॥

(६३१) विशोकः

परमानन्दको रूप भई शोक नदेखिंदा ॥
विशोक प्रभुको नाम सझनु दिलले सदा ॥ ६२७ ॥

(६३५) शोकनाशनः

भक्तले सझिना साथ तीनका दुःख नाशने ॥
शोकनाश भयो नाम हरिको पर्छ संझते ॥ ६२८

(६३३) अर्चिष्माम्

जसको किरणले सूर्य चन्द्रमा आदिदेब छनू ॥
उनै नै भगबान् साक्षात् अर्चिष्मान् नाम योग्य हुन् ६२९

(६३४) अर्चितः

ब्रह्मा आदि अर्चितले भएर प्रभु अर्चित ॥
अर्चित प्रभुको नाम हरिनै हुनु अर्चित ॥ ६३० ॥

(६३५) कुम्भः

भगवान्मा वस्तुहरू कुम्भ जस्तो खड़ा छन ॥
यसैले प्रभुको नाम कुम्भको गनु चिन्तन ॥ ६३१ ॥

(६३६) विशुद्धात्मा

गुणले नाघिए शुद्धआत्मा भैकन विष्णुको ॥
विशुद्धात्मा कहेको छ नामको सम्झनु निको ॥ ६३२ ॥

(६३७) विशोधनः

आफ्नो स्मरण मात्र पापका नाश गर्दिने ॥
विशोधन कहेको यो नामको पर्छ सम्झने ॥ ६३३ ॥

(६३८) अनिरुद्धः

चौथाव्यूहहरूमा भै अनिरुद्ध उनै प्रभु ॥
भएर प्रभुको नाम अनिरुद्ध खास नै ॥ ६३४ ॥

अथवा आफनो शत्रुहरूले नै न रोकिने ॥
अनिरुद्ध कहेको हो मनले होस यो लिने ॥ ६३५ ॥

(६३९) अप्रतिरथः

भगवान्को प्रति रथ अर्थात्तु प्रति पक्ष नै ॥
नभएर कहेको छ अप्रतिरथ नाम नै ॥ ६३६ ॥

(६४०) प्रद्युम्नः

भगवान्को द्युम्न अर्थात् धन श्रेष्ट भएर भै ॥
प्रद्युम्न प्रभुको नाम सम्झनु दिलले सधैं ॥ ६३७ ॥

(६४१) अमितविक्रमः

जस्को डग पुरुषार्थ वेजोडर अगिन्ति छ ॥
अमितविक्रम उनै यही नाम सुसेव्य छ ॥ ६३८ ॥

(६४२) कालनेमिनिहा

भगवान्ले कालनेमि नाम राक्षस मारदा ।
कालनेमिनिहा नाम रहेको यो छ सर्वदा ॥ ६३९ ॥

(६४३) वीरः

जति छन् रणमा शूरशूरमा पनि शूर भै ॥
वीर प्रभुको नाम भयो यही यो म भजूँ सधैं ॥ ६४० ॥

(६४४) शूरजनेश्वरः

ज्यादा शूर हुनाले नै ईन्द्रादि शूरमाशूर ॥
शासना गरिबक्सिन्छ भई शूर जनेश्वर ॥ ६४१ ॥

(६४५) शौरिः

शूरका कुलमा जन्म भएर भगवानको ॥
शौरि यो नाम भज्छौं म पाउँ शूरत्तानिको ॥ ६४२ ॥

(६४६) त्रिलोकात्मा

अन्तर्यामी रूपले तीनलोक ॥
सबका आत्मा भै अनि तीनलोक ॥

छुट्टा देखतैनन् उनी देखि कोही ॥
भन्छन् त्रिलोकात्मानामा हरि यी ॥ ६४३ ॥

(६४७) त्रिलोकेशः

भगवान्को अनुज्ञाले तीनलोक छ आफनो ॥
आफनो काममा लाग्ने त्रिलोकेश छ नामको ॥ ६४४ ॥

(६४८) केशव

सूर्यादिका भित्रमा ढाकिएका ।
ञैयौं रश्मिले भई युक्त खास ॥

यद्वा ब्रह्मा बिष्णु औ शक्तियिन्का ।
साथै भन्छौं केशव श्रीश नाम ॥ ६४५ ॥

(६४९) केशिहा

भगवान्ले केशी नाम असुर मारिबक्सियो ॥
यसैले प्रभुको नाम केशिहा नाम यो रह्यो ॥ ६४६ ॥

(६५०) हरिः

संसारको मूल हेतु अविद्या खास एक हो ॥
सहेतु भवको नाश गर्ने यो हरिनाम हो ॥ ६४७ ॥

(६५१) कामदेवः

धर्मादि चारका इच्छा गर्नेले कामसा लने ॥
भै अनि देव पनि कामदेव छ सम्झने ॥ ६४८ ॥

(६५२) कामपालः

अति छन् कामना गर्ने तिनका कामना सब ॥
पालना गरिबक्सेर कामपाल भजौं अब ॥ ६४९ ॥

(६५३) कामी

जसको कामना कट्ट पूरा तवर भैकन ॥
रहेको प्रभुको नाम कामी यो संझुदिन्दिन ॥ ६५० ॥

(६५४) कान्तः

ब्रह्माजीको शमवर्ष अन्तमा अन्त नै पनि ॥
यिनै प्रभुबाट हूँदा कान्त हुँ हरि नै अनि ॥ ६५१ ॥

(६५५) कृतागमः

बेदशास्त्र र विज्ञान यी जनार्दनबाट भो ॥
यसैले प्रभुको नाम कृतागम भनिन्छ यो ॥ ६५२ ॥

(६५६) अनिर्देश्यवपुः

गुणादिले अतीत भै योनै वा यीनका सब ॥
बताउन नसक्ने भै अनिर्देश्यव पुर्नमः ॥ ६५३ ॥

(६५७) विष्णुः

रोदसी अर्थात् पृथिवी आकाश आदि ढाकिई ॥
रहिबक्सिन्छ भगवान् विष्णुको नाम ख्यातली ॥ ६५४॥

(६५८) वीरः

अवतारादिमा जन्मी गति शील भइकन ॥
वीर प्रभु नाम रह्यो राम्ररी कान्ति लिकन ॥ ६५५॥

(६५९) अनन्तः

बताए बेदले ज्ञान मनन्तं ब्रह्म सन्त्रर ॥
न कसैले भेटिलिन्छ अनन्त प्रभु ईश्वरः ॥ ६५६ ॥

(६६०) धनञ्जयः

अर्जुन रूप हरिले प्रशस्त धन जीति ली ॥
दिशाको विजय गर्दा धनञ्जय भनिन्छ यी ॥ ६५७ ॥

(६६१) ब्रह्मण्यः

ब्रह्म अर्थात् तपोवेद ब्राह्मण अनि ज्ञानका ॥
हितकारी हुनाले नै ब्रह्मण्य नाम ईशका ॥ ६५८ ॥

(६६२) ब्रह्मकृत्

तप आदिहरू गर्ने प्रभुकै नाम ब्रह्मकृत् ॥ ६५९ ॥

(६६३) ब्रह्मा

ब्रह्माको रूपली सारा रचना गरिबक्सने ॥
ब्रह्मा यो प्रभुको नाम रहेको होउँ सम्झने ॥ ६६० ॥

(६६४) ब्रह्म

महान् भई बढाउन्छन सत्य आदि कलक्षण ॥
लिएर ब्रह्म भन्ने नाम यो छ विचक्षण ॥ ६६१ ॥

(६६५) ब्रह्मविवर्धन:

तप आदि बढ़ाएर रहने शील ईश्वर ॥
ब्रह्मा विबर्धन भनी प्रख्यात जगदीश्वर ॥ ६६२ ॥

(६६६) ब्रह्मबित्

वेद र वेदको अर्थ यथार्थ जान्ने हरि ॥
भएर ब्रह्मवित् नाम ब्रह्माण्ड ख्यात भा भरी ॥ ६६३ ॥

(६६७) ब्राह्मण:

ब्राह्मण रूपली साम्हा दुनियाँ प्रति वेदको ॥
शिक्षा सबर्दिई बक्सी नाम ब्राह्मण खास हो ॥ ६६४ ॥

(६६८) ब्रह्मी

तपो वेद मनप्राण आदि यी ब्रह्म नाम हुन् ॥
यी सबै भगवानमा भै ब्रह्मी यो हरिनाम हो ॥ ६६५ ॥

(६६९) ब्रह्मज्ञः

आफनै आत्मभूत वेद जानेर विष्णुको ।
ब्रह्मज्ञ यो छ प्रख्याति कहिएको सुनामको ॥ ६६६ ॥

(६७०) ब्राह्मणप्रिय:

ब्राह्मणहरूका प्यारा अथवा प्रिय बाहुन ॥
नस्का छन् उनको नाम ब्राम्हण प्रिय नै हुन ॥ ६६७ ॥

(६७१) महाक्रमः

भगवान्‌को पादचाल महान् छ सब ढाकने ॥
महाक्रम यसैले हो हरिको नाम सम्झने ॥ ६६८ ॥

(६७२) महाकर्मा

हरिको यो जगतको उपत्तिस्थिति नाशका ॥
ठूला ठूला कर्म नै छन् महाकर्मा छ नामको ॥ ६६९ ॥

(६७३) महातेजा

जसको तेजले सूर्य आदि तेजस्वी हुन्दछन् ॥
हरिको भै ठुलो तेज महातेजा भनिन्छ भन् ॥ ६७० ॥

(६७४) महोरगः

सर्पमा बासुकि हुँ म भन्ने यो भगवानको ॥
ठुलो सर्प वासुकि भै महोरग छ नामको ॥ ६७१ ॥

(६७५) महाक्रतुः

यज्ञ राट् हूं भन्नुभयो भगवान्‌ले ती वेदमा ॥
महाक्रतु नाम पनि हरिको यो छ गन्तिमा ॥ ६७२ ॥

(६७६) महायज्वा

ठूलो भै यज्ञको गर्ने लोक. संग्रह निम्तिमा ॥
महायज्वा प्रभुको छ नामको सब गन्तिमा ॥ ६७३ ॥

(६७७) महायज्ञः

यज्ञानां जप यज्ञोऽस्मि गीताको उक्ति तुल्यमा ॥
ठूलो भै यज्ञको रूप महायज्ञ छ नाममा ॥ ॥ ६७४ ॥

(६७८) महाहविः

ब्रह्मात्मा नै ब्रम्ह भावले गर्दा हवन पूर्णमा ॥
महाहवि कहेको छ नाम सम्झनु चित्तमा ॥ ६७५ ॥

(६७६) स्तव्यः

सबैले स्तुति गरिन्छ नगर्नै अरूका स्तुति ॥
यसैले प्रभुको नाम स्तव्य भन्ने छ ख्यातिको ॥ ६७६ ॥

(६८०) स्तवप्रियः

अरूले गरि एकाती स्तोत्र आदिकका सब ॥
प्रिय भै प्रभु नामै छ स्तब प्रिय स्वयं अब ॥ ६७७ ॥

(६८१) स्तोत्रम्

जसले स्तुति गरिन्छ जो गुण कीर्त्तन स्तोत्र हो ॥
उनै हुँ श्रीहरि साक्षात् यिनको सेवन योग्य हो ॥ ६७८॥

(६८२) स्तुतिः

कैयौं भक्तले गरेका अनेकौं छन् स्तुतिक्रिया ॥
उनै हुँ भगवान् साक्षात्स्तुति ख्याति लिई सदा ॥ ६७६ ॥

(६८३) स्तोता

लिई सकलको रूप बेग्ला वेग्लै सुचालको ॥
स्तुति स्वयं गरिबक्सी नसोता नाम छ बिष्णुको ॥ ६८० ॥

(६८४) रणप्रियः

जसको प्रिय लडाईं छ पाञ्चजन्य यी आदिका ॥
लिएर रणका निम्ति राज भै छ रणप्रिय ॥ ६८१ ॥

(६८५) पूर्णः

सर्वशक्ति कामनाले सम्पन्न भगबान् भई ॥
रहेको प्रभुको पूर्ण पूर्ण नाम गरौं स्मृति ॥ ६८२ ॥

(६८६) पूरयिता

खालि प्रभु पूर्ण मात्र नभइकन खासको ॥
पूर्ण गर्ने सकलमा नाम पूरयिता प्रभो ? ॥ ६८३ ॥

(६८७) पुण्यः

जल्ले संझ्यो यो भक्ति गरी तुरुन्तै पाप नाशने ॥
रूपी धातुबाट बन्यो पुण्ये यो पुण्य गर्दिने ॥ ६८४ ॥

(६८८) पुण्यकीर्तिः

पुण्यलाग्ने कीर्ति जस्को मनुष्यहरूमा प्रभो ? ॥
पुण्य दान गरिबक्सी पुण्व कीर्ति छ नाम यो ॥ ६८५ ॥

(६८९) अनामय

जति छन् कर्मजन्य भीत्रिया वाह्य जातका ॥
व्याधिले दुःखित नभै अनामय छ नामका ॥ ६८६ ॥

(६९) मनोजवः

सर्वत्र गतिको शील भएर भगबान् तव ॥
मनका वेगको तुल्य वेग भै छ मनो जव ॥ ६८७ ॥

(६९१) तीर्थकरः

चौदहौं सब विद्याका जसले सृष्टि गर्नु भो ॥
बनै हुँ भगवान् तीर्थ गर्ने तीर्थकर प्रभो ॥ ६८८ ॥

(६६७) वसुरेता

वसु अर्थात् स्वर्ण जस्को वीर्य भंकन विष्णुका ॥
वसुरेता प्रभुको यो गर्नु चिन्तन नामको ॥ ६८८ ॥

(६६३) वसुप्रदः

सुरका शत्रुका संपद् गरिबक्सिन्छ खण्डन ॥
वसुप्रद] प्रभुको छ नामको गर्नु चिन्तन ॥ ६६० ॥

(६६४) वसुप्रदः

खुला हाथ धनदिने धनस्वामी कुबेर छन् ॥
हरिकै नै कृपाले ती बसुप्रद श्री विष्णु हुन् ॥ ६६० ॥

(६६५) वासुदेवः

वसुदेव देवकीका पति हुँ कृष्णका फुका ॥
उनका पुत्र प्रभु भै वासुदेव छ नामका ॥ ६९१ ॥

(६९६) बसुः

भगवान्मा सकल भूत वस्तछन् सब भूतमा ॥
भगवान् राज भ सक्सो बसु यो राख्नु चित्तमा॥६९२॥

(६९) वसुमना

सब पदार्थहरूमा समान भाव युक्तको ॥
मन भई वसुमना लिनु यो नाम विष्णुको ॥ ६६३ ॥

(६६८) हविः

गरिन्छ ब्रम्हमा दान ब्रम्ह नै हो हवि पनि ॥
गीताको उक्तिको तुल्य हवि नै हो हरि अनि ॥ ६६४ ॥

(६९९) सद्गतिः

छनुछन्छ ब्रह्म खास भन्ने यी सब सन्त हुन् ॥
उनले पाइने विष्णु सद्गति हरिनाम हुन् ॥ ६९५ ॥

(७००) सत्कृतिः

सप्तशतकं समाप्तम्

जगत् उत्पत्ति स्थितिका अनि सकल नाशका ॥
यो नै काम श्रेष्ट भँछ सत्कृति प्रभु नामका ॥ ६९६ ॥

(७०१) सत्ता

एकमेवाऽद्वितीयं यो छान्दोग्योपनिषद्मत ॥
भेदभाव नभै विष्णु सत्ताको अनुभूतिक ॥ ६९७ ॥

(७०२) सद्भूतिः

सत्स्वरूपी परमात्मा नभइकन बाधित ॥
चहकिलो भई ज्यादै सद्भूति नाम यो स्थित ॥ ६९८ ॥

(७०३) सत्परायणः

भगवान् नै तत्त्वदर्शीहरूका स्थान मुख्य हो ॥
यसैले प्रभुको नाम सत्परायण खास हो ॥ ६९९ ॥

(७०४) शूरसेनः

जस्को फौजमा हनुमान आदि शूरहरु भई ॥
जस्को छ शूरसेना शूरसेन प्रभु उही ॥ ७०० ॥

(७०५) यदुश्रेष्ठः

यदुवंशीमा प्रधान होइबक्सिनन्छ ईश्वर ॥
यसैले प्रभुको नाम यदु श्रेष्ठ छ ईश्वर ॥ ७०१ ॥

(७०६) सन्निवासः

सत अर्थात पण्डितका भएर हरि आश्रय ॥
सन्निवास कहेको छ प्रभुको नाम निश्चय ॥ ७०२ ॥

(७०७) सुयामुनः

जस्को छ यमुना तीरमा बस्ने गोप वेषका ॥
राजा सबै चहकिला सुयामुन उनैनिका ॥ ७०३ ॥

(७०८) भूतावासः

भगवान्मा सर्वभूत मुख्य भै वरतछन् सब ॥
भूतावास यसैले नै नाम भो प्रभुको अब ॥ ७०४ ॥

(७०९) वासुदेवः

मायाले नै जगत्लाई ढाकिबक्सेर देव भै ॥
वासुदेव कहेको छ नामको संझनु छ यै ॥ ७०५ ॥

(७१०) सर्वासुनिलयः

सब प्राण जीव जुन्मा लीन हुन्छ उनै हरि ।
नाम सर्वा सुनिलय सम्झौं यै सबचित्त दी ॥ ७०६ ॥

(७११) अनलः

भगवान्को शक्ति सम्पत् खतम नभइकन ॥
अनल प्रभुको नाम गर्नु पर्दछ चिन्तन ॥ ७०७ ॥

(७१२) दर्पहा

धर्म विरुद्धमा चल्ने सेरहरूको मूल नाशने ॥
दर्पहा प्रभुको नाम सम्झनु एक चित्तले ॥ ७०८ ॥

(७१३) दर्पदः

धर्मका मार्गमा चल्नेहरूको गर्व राखन ॥
दर्पद प्रभुको नाम सम्झनु दृढ़ तन्मन ॥ ७०६ ॥

(७१४) दृप्तः

आफ्नो आत्मा अमृतको आस्वादन गरिकन ॥
सधैं गम्की रहिबक्सी दृप्त यो ख्याति दिंदिन ॥ ७१० ॥

(७१५) दुर्धरः

हजारौं भावनाले नै बड़ो कठिनता सित ॥
हरिको करुणाले नै समाती प्रभु दुर्धर ॥ ७११ ॥

(७१६) अपराजितः

रागादि र भित्रिया र बाह्य दानव आदिले ॥
नजीतिने शत्रुले छ अपराजित नामले ॥ ७१२ ॥

(७१७) विश्वमूर्तिः

सर्वात्मक बिष्णु भई विश्व नै भगवानको ॥
मूर्त्ति नै हो यसैबाट विश्वमूर्त्ति छ नाम यो ॥ ७१३ ॥

(७१८) महामूर्त्तिः

भगवान् शेष शय्यामा शयन गरिबक्सिने ॥
प्रभुको नै महामूर्त्ति महामूर्त्ति छ सम्झने ॥ ७१४ ॥

(७१९) दीप्तमूर्त्तिः

भगवान्को ज्ञानमयी हिरण्य गर्भ रूपको ॥
मूर्त्ति यो नै उज्यालो हो दीप्त मूर्त्तिछ नामको ॥ ७१५ ॥

(७२०) अमूर्त्तिमान्

भगवान्को कर्मबाट हुने मूर्त्ति नभैकन ॥
अमूर्त्तिमान् नाम यो छ संझनु दिलदीकन ॥ ७१६ ॥

(७२१) अनेकमूर्त्ति

सैंकडौं अवतारमा आफ्नै इच्छा लिइकन ॥
मूर्त्तिहरू धारण ली अनेक मूर्त्ति सम्झुन ॥ ७१७ ॥

(७२२) अव्यक्तः

हुनता भगवान्को छ अनेक मूर्त्ति नै तव ॥
स्पष्ट नै देखिदैन अव्यक्त नाम ली अव ॥ ७१८ ॥

(७२३) शतमूर्त्तिः

ज्ञान स्वरुप विष्णुको विकल्प ज्ञान जातको ॥
अनेकन मूर्त्ति भई शत मूर्त्ति छ नामको ॥ ७१६ ॥

(७२४) शतानल

भगवान्को विराट रूप भएर सयौं मुख ॥
शतानन कहेको छ नाम संझु लिऊँ सुख ॥ ७२० ॥

(७२५) एकः

एक मेवाऽद्वितीयं यो भने छ श्रुतिले सव ॥
यसैले भेद नभै एक यो कहियो अव ॥ ७२१ ॥

(७२६) नैकः

मायाबाट धेर रूप हुनाले भगवानको ॥
नेक यो नाम कहियो संझनु पर्छ योनिको ॥ ७२२ ॥

(७२७) यज्ञ

जुन्मा सोमलताकोछ अत्यावश्यक यज्ञको ॥
उनै यज्ञनाम सब यसैको रूपविष्णुको ॥ ७१३ ॥

(७२८) कः ❀

कंब्रह्मश्रुतिले भन्छ कशब्द सुख अर्थले ॥
स्तुति गरी कहेकोछ परमात्मा कशब्दले ॥ ७२४ ॥

(७२९) किं

पुरुषार्थका रूप ब्रह्म चिन्तन योग्य भै ॥
परमात्मा किं भनिन्छ नामको संभनु छयै ॥ ७२५ ॥

(७३०) यत्

बुझाउने सिद्ध वस्तु यत्ले निर्देश सैकन ॥
ब्रह्म योनै यत्भनिन्छ भूतका हुन्छ सिजन ॥ ७२६ ॥

(७३१) तत्

जति जति भएकोछ खालि यो ब्रह्मबाट हो ॥
बिस्तार गरने उन्कै तत्कोनै गुण ख सहो ॥ ७२७ ॥

(७३२) प्रभुपद मनुत्तम

मोक्ष इच्छागर्नेले पाइने ब्रह्म हो पद ॥
यसबाट श्रेष्ठ छैन प्रभु पद मनुत्तम ॥ ७२८ ॥

(७३३) लोकबन्धु

आधार भूतविष्णुमा सब यो लोक बन्धित ॥
लोकको बन्धु भगवां लोकवन्धु छ संज्ञत ॥ ७२९ ॥

❀ ब्रह्म, ब्रह्मा, व्योम, जल, शिर, सौख्य, क भन्दछन्

(७३४) लोकनाथ

भगवान्मा दुनियाँले माग्दछं पाउँ यो भनी ॥
यसैले हरिको नाम लोकनाथ भसंभुन ॥ ७३० ॥

(७३५) माधवः

मधुको वंशमा पैदा होइबक्सिन्छ माधव ॥
यसैले प्रभुको नाम सन्भनु पर्छ माधव ॥ ७३१ ॥

(७३६) भक्तवत्सलः

भक्त प्रह्लाद आदिमा स्नेहले युक्त भैकन ॥
भक्त वत्सल यो नाम हरिको पाउँ संभन ॥ ७३२ ॥

(७३७) सुवर्ण वर्णः

" पश्यते रूक्म वर्णं " यो वेदतुल्य विष्णुको ॥
सुवर्ण तुल्य रंङछ सुवर्ण वर्ण नामको ॥ ७६३ ॥

(७३८) हेमांगः

ईश्वरको स्वर्ण जस्तो शरीरछ सुहाँउदो ॥
हेमांग प्रभुको नान भम्भनु सूर्य भीत्रको ॥ ७३४ ॥

(७३९) वरांगः

प्रभुको पाँच अङ्ग हात पाउ र वीचको ॥
राम्र तबर देखिन्छन् वराङ्ग नाम विष्णुको ॥ ७३५ ॥

(७४० चन्दनांगदी

नाथ चन्दनको लेप वाजूँ छन् बीच वाहुली ॥
प्रभुको संभना गर्दु नामको चन्दनांगदी । ७३६ ॥

(७४१) वीरहा

धर्मरक्षा गर्न निंति वीर दैत्यहरू कन ।।
मारि वक्सिन्छ भगवान् वीरहा नाम राखन ।। ७३७ ।।

(७४२) विषम

" तपाईको तुल्य छैनन् " गीतोक्तिको समानको ।
अनौठा होइवक्सिन्छ नाम विषम विष्णुको ।। ७३८ ।।

(७४३) शून्यः

साम्हा विशेषले शून्य शून्य जस्तो भईकन ।।
शून्य नाम हरिकोछ शून्यको गर्नु चिन्तन ।।७ ९ ।।

(७४४) घृताशोः

आशीर्वाद ईश्वरको सबै हुन्न पग्लले पन ।।
घृताशी प्रभुको नाम उनकै गर्नु संझन. ।। ७४० ।।

(७४५) निश्चल

चलि वक्सिन्छ भगवान वायु रूप लिएर नै ।।
चल यो प्रभुको नाम भई नश्चिल संझु यै ।। ७४१ ।।

(७४६) अचलः

स्वरूपले ताकतले ज्ञानादि गुणहेरुले ।।
नचलेर कत्तिडेग प्रभु अचल शब्दले ।। ७४२ ।।

(७४७) अमानी

ज्ञान स्वरूप भगवान् आत्मा देखि अरुतिर ।।
नगर्छन् अभिमान अमानी संझनु स्थिर ।। ७४३ ।।

(७४८) मानदः

आत्मा बाहेक अरुमा मायाले अभिमान दी ॥
आत्मा भिमानको नाश गर्ने मानद यो पनि । ७४४ ॥

(७४९) मान्यः

सबैले मान्नेर पूजने वेस लायक ॥
सकल जनको ईश मान्य सम्झनु नायक ॥ ७४५ ॥

(७५०) लोकस्वामी

चौदहैं लोकका स्वामी सबका भेर ईश्वर ॥
लोकस्वामी प्रभुको छ राख्नु यो मनमा स्थिर । ७४६ ॥

(७५१) त्रिलोकधृक

तीनलोक अड्याएर भरपोषण गर्दिदा ॥
त्रिलोकधृक् प्रभुको छ सम्झनु नित्य सर्वदा ॥ ७४७ ॥

(७५२) सुमेधा

धीरभै धारणा गर्ने बुद्धि जस्को छ सुन्दर ॥
सुमेधा हरिको नाम सम्झनु दृढ भै स्थिर ॥ ७४८ ॥

(७५३) मेधज

विधिपूर्वकको यज्ञ उठाएर स्वयं हरि ॥
उत्पन्न भइबक्सिन्छ नाम मेधज यो धरी ॥ ७४९ ॥

(७५४) धन्य

धन्यबाद लायक भै यो चराचर लोकमा ॥
धन जस्का खूब नै छन् उनै हुन् धन्य चित्तमा ॥ ७५० ॥

(७५५) सत्यमेधा

भगवान्को सत्यमेधा अर्थात् बुद्धि छ सत्फल ॥
सत्यमेधा प्रभुको यो नामको सम्झनु दृढ ॥ ७५१ ॥

(७५६) धराधर

शेष आदि अंश सबले गर्दछन् पृथ्वी धारण ॥
धराधर यसैले छ प्रभुको नाम धारण ॥ ७५२ ॥

(७५७) तेजोवृष

लिएर सूर्यको रूप बर्षाई जल तेजको ॥
तेजोवृष कहेको हो काम जस्तो छ नाम हो ॥ ७५३ ॥

(७५८) द्युतिधर

झलल झल्कने छ विष्णुको देह कान्तिको ॥
द्युतिधर कहेको छ नाम संझनु पर्छ यो ॥ ७५४ ॥

(७५९) सर्वशस्त्र भृतांवर

शस्त्रधारी सकलमा श्रेष्ठ भै यस कारण ॥
नाम हरिको यो नै छ सर्वशस्त्र भृतांबर ॥ ७५५ ॥

(७६०) प्रग्रह

भक्तद्वारा चढाएको पुष्पादि लिई राखने ॥
प्रग्रह प्रभुको नाम सब इन्द्रिय बाँधने ॥ ७५६ ॥

(७६१) निग्रह

अधीन गर्दै सबको आफनो वसमा लिने; ॥
निग्रह प्रभुको नाम मर्यादामा चलाउने ॥ ७५७ ॥

(७६२) व्यग्र

भक्तका रूचिका तुल्य फलदान दिनाकन ॥
लागि पर्ने व्यग्र नाम विष्णुको गनु संझन ॥ ७५८ ॥

(७६३) नैकशृङ्ग

ऋग्बेदमा वताएको वृषभ रूप देवको ॥
चार शृङ्ग हुँदा भन्छन् नैकशृङ्ग छ नामको ॥ ७५९ ॥

(७६४) गदाग्रज

गद यो कृष्णजीको सानो भाई हुनहुन्थियो ॥
उनको अघि जन्मभई गदाग्रज छ नामको ॥ ७६० ॥

(७६५) चतुर्मूर्ति

सेतो, रातो, पनि, कृष्ण, चार सगुण मूर्त्ति हुन् ॥
यसैले प्रभुको नाम चतुर्मूर्त्ति प्रसिद्ध छन् ॥ ७६१ ॥

(७६६) चतुर्बाहु

भगवान्को भुजाचार शङ्ख आदि उठाउने ॥
यसैले नै भनेको छ चतुर्बाहु छ सम्झन ॥ ७६२ ॥

(७६७) चतुर्व्यूह

वेद पुरुष आदिका भगवान्का यी व्यूह हुन ॥
यसैले प्रभुको नाम चतुर्व्यूह भनिन्छ झन् ॥ ७६३ ॥

(७६८) चतुर्गति

विधि माफिकमा चल्ने चार आश्रम वर्णको ॥
गति भएर भन्ने हो चतुर्गति छ नाम यो ॥ ७६४ ॥

(७६९) चतुरात्मा

राग द्वेषादिले शून्य चलाक हरिको मन ॥
देखेर भन्दछौं खास चतुरात्मा भ सम्झन ॥ ७६५ ॥

(७७०) चतुर्भाव

धर्म, अर्थ, काम, मोक्ष, या चार पुरुषार्थ हो ॥
भगवान्‌बाट प्रकट भै यो चतुर्भाव नाम हो ॥ ७६६ ॥

(७७१) चतुर्वेदविद्

ठिक अर्थ चारवेदका सर्व जानिवक्सने ॥
नाम यो छ चतुर्वेदविद् भन्ने हरि सम्झने ॥ ७६७ ॥

(७७२) एकपाद्

विश्वरुप एक पाउ भै एकपात् छ नामले ॥
"पादोऽस्यविश्वा भूतानि" यो भनेको छ वेदले ॥७६८॥

(७७३) समावर्त्त

संसारको चक्रलाई राम्ररी नै घुमाउने ॥
समावर्त्त प्रभुको हो नाम यो पर्छ सम्झने ॥ ७६९ ॥

(७७४) निवृत्तात्मा

फर्केको विषयबाट मन जस्तो सधै भई ॥
देह छैन फर्किएको निवृत्तात्मा कहीं हरि ॥ ७७० ॥

(७७५) दुर्जय

कैयौं संग्राममा शत्रुहरू साथ भिडीकन ॥
कसैले जित्न नसकने हरि दुर्जय भैकन ॥ ७७१ ॥

(७७६) दुरतिक्रम

हरिको डरले सूर्य चन्द्रमा अनि देवता ॥
आज्ञा लंघन गर्दैनन् दुरतिक्रम यो छँदा ॥ ७७२ ॥

(७७७) दुर्लभ

जन्मान्तर हजारौंमा तपोज्ञान समाधिमा ॥
पाई नसक्ने भक्तिले हरि दुर्लभ नाममा ॥ ७७३ ॥

(७७८) दुर्गम्

वडो कठिनता साथ जानिने भगबान् हरि ।
नाम दुर्गम भै बक्सी वसौं दुर्गम यं भजी ॥ ७७४ ॥

(७७९) दुर्ग

नाना प्रकारको दुःखहरूले पाई ठक्कर ॥
पाइन्छ श्री हरि दुर्ग खाएर अनि चक्कर ॥ ७७५ ॥

(७८०) दुराबास

समाधिमा योगबाट वडो कठिनता सित ॥
चित्तमा हरिको वास दुरावास हवोस् स्थित॥ ७७६ ॥

(७८१) दुरारिहा

दुष्ट शत्रु दानबादि जति छन दुष्ट मार्गमा ॥
चल्नेलाई मारिबक्सी नाम यो छ दुरारिहा ॥ ७७७ ॥

(७८२) शुभांग

राम्रो छ जसको अङ्ग अनि सुन्दर अङ्गले ॥
गरिने ध्यान विष्णुको शुभाङ्ग संझु चित्तले ॥ ७७८ ॥

(७८३) लोकसारङ्ग

लोकहरुका सार जो भमराको समान भै ॥
ग्रहण गरिवक्सेर लोकसारङ्ग भन्नु यै ॥ ७७६ ॥

(७८४) सुतन्तु

फैलिएको तन्तु जस्तो यो संसार प्रपञ्च छ ॥
यसैले हरिको नाम सुतन्तुले प्रसिद्ध छ ॥ ७८० ॥

(७८५) तन्तुवर्धन

फैलेको संसार तन्तु बढ़ाउन्छन र काट्तछन् ॥
यसैले प्रभुको नाम तन्तु वधन भन्दछन ॥ ७८१ ॥

(७८६) इन्द्रकर्मा

इन्द्रको कामको तुल्य हरिको कर्म भन्दछन् ॥
यसैले इन्द्रकर्मा प्रभुको नाम भन्दछन ॥ ७८२ ॥

(७८७) महाकर्मा

आकाश आदि हुँ भूत यो महान् कर्म ईशका ॥
महाकर्मा हरिको यो नाम सम्झतु सर्वदा ॥ ७८३ ॥

(७८८) कृतकर्मा

कृतार्थ भै ईश्वरका कर्त्तव्य छैन बाँकिका ॥
उवाँले धर्म भन्नुभो कृतकर्मा छ नामका ॥ ७८४ ॥

(७८९) कृताऽऽगम

हरिले वेदको रूप आगम यो वनाइयो ॥
यसैले हरिको नाम कृताऽऽगम सुनाम भो ॥ ७८५ ॥

(७६०) उद्भव

इच्छाले श्रेष्ठ जनम लिएर सर्व कारण ॥
हरिको जन्म छैन. गरी उद्भव धारण ॥ ७८६ ॥

(७६१) सुन्दर

विश्व भन्दा पनि ठूलो भाग्यमां देखि भन् ठुला ॥
सुन्दर प्रभुको नाम जपूँ यो दिल दी खुला ॥ ७८७ ॥

(७९२) सुन्द

राम्ररी पग्लने अर्थात् भक्तमा करुणा दिने ॥
सुन्द प्रभु सधैं षर्छ भनेर मनमा लिने ॥ ७८८ ॥

(७६३) रत्ननाभ

भगबान्को रत्न जस्तो अति सुन्दर नाभि छ ॥
रत्ननाभ भनी नित्य हरि सम्झनु योग्य छ ॥ ७८६ ॥

(७६४) सुलोचन

राम्रो वान्की परेको छ जस्को नजर बेसको ॥
ज्ञान जस्को खुलेको छ सुलोचन भनिन्छ यो ॥ ७६० ॥

(७६५) अर्क

पूज्य भन्दा पनि पूज्य ब्रह्माले पनि पूजित ॥
प्रभुको नाम हो अर्क हवोस हृदयस्थित ॥ ७६१ ॥

(७९६) वाजसन

माग्नेलाई वाज अर्थात् अन्नको दान दीकन ॥
वाजसन नाम यो छ प्रभुको गर्नु चिन्तन ॥ ७९२ ॥

(७९७) शृङ्गी

जल्ले प्रलयको काल शृङ्गी मत्स्य विशेषको ॥
रूपको धारण गर्‍यो शृङ्गी नाम छ विष्णुको ॥ ७९३ ॥

(७९८) जयन्त

शत्रुको खूब जित्ने, अथवा जित्न कारण ॥
जयन्त प्रभुको नाम गर्नु मानस धारण ॥ ७९४ ॥

(७९९) सर्वविज्जयी

हरिमा छन सर्वज्ञान हिरण्याक्षादिका जिती ॥
सर्वज्ञान भई जित्ने हरि हूँ सर्वविज्जयी ॥ ७९५ ॥

(८००) सुबर्णविन्दु

भगवान्को विन्दु अर्थात् साह्रा अङ्ग सुबर्णको ॥
समान खूब देखिन्छ सुवर्णविन्दु नामको ॥ ७९६ ॥

अष्ठ शतक

(८०१) अक्षोभ्यः

रागद्वेषादि, शब्दादि बिषय देव शत्रुले ॥
कत्तिन खल्बलि बक्सी अक्षोभ्य प्रभु नामले ॥ ७९७ ॥

(८०२) सर्ववागी श्वरेश्वर

वागीश्वर ब्रह्म आदि सबका भई ईश्बर ॥
हरिको नाम हो खास सर्ववागी श्वरेश्बर ॥ ७९८ ॥

(८०३) महाहृद

जुन आनन्दको रूप ठूलो त्यो रह तुल्यमा ॥
गोता लगाउँछन् योगी महाहृद सुनाममा ॥ ७९९ ॥

(८०४) महागर्त्त

माया यो हो ठुलो खाल्टो हरिको नै छ देखिने ॥
यसैले प्रभुको नाम महागर्त्त छ सम्झने ॥ ८०० ॥

(८०५) महाभूत

तीनकाल भाग नभै रहेको यो स्वरूप हो ॥
श्री विष्णुको यसैले यो महाभूत सुनाम भो ॥ ८०१ ॥

(८०६) महानिधि

जसमा रहन्छ भूत त्यो खालि सबमा ठुलो ॥
उनै हरिको यो नाम महानिधि छ नाम यो ॥ ८०२ ॥

(८०७) कुमुद

पृथिवीको भारतारी अत्यन्त हर्ष पारने ॥
हरिको नाम कुमुद ह्वोस दिलले लिने ॥ ८०३ ॥

(८०८) कुन्दर

कुन्दको फूल सदृश फलदिने समातिने, ॥ ॥
पृथिवी च्यावने श्रीमान् कुन्दर प्रभु संझने ॥ ८०४ ॥

(८०६) कुन्दः

कुन्दको फूल झैं राम्रो अङ्ग छन् भगवानको ॥
यसैले हरको नाम कुन्दको यो छ ख्यातिको॥
निःक्षत्रीय पृथ्वी गर्नु अनेकौं कार्त्त वीर्यको ॥
भुजा काट्नु भएको छ लिएर कुन्द नामको ॥ ८०५ ॥

(८१०) पर्जन्य

आध्यात्मिकादिका नाश ठण्डा पार्न र पानीको ॥
काम वर्षाउन पनि पर्जन्य हरिनाम हो ॥ ८०६ ॥

(८११) पावन

जल्ले संभयो भक्ति गरी नाम यी भगवानको ॥
पवित्र गर्ने उनको नाम पावन खास हो ॥ ८०७ ॥

(८१२) अनिल

हुनुन्न हरि गहन सधैं यो भक्त निम्तिमा ॥
अर्थात् सुलभ भै बक्सी संभु अनिल नाममा॥ ८०८ ॥

(८१३) अमृताशः

आत्मानन्द अमृतको गरेर भोग वेसको, ॥
आशा छ फलको युक्त श्रीबिष्णु अमृताश हो ॥ ८०९ ॥

(८१४) अमृतवपु

शरीर नारायणको मर्नाले शून्य भैकन ॥
नामको अमृतवपु रहेको यो छ सम्झन ॥ ८१० ॥

(८१५) सर्वज्ञ

ज्ञानि बक्सिन्छ सकल सर्वज्ञ बेदले भने ॥
सर्वज्ञ हरिको नाम हवोस दिलले लिने ॥ ८११ ॥

(८१६) सर्वतोमुख

चारौंतर्फ नजर र टाउका मुख छन् भनी ॥
गीतामा नै भने तुल्य सर्वतो मुख हुन् अनि ॥ ८१२ ॥

(८१७) सुलभ

खालि भक्ति गरी मात्र पात फूल चढ़ाउँदा ॥
पाइन्छ सुखको साथ हरि सुलभ सम्झदा ॥ ८१३ ॥

(८१८) सुब्रत

भगवान् सुन्दर ब्रत गरिबक्सेर सुब्रत ॥
हुने, ज्युँनार, नहुने भजौं यो नाम सुब्रत ॥ ८१४ ॥

(८१९) सिद्धः

स्वेच्छाको पूर्ण हुन्दछ अधीन अरूको नभै ॥
हरिको नाम हो सिद्ध यसको सम्झनु सधैं ॥ ८१५ ॥

(८२०) शत्रुजित्

देवताका शत्रु जति हरिकै खास शत्रु हुन् ॥
उन्हैलाई जितिबक्सी शत्रुजित् हरि भन्दछन् ॥ ८१६ ॥

(८२१) शत्रुतापन

देव शत्रुहरूलाई पीरने भगवानको ॥
शत्रुतापन यो नाम दिन हुं सम्झनु निको ॥ ८१७ ॥

(८२२) न्यग्रोध

सर्वैका उपर बस्ने, वरको वृक्षतुल्यको ॥
न्यग्रोध प्रभुको नाम सम्झनु भक्तिले छ यो ॥ ८१८ ॥

(८२३) उदुम्बर

नभ भन्दा पनि माथि राज हुन्छ स्वयं हरि ॥
गर्नुन्छ खाद्यले पुष्टि उदुम्बर सुनाम ती ॥ ८१९ ॥

(८२४) अश्वत्थ

भगवान्को स्पष्ट हुने भोली यो रूपको जगत् ॥
रहदैन नित्यसत्य अस्वत्थ नाम यो छ सत् ॥ ८० ।

(८२५) चाणूरान्ध्र निषूदन

चाणू र अन्ध्रलाई बिष्णुले गरि मारण ॥
नाम कायम राख्नु भो चाणूरान्ध्र निषूदन ॥ ८२१ ॥

(८२६) सहस्रार्चिः

जसको हजारौं रश्मिछन् सहस्रार्चि उनै त हुन् ॥
गीताले भन्छ हजारौं सूर्यकाभास ईश हुन ॥ ८२२ ॥

❀ काली करालीच मनोजवाच सुलोहिता चैव सुधूम्र वर्णी ॥ फुलिंगिनी विश्व रूपाच चण्डी लीलाय माना इति सप्तजिव्हाः

(८२७) सप्तजिव्हः

अग्नि रूप ईश्वरको जिव्हायी सातसँख्य छन् ।।
सप्तजिव्ह यसैले नै हरिको नाम भन्दछन् ।। ८२३ ।।

(८२८) सप्तैधाः

अग्नि रूप ईश्वरको सबै छन् सात दीप्ति यी ।।
सप्तैधा हरिको नाम संझनु लीन भाव ली ।। ८२४ ।।

(८२९) सप्तवाहन

सूर्य रूप ईश्वरको घोडा छन् सात संख्यन, ।।
एकै घोठा सात नाम भै हरि सप्त वाहन ।। ८२५ ।।

(८३०) अमूर्त्ति

एकट्ठा अवयवका देह संस्थान मूर्त्ति हो ।।
यस्तो मूर्त्ति रहित भै अमूर्त्ति हरिनाम हो ।। ८२६ ।।

(८३१) अनघ

जसमा दुःख पाप छैन त्यो हरिको छ नाम हो।।
अनघ सम्झनु नित्य गर्नेछ पाप नाश यो ।। ८२७ ।।

(८३२) अचिन्त्य

प्रमाणको अविषय भै अनौठा भै प्रपञ्चले ।।
अचिन्त्य प्रभुको नाम संझनु एक चित्तले ।। ८२८ ।।

(८३३) भयकृत्

कुबाटोमा हिंडेकाको भय उत्पन्न गर्दिने, ।।
अथवा भक्तको भीति भयकृत् नष्ट गर्दिने ।। ८२९ ।।

(८३४) भयनाशन

जातिकार आश्रमका गर्नें जुन् धर्मपालन ॥
तिनीको भयको नाश हुन्छ भै भय नाशन ॥ ८३० ॥

(८३५) अणु

अत्यन्त सूक्ष्मसा सूक्ष्म मनले मात्र भेटिने ॥
अणुले हरिको नाम हवोस दिलले लिने ॥ ८३१ ॥

(८३६) बृहत

"महतो महीयान्"भन्ने वेदको अर्थ तुल्यको ॥
ठूलो भेर ठुलो रूप नाम यो बृहतनिको ॥ ८३२ ॥

(८३७) कृश

"अस्थूलं"यो वेद भन्छन् द्रव्यत्व स्थूल भैकन ॥
द्रव्य बाहेक कोही छन कृश ईश्वर नै हुन ॥ ८३३ ॥

(८३८) स्थूल

जहाँतहीं ईश्वर छन् गरौं लौ ब्रह्म सेवन ॥
भने विराट् ब्रह्म भयो स्थूल ईश्वर भैकन ॥ ८३४ ॥

(८३९) गुणभृत:

सत्त्वरज र तमका अधिष्ठान गरिकन ॥
सृष्टिस्थिति नाश गर्ने गुणभृत् गरु चिन्तन ॥ ८३५ ॥

(८४०) निर्गुण

यो "केबलो निर्गुणश्च" भन्ने हुँ बेद संभुन ॥
हरि नाम निर्गुण हो गुणहेरू नभैकन ॥ ८३६ ॥

(८४१) महान्

अनेकौं विघ्न बाधाका कर्मका नै समूहको ।।
युक्तिले भञ्ज सक्तैनन् महान् था हरितमा हो ।। ८३७ ।।

(८४२) अधृत

उठाउने पृथ्वी आदि यो ब्रह्माण्ड चराचर ।।
हरिलाई वोकन सक्तैनन् भएर नाम अधृत ।। ८३८ ।।

(८४३) स्वधृत

आफनै महिमाबाट महिमामा रहेर नै ।।
स्वधृत प्रभुको नाम सम्झनु ध्यान दी सधैं ।। ८४६ ।।

(८४४) स्वास्यः

कमलको कोपिलाको तल जस्तो छ सुन्दर ।।
हरिको मुखको वर्ण स्वास्य सम्झु वरावर ।। ८४० ।।

(८४५) प्राग्वंशः

बंशभो भगवान्वाट बंश छैन र विष्णुको ।।
प्राग्वश प्रभुको नाम भएको संझनु छ यो ।। ८४१ ।।

(८४६) वंश बर्धन

प्रपञ्च रूपको वंश नष्ट गर्न, बढ़ाउन ।।
हरिको यो भएको छ नाम हो वंश वर्धन ।। ८४२ ।।

(८४७) भारभृत्

अनन्त शेष रूपले भूकोभार उठाउन ।।
भारभृत् प्रभुको नाम रहेको गर्नु चिन्तन ।। ८४३ ।।

(८४८) कथित

वेदले परहुँ विष्णु भनेर तोकियो अनि ।।
कथित प्रभुको नाम रहेको सम्झनु पनि ।। ८४४ ।।

(८४६) योगी

परमात्मा सधैं आफ्नो आत्मामा आफु राखने ।।
पाइने ज्ञानले मात्र योगी यो नाम संझने ।। ८४५ ।।

(८५०) योगीश

योगका बिघ्नबाधाले योगीलाई सताउँछ ।।
योगीश भगवान्लाई विघ्नबाधा हराउँछ ।। ८४६ ।।

(८५१) सर्वकामद

फलहेरू प्राप्त हुन्छ परमेश्वरबाट नै ।।
यो कुरा सिद्ध गर्ने हो सर्व कामद खास है ।। ८४७ ।।

(८५२) आश्रम

संसार वनमा डुल्दै थाकेका बटुवाकन ।।
बिश्रामको स्थान दिने नाम आश्रम संझुन ।। ८४८ ।।

(८५३) श्रमण

विवेकको नगर्ने छन् जति मानिस ती जन ।।
लाई सन्तप्त गरने श्रमण प्रभु नै हुन ।। ८५६ ।।

(८५४) क्षाम

सब प्रजाका लयमा सत्यानाश गराउन ।।
क्षाम हो हरिको नाम सम्झनु दिलदी कन ।। ८५१ ।।

(८५५) सुपर्ण

संसार रूप रूखको ईशको छन् यी सुन्दर ॥
पत्ताहरू यसैले नै सुपर्ण नाम सुन्दर ॥ ८५१ ॥

(८५६) वायुवाहन:

जसको भयले वायु भूतका ठाउँमा लिन ॥
राम्रो तवरले काम गर्नु छ वायु वाहन ॥ ८५२ ॥

(८५७) धनुर्धर

श्रीरामचन्द्र प्रभुले ठूलो चाप लिंदु भयो ॥
यसैले भन्दछन् नित्य धनुधर सुनाम यो ॥ ८५३ ॥

(८५८) धनुर्वेद

वसिष्ठजी गुरुबाट धनुर्विद्या भए जति ॥
जानिबक्सिन्छ भगवान् धनुर्वेद सिके जति ॥ ८५५ ॥

(८५९) दण्ड

"दण्डो दमयतामस्मि" गीताको उक्ति तुल्यक ॥
सजाँय दिनु पर्नेमा दण्ड दी दण्ड नायक ॥ ८५६ ॥

(८६०) दमयिता

प्रजाका दमन गर्ने राजा र यम राजको ॥
रूपले नै दमयिता यो नारायण नाम हो ॥ ८५७ ॥

(८६१) दम

सजाँय दिनु पर्नेमा दण्ड दिइन्छ यो दम ॥
यो पनि विष्णु नै हुँ नाम यो संझनु दम ॥ ८५८ ॥

(८६२) अपराजितः

समस्त शत्रुका साथ नहारि बक्सियो हरि ॥
रहेको संझनु नाम अपराजित यो धरी ॥८५९॥

(८६३) सर्वसह

सहने कर्म सकल अथवा सब शत्रुको ॥
जित बक्सिनछ भगवान् सर्वसह भनेर यो ॥८६०॥

(८६४) नियन्ता

हाँकने काममा सारा प्रजामाई लगाउँदा ॥
हरिको नाम यो छ नियन्ता सम्झनु सदा ॥८६१॥

(८६५) अनियम

स्वयं नियन्ता हरिको छैनन् कोही नियन्त्रण ॥
हरिको नाम नियम यसको गर्नु चिन्तन ॥८६२॥

(८६६) यम अथवा अयम

यम अर्थात् मृत्यु छैन यम नियमले पनि ॥
योगाङ्गले जानिने यो यम र अयम अनि ॥८६३॥

(८६७) सत्त्ववान्

भगवान्को शूरवीर आदिका सत्त्व देखिंदा ॥
सत्त्ववान् हरिको नाम सम्झनु पर्छ सर्वदा ॥८६४॥

(८६८) सात्त्विक

प्रधान भै सत्त्वगुण छन् रहेका मुकुन्दमा ॥
सात्त्विक प्रभुको नाम राखनु नित्य चिन्तमा ॥८६५॥

(८६९) सत्य

जति प्रजामा असल छन् रहेका मुकुन्दमा ॥
सात्त्विक प्रभुको नाम राखनु नित्य चित्तमा ॥

(८७०) सत्यधर्म परायण

यथार्थ विधिको रूप धर्ममा गरि भाषण ॥
लागि परिबक्सिने हो सत्यधर्म परायण ॥ ८६७ ॥

(८७१) अभिप्राय

पुरुषार्थकको इच्छा गर्ने पुरुषले सब ॥
भगवान्को अभि प्राय राख्दछन् नाम भै अब ॥ ८६८ ॥

(८७२) प्रियार्ह

संसार देखि अधिक प्रिय छन् जुन बस्तुक ॥
त्यस्तो बस्तु चढ़ाउन्छन् प्रियार्ह हरि भै कन ॥ ८६९ ॥

(८७३) अर्ह

भगवान् आसनादिका पूजा सामानले हरि ॥
योग्य भै पूजिनालाई अर्ह यो गुणले भरी ॥ ८७० ॥

(८७४) प्रियकृत्

खालि प्रियार्हको व्हैन स्तुति आदिक कर्मले ॥
भजनेका स्नेह नगरी प्रियकृत् भन्नु प्रेमले ॥ ८७१ ॥

(८७५) प्रीतिवर्धन

भक्तका उपर मात्र प्रीतिघेर बढाउने ॥
हरिको नाम यो छ प्रीति वर्धन सम्झने ॥ ८७२ ॥

(८७६) विहायसगति

जस्को छ आश्रय नभ विष्णुपद र सूर्य नै ॥
हरि स्वयं भै बक्से छ विहायस गति उनै ॥ ८७३ ॥

(८७७) ज्योति

नारायण परो ज्योति यो कुरा भन्छ वेदमा ॥
स्वयं प्रकाश जो छ हुन्छ ज्योतिर्यो राख्नु चित्तमा ॥ ८७४ ॥

(८७८) सुरुचि

भगवान्‌को उज्यालो छ छ चेहरा अभिलाष यो ॥
सुरुचि प्रभुको नाम दिलले सम्झनु छ यो ॥ ८७५ ॥

(८७९) हुतभुक्

उद्देश्यले देवताका कर्मकाण्डोक्त कर्ममा ॥
आहुतिका स्वयं भोग्ने हुतभुक् नाम पालमा ॥ ८७६ ॥

(८८०) विभु

सर्वत्र भइबक्सेर तीनलोक भई प्रभु ॥
हरिको नाम यो नित्य सम्झनु दिल दी विभु ॥ ८८७ ॥

(८८१) रवि

श्रीसूर्य नारायणले पृथिवी आदिका रस ॥
खिंचेर लिबक्सीइन्छ रवि नाम भजूँ खुस ॥ ८७८ ॥

(८८२) विरोचन

थरि थरि किसिमले सुशोभित हुने हरि ॥
बिरोचन कहेको यो नाम सम्झनु राम्ररी ॥ ८७९ ॥

(८८३) सूर्य

चहकिलो जन्म दिने अग्निको अनि सूर्यको ॥
स्वरूप सूर्यको नाम सँझी हूँ यो म तेजिलो ॥ ८८० ॥

(८८४) सविता

प्रजा नान्तु प्रसवनात् यो पुराणोक्ति तुल्यको ॥
यो जगत् प्रसव गर्ने सविता विष्णु नाम हो ॥ ८८१ ॥

(८८५) रविलोचन

भगवान्को नजर यी दुवै चन्द्र र सूर्य हुन् ॥
सूर्य नै नजर भै रविलोचन भन्दछन् ॥ ८८२ ॥

(८८६) अनन्त

नित्य र सर्वगत भै भगवान् शेष रूप भै ॥
अनन्त प्रभुको नाम सम्झनु एकचित्त भै ॥ ८ ३ ॥

(८८७) हुतभुक्

अनेकन् यज्ञ आदिमा ऋत्विक्ले आहुति सब ॥
चढाएका भोग्नु हुन्छ हुतभुक नामले अब ॥ ८८४ ॥

(८८८) भोक्ता

भोगिने प्रकृतिलाई भोग्नु हुन्दछ वा फगत् ॥
पालना गर्नु हुन्छ भोक्ता भै फगत् जगत् ॥ ८८५ ॥

(८८९) सुखद

भक्तलाई मोक्ष रूप सुख दी दुःख नाशन ॥
सुखद प्रभुको नाम रहेको नित्य सम्झन ॥ ८८६ ॥

(८९०) नैकज

धर्म रक्षाको निम्तिमा बारम्वार सुजन्म ली ॥
नैकज प्रभुको नाम सम्झनु पर्छ प्रेम ली ॥ ८८७ ॥

(८९१) अग्रज

हिरण्यगर्भ पैल्ले भो वेदमा भन्छ यो कुरा ॥
अगाडि जन्मलिनु भो अग्रज प्रभु भै पुरा ॥ ८८८ ॥

(८९२) अनिर्विण्ण

चिताएको पुगेवाद् नपाएका नभैकन ॥
छन खेद ईश्वरमा अनिर्विराण भइकन ॥ ८८९ ॥

(८९३) सदामर्षी

साधुलाई सन्मुखमा सहिबक्सी क्षमा गरी ॥
सदा मर्षी रहेको छ हरिनाम दया भरी ॥ ८९० ॥

(८९४) लोकाधिष्ठान

कसैको आधार नभै रहेको ब्रह्म वस्तुको ॥
आधारमा छन् यी लोक लोकाधिष्ठान नामको॥ ८९१ ॥

(८९५) अद्भूत

जल्लाई सुनेर पनि जानिदैन उ ब्रह्मका ॥
वक्ता ब्रह्म समझने कुनै अद्भुत नामका ॥ ८९२ ॥

(८९६) सनात्

सनात् यो शब्दको अर्थ चिरकाल बुझाउने ॥
ब्रह्मको रूप पुरुष सनात नै हरि सम्झने ॥ ८९३ ॥

(८९७) सनातनतम

सकलका कारण भै ब्रह्मा भन्दा पुराण भै ॥
नाम सनातनतम सम्झनु हरि नै उनै ॥ ८९४ ॥

(८९८ कपिल

वड़वानलको रङ्ग कैल्हो नै देखिने हुँदा ॥
वडवानलको रूप हरि कपिल सर्वदा ॥ ८९५ ॥

(८९९) कपि

आपो किरणहरूले पृथिवीर समुद्रको ॥
पानी पिइबक्सिइन्छ कपि नाम रहेर यो ॥ ८९६ ॥

(९००) अप्यय

जगत् यो प्रलयमा भगवान्मा भै गइकन ॥
अप्यय प्रभुको नाम रहेको यो म सम्झुन ॥ ८९७ ॥

नवमशतकं समाप्तम्

(९०१) स्वस्तिद

भक्तजनहरूलाई गरिबक्सिन्छ मङ्गल ॥
यसैले प्रभुको नाम संझनु पर्छ स्वस्तिद ॥ ८९८ ॥

(९०२) स्वस्तिकृत्

भगवान् भक्तहरूमा गरिबक्सेर स्वस्तिक ॥
स्वस्तिकृत् प्रभुको नाम सम्झी होउँ म शान्तिक॥ ८९९ ॥

(९०३) स्वस्ति

भगवान्को स्वस्ति दिने आफनै जो स्वरूप छ ॥
त्यो नै हो परमानन्द यसैले स्वस्ति नाम छ ॥ ९०० ॥

(९०४) स्वस्तिभुक्

उही स्वस्ति भोग्नु हुन्छ गर्नु न्छ स्वस्ति रक्षण ॥
यसैले स्वस्तिभुक् नाम गर्नु पर्दछ चिन्तन ॥ ९०१ ॥

(९०५) स्वस्ति दक्षिण

बढ्द छन् स्वस्ति रूपले स्वस्ति दान समर्थ भै
चाँड़ो स्वस्ति दान दिन स्वस्ति दक्षिण खास भै ॥९०२॥

(९०६) अरौद्र

भगवान्को पूर्ण इच्छा भएर राग द्वेषका ॥
अभाव भै रौद्र छैनन् अरौद्र प्रभु नामका ॥ ९०३ ॥

(९०७) कुण्डली

सूर्य मण्डलको जस्तो अथवा शेष रूपको ॥
कुण्डल धारण गरी कुण्डली नाम विष्णुको॥ ९०४ ॥

(९०८) चक्री

सकल लोकका रक्षा गर्न चक्र स्वरूपको ॥
मनलाई हातमा ली चक्री यो हरि नाम हो ॥ ९०५ ॥

(९०९) विक्रमी

त्रिविक्रम रूप लिंदा पाउ राख्नु र शूरता ॥
यी दुवै छन् अनौठा नै विक्रमी नाम यो छँदा ॥ ९०६ ॥

(६१०) ऊर्जित शासन

श्रुति र स्मृतिको रूप जस्को उत्तम शासन ॥
बसैले प्रभुको नाम भन्छन् ऊर्जित शासन ॥ ६०७ ॥

(६११) शब्दातिग

शब्दले भगवान् यस्तो नसक्ने गर्न वर्णन ॥
शब्दातिग प्रभुको यो नामको गर्नु वर्णन ॥ ६०८ ॥

(६१२) शब्दसह

समस्त वेद तात्पर्य रूपले भगवानको ॥
वर्णना गरिबक्सन्छ शब्दसह भनेर यो ॥ ६०९ ॥

(६१३) शिशिर

आध्यात्मिका आदि तापहरूले तातिए पछि ॥
विश्रामको स्थान भई शिशिर नाम भो पछि ॥ ६१० ॥

(६१४) शर्वरीकर

आत्मा यो रात जस्तो छ ससारीका निमित्त र ॥
ज्ञानीको रात भव हो हरि हुँ शर्वरीकर ॥ ६११ ॥

(६१५) अक्रूर

क्रूर्याँई मनको धर्म यो रिसाएर उठ्दछ ॥
कामना पूर्ण भै रीस नभै अक्रूर नाम छ ॥ ६१२ ॥

(६१६) पेशल

शरीर मनवाचाले कर्मले पनि सत्फल ॥
भएर प्रभुको नाम सम्झनु नाम पेशल ॥ ६१३ ॥

(६१७) दक्ष

बढ़े चढ़ेको शक्तिमान् चाँडो कार्य चलाउने ॥
तीन गुण निश्चित छ नाम यो दक्ष सम्झने ॥ ६१४ ॥

(६१८) दक्षिण

हिंडीबक्सिन्छ सर्वत्र मारिबक्सिन्छ शत्रुको ।
दक्षिण प्रभुको नाम भक्तिले सम्झनु निको ॥ ६१५ ।

(९१९) क्षमिणांवर

क्षमा गर्ने अरू योगी बोझाथाक्ने ती पृथ्वीमा ॥
श्रेष्ठ हरि हुनुहुन्छ क्षमिणांवर नाममा ॥ ६१६ ॥

(९२०) विद्वत्तमः

सब प्रकारको ज्ञान खूब छन् परमेशमा ॥
यस्तो छैन र अरूमा बिद्वत्तम छ नाममा ॥ ६१७ ॥

(६२१) वीतभयः

भवको भय नै छैन मुक्त ईश्वरमा सधैं ।
यसैले नै वीतभय सम्झिनु भक्ति ली नभै ॥ ६१८ ॥

(६२२) पुण्यश्रवण कीर्तन

भगवान्को स्त्रोत्र सम्झेन पर्छ दुःख भोगन ॥
पुण्य लाग्ने कीर्तन भै पुण्य श्रवण कीर्त्तन ॥ ६१९ ॥

(६२३) उत्तारण

यो संसार सिन्धु देखि लगाई पार तारण ॥
उत्तारण कहेको यो गर्नु यो नै विचारण ॥ ६२० ।

(६२४) दुष्कृतिहा

पाप लाग्ने दुष्टकाम हनन गरिबक्सने ॥
पाप गर्ने नाश गर्ने दुष्कृतिह छ संझने ॥ ६२१ ॥

(६२५) पुण्य

वेद र स्मृतिको रूप वाणीले सब पुण्यको ॥
उद्देश गरिबक्सी पुण्य नाम कहिन्छ यो ॥ ०२२ ॥

(६२६) दुःस्वप्न नाशन

हरिको संझना आदि गरेमा स्वप्न दूषण ॥
विनाश गरिबक्सिन्छ नाम दुःस्वप्न नाशन ॥ ६२३ ॥

(६२७) वीरहा

संसारीको गतिलाई मुक्तिको दान दिकन ॥
विनाश गरिबक्सिन्छ बीरहा हरि भै कन ॥ ६२४ ॥

(६२८) रक्षण

सत्त्वको आश्रय गरी तीनलोक सुरक्षण ॥
गर्ने हरिको यो नाम संझनु पर्छ रक्षण ॥ ६२५ ॥

(६२९) सन्त

सन्मार्ग चल्ने हुँ सन्त यिनैको रूप लिकन ॥
विद्याविनय वृद्धिको निम्ति हुँ सन्त भै कन ॥ ६२६ ॥

(६३०) जीवन

प्राणको रूपले सारा प्रजालाई बचाउन ॥
जीवन प्रभुको नाम रहेको गर्नु संझन ॥ ६२७ ॥

(९३१) पर्यवस्थित

हरि जगत्को चार तिर ढाकेर रहिबक्सियो ॥
जपूँ हरिको यो नाम पर्यवस्थित खास हो ॥ ९२८ ॥

(९३२) अनन्तरूप

जगत्को हो यो प्रपञ्च रूपले स्थित भै कन ॥
अनन्त रूप हरिको नाम को गर्दु चिन्तन ॥ ९२९ ॥

(९३३) अनन्तश्री

भगवत्श्री पराशक्ति बेगिन्ति छ थरि थरि ॥
हरि नाम अनन्तश्री संझी होस् श्री भरि भरि॥ ९३० ॥

(९३४) जितमन्यु

कत्तै रीस गर्नु परेभा पनि क्रोध नै जिती ॥
जितमन्यु हरिको छ नाम को संझनु अनि ॥ ९३१ ॥

(९३५) भयापह

संसार देखि उत्पन्न भएको भय नाशन ॥
गरिबक्सिन्छ हरि नै भयाऽपह भनिकन ॥ ९३२ ॥

(९३६) चतुरश्र

कर्माऽनुसार फलको इन्साफ फलदीकन ॥
चतुरश्र प्रभुको यो नाम को गर्नु चिन्तन ॥ ९३३ ॥

(९३७) गभीरात्मा

भगवान्को रूप मन गैरो अर्थात् नमापिने ॥
हुनाले हरिको नाम गभीरात्मा छ सम्झने । ९३४ ॥

(६३८) विदिश

अधिकारीहरूलाई विशेष रूपले फल ॥
दिथिबक्सिन्छ भगवान् संझी विदिश सत्फल ॥ ६३५ ॥

(६३९) व्यादिश

इन्द्र आदि हरूलाई कैयौं हुकूम दिकन ॥
व्यादिश प्रभुको नाम भन्दछन् दिलदीकन ॥ ६३६ ॥

(६४०) दिश

समस्त कर्महरूका फल दी वेद रूपले ॥
हरिको नाम दिश यो सम्झी यो ढोग्छु भक्तिले॥ ६३७ ॥

(६४१) अनादि

साराको कारण हरि हरिको छैन कारण ॥
अतएव अनादि यो ईशको गर्नु धारण ॥ ६३८ ॥

(६४२) भूर्भुव

सकल भूतहरूका आधार रूप पृथ्विको ॥
आधार भगवान् खास सम्झु भूर्भुव नाम यो ॥ ६३९ ॥

(६४३) लक्ष्मीः

पृथ्वीको आधार मात्र ईश हैन र ईशको ॥
लक्ष्मी भई यो पनि हो लक्ष्मीको ईश नाम हो ॥ ६४० ॥

(६४४) सुवीरः

नरको कैयौं शुभगति अथवा उथरिसित ॥
रामरी स्फुरण गरी सुवीर हरि शब्दित ॥ ६४१ ॥

(९४५) रुचिरांगदः

दुई बाजू हरिको छ राम्रो कल्याण रूपक ॥
यसैले भन्दछौं भक्ति ली नभै रुचिरांगद ॥ ६४२ ॥

(६४६) जनन

यो ठूलो विश्वमा जन्तुहरू उत्पन्न गर्दिन ॥
कारण भइवाक्सन्छ अनि जनन सम्भन ॥ ६४३ ॥

(६४७) जनजन्मादि

जन्म लिने जीव जन्म आदि उत्पत्तिको भई ॥
जन जन्मादि हरिका वस्तु यो नाम संझिई ॥ ६४४ ॥

(६४८) भीम

जसबाट डराउँछ जो भई भय कारण ॥
हरिको हो भीम नाम मनमा गर्नु धारण ॥ ६४५ ॥

[६४६] भीम पराक्रम

अवतारादिमा दैत्य आदिको भय कारण ॥
पराक्रम हरिको छ नाम भीम पराक्रम ॥ ६४६ ॥

(६५०) आधारनिलयः

पृथ्वि आदि पञ्चभूत हुँ आधार यी सर्वका ॥
यिन्का आधार आधार निलय नाम बिष्णुका॥ ६४७ ॥

(६५१) अधाता

आफै आफस्थित भई उन्को कोई बनाउने ॥
नभै आधाता हरिको नामको हुनु सम्झने ॥ ६४८ ॥

(६५२ पुष्पहासः

फूलका ति कोपिलाको फुलेको हाँस तुल्यको ॥
प्रपञ्च रूपले हुन्छ विकाश पुष्प हास यो ॥ ६४६ ॥

(६५३) प्रजागरः

सधैं शुद्ध बुद्ध रूप भएर भगवान हरि ॥
प्रजागर नामधरी राज हुन्छ सधैंभरी ॥ ६५० ॥

(६५४) ऊर्ध्वगः

चौधौं भुवनका माथि भगवान् रहिबक्सीने ॥
उर्ध्वगः प्रभुको नाम हवोस दिलले लिने ॥ ६५१ ॥

(६५५) सत्यथाचारः

सत्पुरुषहरूका नै कर्म सन्मार्ग ख्याति छ ॥
हिंड्छन्छ हरि त्यो वाटो सत्पथाचार नाम छ॥६५२॥

(६५६) प्राणदः

मरेकालाई हरिले वचाई दिनु भो निकै ॥
यसैले उनको नाम प्राणद सँझनु सधैं ॥ ६५३ ॥

(६५७) प्रणवः

ओंकार नै प्रणव हो परमात्मा बुझाउँछन ॥
ओंकारका साथ भिन्न नभै प्रणव ईश छन् ॥ ६५४ ॥

(६५८) पणः

स्तुति गरिइन्छ जुन चाँहिदो यो प्रपञ्चमा ॥
उपयोग गरिवक्सी पण छन् हरि नाममा ॥ ६५५ ॥

(६५९) प्रमाणम्

प्रज्ञानं ब्रह्म श्रुतिले भन्नु भो ज्ञान रूप ली ।।
उनै हरिको नाम छ यो प्रमाण सँझु ध्यान दी ।।६५६।।

(६६०) प्राणनिलयः

प्राण यो जीव हो खास लीन हुन्दछ ईशमा ।।
प्राण निलय हो नाम खिची यो जीव आफुमा । ६५७ ।।

(६६१) प्राणभृत्

अन्नको रूपले प्राणहरूको गरि पोषण ।।
प्राणभृत् हरि हूं भन्छौं प्राणको गरि धारण।। ६५८ ।।

(६६२) प्राण जीवनः

प्राण अपान युक्तिले प्राणीलाई बचाउन ।।
प्राण जीवन यो भन्ने हुँ उनै मनु सम्झन ।। ६५९ ।।

(६६३) तत्वम्

तत्त्व अर्थात् सत्य आदि ब्रह्मलाई बुझाउँछन् ॥
ब्रह्म स्वरूप भगवान् तत्त्व भन्ने प्रसिद्ध छन् ।। ६६० ।।

(६६४ तत्त्वविद्

तत्त्व स्वरूप जस्ताको तस्तो जान्नै भइकन ।।
तत्त्वविद् प्रभुको नाम संझनु दिल दिकन ।। ६६१ ॥

(६६५) एकात्मा

भगवान् मुख्य नै एक आत्माको रूप खास हो ॥
यसैले हरिको नाम एकात्मा यो प्रसिद्ध हो ॥ ६६२ ।।

(६६६) जन्ममृत्यु जरातिगः

जन्मनु रहनु बढ्नु बद्लनु घट्नु नाश हुन ॥
नभै विकार ईश्वर हुँ जन्ममृत्यु जरातिग ॥ ६६३ ॥

(६६७) भूर्भुवः स्वस्तरुः

भूर्भुव स्वोव्या हृतिका सार वेद वताउँछन ॥
यिनै द्वारा लोक तर्दा नाम भूर्भुव स्वस्तरु ॥ ६६४ ॥

(६६८) तार

संसार समुद्र देखि तारने तार नाम हुन ॥ ६६५ ॥
उनै हुं तार प्रणव सेवा यस्को सधै गरुन् ॥

(६६९) सविता

सकल लोकका पैदा गर्नाले भगवानको ॥
सविता यो कहेको छ सम्झनु हरि नामको ॥ ६६६ ॥

(६७०) प्रपितामह

वाज्ये ब्रह्माजी उनै हुँ यी हामी सब नातिका ॥
ब्रह्माजीका हरि पिता प्रपितामह नामका ॥ ६६७ ॥

(६७१) यज्ञ

अश्वमेध राजसूय यी आदि सब यज्ञमा ॥
यज्ञको रूप भगवान् सम्झनुयज्ञ नाममा ॥ ६६८ ॥

(६७२) यज्ञपति

यज्ञका पालना गर्ने स्वामी भै सब यज्ञको ॥
यज्ञपति ईश्वर हुँ गीताको यो भनाईं हो ॥ ६६९ ॥

(९७३) यज्वा

अनेक यज्ञ आदिमा यजमान स्वरुप भै ।
यज्वा पनि भगवान्को सम्झनु नाम यो सधैं ॥ ६७० ॥

(६७४) यज्ञाङ्गः

यज्ञमा चाहिने वेद आदि यी सव अङ्ग हुन् ॥
वराह मूर्त्ति यज्ञाङ्ग हरिवंश वताउँछन् ॥ ६७१ ॥

(६७५) यज्ञवाहन

फळदिने कारणका यज्ञका भार सब्लिई ॥
यज्ञ बाहन यो नाम राखनु दिलमा लिई ॥ ६७२ ॥

(६७६) यज्ञभृत्

यज्ञको धारणा गरी पालपोषण गर्नमा ॥
रहिबक्सिन्द छ हरि यज्ञभृत् भनि नाममा ॥ ६७३ ॥

(६७७) यज्ञकृत्

जगत्को शुरू हुँदा अथवा अन्तकालमा ॥
यज्ञ गरि बक्सिई हुन यज्ञकृत् हरि नाममा ॥ ६७४ ॥

(६७८) यज्ञी

यज्ञको स्वरूप भई यज्ञको शेषकालमा ॥
यज्ञ पूरा गरिवक्सि यज्ञी हो हरि नाममा ॥ ६७५ ॥

(६७९) यज्ञभुक्

यज्ञमा आहुति खान यज्ञको गर्न रक्षण ॥
यज्ञभुक् नारायणको नाम गर्नु विचारण ॥ ६७६ ॥

(९८०) यज्ञसाधन

हरि भेट्टाइने एक यज्ञ सामान खास हो ॥
भनूँ नाम ईश्वरको यज्ञ साधन नाम हो ॥ ९७७ ॥

(९८१) यज्ञान्तकृत्

यज्ञको फलको प्राप्ति दिइबक्सिन्छ ईश्वर ॥
यज्ञान्तकृत्त विष्णु नाम सम्झनु पर्छ सत्वर ॥ ९७८ ॥

(९८२) गुह्ययज्ञ

यज्ञमा ज्ञान यज्ञ नहुने फल कामना ॥
तीहुँ हरि यज्ञ गुह्यं अभिन्न ब्रह्म नाममा ॥ ९७९ ॥

(९८३) अन्नम्

भूतले खाइने जो छ खान्छ भूतहरू कन ॥
उनै हरि अन्न रूप हूँ अन्नं नाम लिकन ॥ ९८० ॥

(९८४) अन्नाद

अवतार लिई अन्न गरिबक्सिन्छ भोजन ॥
प्रभुको गर्दछौं नित्य अन्नाद हरि सम्झन ॥ ९८१ ॥

(९८५) आत्मयोनि

आत्म ईश्वरको योनि हो उपादान कारण ॥
जगदीश्वरको नाम आत्म योनि छ धारण ॥ ९८२ ॥

(९८६) स्वयंजात

निमित्त र उपादान कारण सब विश्वको ॥
ब्रह्म वस्तु खास स्वयम् जात भै हरि नाम हो ॥ ९८३ ॥

(६८७) वैखानः

वराहको रूप लिई खूब पृथ्वी खुदिकन ॥
वैखान हरिको नाम सम्झनु दिलदिकन ॥ ६८४ ॥

(६८८) सामगायन

मन पराई गानाको साम गान गरिकन ॥
हरिको नाम हो नित्य सम्झे यो सामगायन ॥ ६८५ ॥

(६८९) देवकीनन्दन

देवकी पुत्र नै हूँ ज्योतिः शुक्रादि रूप ली ॥
महा भारतमा भन्छन् देवकीनन्दनो हरि ॥ ६८६ ॥

(६९०) स्रष्टा

यही चौधौं भुवनको बनाई पछि ईश्वर ॥
प्रभुको नाम स्रष्टा यो सम्झनु पर्छ सत्त्व र ॥ ६८७ ॥

(६९१) क्षितीश

रामावतारमा पृथ्वीका भई हरि मालिक ॥
राजाको हैसियतमा क्षितीश नाम यो अब ॥ ६९७ ॥

(६९२) पापनाशन

प्राणायाम हजारौंले हुने जो पापनाशन ॥
सम्झे हुन्छ नाश सकल हरि हुँ पापनाशन ॥ ६८६ ॥

(९९३) शङ्खभृद्

भूतादि र अहंरुप वाहुलीमा लि बक्सने ॥
पाञ्चजन्य नाम शङ्ख शङ्खभृत् नाम सम्झने ॥ ९९० ॥

(९९४) नन्दकी

नन्दक विद्यामयको हरिको साथ खड्ग छ ॥
नन्दकी हरिको नाम सम्झनु नित्य श्रेय छ ॥ ९९१ ॥

(९९५) चक्री

संसार चक्र उनको आज्ञाले चलने सब ॥
चक्री यो प्रभुको नाम सम्झनु दिलदी अब ॥ ९९२ ॥

(९९६) शार्ङ्गधन्वा

अहङ्कार रूप सिङ्को धनुछ एक हातमा ॥
शार्ङ्गधन्वा हरिको छ नाम सँझनु चित्तमा ॥ ९९३ ॥

(९९७) गदाधर

बुद्धितत्त्व रूपको त्य गदा कौमोदकी लिई ॥
हरिले एक वाहुमा गदाधर स्वयम् हरि ॥ ९९४ ॥

(९९८) रथाङ्गपाणि

भगवान्को हातमा छन रथको अङ्ग चक्र त्यो ॥
रथाङ्गपाणि हरिको नाम सम्झनु बेस हो ॥ ९९५ ॥

(९९९) अक्षोभ्य

खुल्बुल्याउन अस्त्रैले नशस्त्रैले सकिन्छन ॥
अक्षोभ्य हरिको नाम उनैको गर्नु चिन्तन ॥ ९९६ ॥

(१०००) सर्व प्रहरणा युद्धः

भगवान्को यत्ति नै छ भन्ने नियम यो न छ ॥
प्रहार हरिकै नाम सर्व प्रहरणाऽऽयुध ॥ ९९७ ॥

(दशम शतक)

समाप्तम्

महात्म्यः—

यी महात्मा केशवको हजारौ दिव्य नामका ॥
पृथक् पृथक् अर्थ लेखी संक्षिप्त गरिएनिका ॥९९८॥

जो यो सुनाउला सुन्ला कुनै दुःख नभोगनु ॥
त्यल्ले पर्दैन यस्जन्म परलोक छ सुधिनु ॥९९९॥

ब्राह्मण वेद जान्ने छन् क्षत्री विजय पाउलान् ॥
हुने छन् धनवान् वैश्य शूद्र भै सुख पाउलान्॥ १००० ॥

धर्म इच्छा गरे धर्म चाहा भै अर्थ पाउलान् ॥
काम सन्तानको पाउँ भन्ने भै सब पाउलान् ॥ १००१ ॥

जो विहान उठी नित्य भई शुद्ध र भक्तिले ॥
विष्णु सहस्र यो नाम पाठ गर्नेछ प्रेमले ॥ १००२ ॥

कीर्ति पाई नायक भै लक्ष्मी स्थिर भइकन ॥
ठूलो हुनेछ त्यो मर्त्य श्रीमान् वेजोड भैकन ॥ ३००३ ॥

मड़राउन्दछ कैल्हे तेजिलो हुन्छ सब्दिन ॥
तवियत ठिक हुन्छ फूर्त्तिलो शूरभैकन ॥१००४॥

रोगी भए रोग हट्छ फुक्छ वन्धनमा सधैं ॥
डर हट्तछ आपत्ति परेमा छुट्छ त्यो सधैं ॥ १००५ ॥

सहस्र नामले नारायणको स्तुति यी सब ॥
गरेमा दुःखबाट पारहुन्छ स भक्तिक ॥ १००६ ॥
वासुदेव आश्रय ली सर्वपाप विशुद्ध भै ॥
पाउने छ ब्रह्मलिन आसक्त बिष्णुमा भई ॥ १००७ ॥

वासुदेव भक्तलाई अभञो जन्म मर्नुको ॥
बूढ्याईको हुन्न डर अति सकल व्याधिको ॥ १००८ ॥

श्रद्धाले यो स्तोत्र पाठ गर्छो जो भक्ति पूर्वक ॥
हुनेछ आत्म आनन्द क्षमा लक्ष्मी यी आदिक ॥ १००९ ॥

भगवान्को भक्तलाई गुणमा दोष् लगाउनु ॥
लोभ रीस अशुभमा बुद्धि हुन्न यो जाननु ॥ १०१० ॥

चन्द्रमा सूर्य नक्षत्र साथ स्वर्ग दिसा नभ ॥
गर्छन् समुद्र पृथिवी हरिको वीर्य धारण ॥ १०११ ॥

देवता दैत्य गन्धर्व यक्ष सर्प र राक्षस ॥
यिनै साथ यो जगत छन् उनै नै कृष्णका वश ॥ १०१२ ॥

इन्द्रिय मन बुद्धि सत्त्व तेज वलधृति ॥
श्री कृष्णका रूप यी हुँ आत्मा र देह संस्थित ॥ १०१३ ॥

सकल शास्त्रमा पैल्हे भयो आचार कल्पित ॥
आचारले धर्म हुन्छ धर्मको प्रभु रच्युत ॥ १०१४ ॥

महाभूत देवहरू ऋषिपितृ चराचर ॥
यो जगत् विष्णु देखि पैदा हुन्छ सरासर ॥ १०१५ ॥

योग ज्ञान साँख्य आदि विद्या शिल्पादि कर्म हुन् ॥
वेदशास्त्र र विज्ञान उत्पन्न बिष्णु देखिन्छन् ॥ १०१६ ॥

महाँ स्वरूप विष्णुले अविनाशी स्वरूपको ॥
भोगेर विश्वमा छुट्टा ढाक्नु भो तीन लोकको ॥ १०१७ ॥

जल्लाई कल्याण सुख पाउनाको भए मन ॥
उनले व्यासले भन्नु भएको पढ्नु तन्मन ॥ १०१८ ॥

हरि हुनुहुन्छ भवको उत्पत्ति लय स्थान जुन: ॥
भजनाले उनीलाई पर्दैन दु:ख भोग मन् ॥ १०१९ ॥

इति

श्री विष्णु सहस्रनाम स्तोत्रम्

पुर्खाहरूले धारण गरी राखेको आफूले पनि धारण गर्दै रहनु पर्ने धार्मिक क्रिया यथा शक्य गरी रहने मेरो पिता पुरोहित ज्योतिषी पण्डित वंश प्रसाद भट्टराई मेरो आमा कोमल लक्ष्मी भट्टराइनीको पाउमा रहँदा पाएको यथार्थ ज्ञानले लेखेको ।

जनकस्य महागुरोर्जनन्न्या: ॥
कृत सेवा सुकृतक्रिया श्रीविष्णो:
र्ननुवीक्ष्य पद प्रपन्न भाज: ॥
प्रतिपत्तेर्नु कृति: समार्पितेयम् ॥१॥

"त्वदीयं वस्तु गोविन्द ? तुभ्यमेव समर्पितम्"

भन्ने यो चरितार्थ गर्दै

हरिमा निवेदना

तववस्तु समर्पयामि तुभ्यं ॥
हरिभक्तस्य सद्दत्त लेखभक्तिं ॥१॥
जुषमाण उद्दाहरामिलेखं ॥
हरयेऽहं सुनिवेदये सभक्तिम् ॥ २ ॥

लेखकस्यः—
कविराज हेमन्तराम शर्मणो भट्टराइकस्य,

श्री विष्णु सहस्रनाम स्तोत्रम् समासार्थ सहितं समाप्तम्

विद्वज्जनानभ्यर्थना

व्यलेखि सदसद्धिया बुधतयेत्य बोधत्वतः ।
यथामति हरेः पदाऽऽश्रिततया भृत श्रद्धया ॥
विविच्य सदसद्विदा किल बदन्तु यद्दूषणम् ।
बिहाय मतिमत्सरम् बुधजना दयाराशयः ॥ ३ ॥

विद्वज्जनानु चरस्य हेमन्तराम शर्मणः

स्वीयेनैव निरुध्य स्वर्गतिमहो नेदीयसीमात्मनः ।
प्राङ्परामासत एव धर्म्म्य कृतिभिराश्वासितापुत्रका ॥
आसन्ने समये समाहितमना रामन्त्र्यमित्राग्रयथो ।
सःकाशीम भजत् विमुच्यसकलां सांसारिकीं वासनाम् ॥१॥
पुत्रादीननुशास्य नैक बचनैः सामञ्जसैर्मञ्जुलैः ।
स्थित्वाषड्दिवसानुमा चरणयो राधाय चेतःस्फुत्र म् ॥
चैतन्याऽऽस्पद वोथिकामनुसरं मन्त्रं जपँ स्तारकम् ।
आश्चर्यणजहौव पुर्निजमसौ वंश प्रसादःसुधीः ॥२॥
यस्य व्याकरणे यशोऽप्रतिहतं तन्त्रे पुराणेऽखिले ।
योजाना द्विविधं सिराविषयक षट्चक्र तन्त्राऽऽखिलं ॥
ख्यातिर्यस्यच वैद्यके फलवति किंस्विन्न वा व्याप्नुयात ।
नेपाल निखिलं सएव विधनायातः क्ववा साम्प्रतम् ॥ ३ ॥
यातेसप्रतिपार लौकिक पथा द्विष्णोःपदं शाश्वतं ।
तस्मिन्कृत्य परायणेपित रिनो दुर्दैव वाञ्छा वशात् ॥
लोकोऽय विकलो विशालजनतो नक्साल देशस्त्व हो ॥
ननशून्य इवाऽस्तितेन रहितो विद्वद्वरेणाऽधुना ॥ ४ ॥
किंकुर्मो वयमद्य तस्यविषये शोकेनवा साम्प्रतं ।
प्रोद्यद्बाष्पकलाऽऽकुलास्तुर भसाद्याचा महेमाधवम ॥
देव ? त्वत्कृपया कयापि सभजेत्त्वैविक्रमाम्भोरुह ।
व्यावल्गत्सुर निम्नगाल हरिका नीरांजिताघ्रि पदम् ॥ ५॥
प्रार्थयितारस्त्रयःपुत्राः स्वर्गीव माष्टर गोपाल प्रसाद भट्टराई,
कविराज हेमन्तराम भट्टराई
का.मु.सु. दुर्गाराम भट्टराई नामधेयाः

DATE DUE

...विद्यापीठपुस्तकाल...

४८६६

AUTHOR भट्टराई, हेमन्तराम

TITLE विष्णुसहस्रनाम

४८६६

सरस्वती नः सुभगा मयस्करत्

महेन्द्र संस्कृत विश्वविद्यालय

MAHENDRA SANSKRIT UNIVERSITY 1986 A.D.

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

मुद्रकः— श्री अन्नपूर्णा प्रेस, असन ।